'स्वच्छ, सुखी र समुन्नत प्रदेश'

प्रदेश सरकार

# मध्यावधि समीक्षा

(२०७४/७५ - २०७६/७७)

प्रदेश नं. १, विराटनगर, नेपाल










प्रदेश योजना आयोग
विराटनगर, नेपाल

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

# मध्यावधि समीक्षा

## (आ.व. २०७४/७५–२०७६/७७)

प्रदेश सरकार
**प्रदेश योजना आयोग**
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**
प्रदेश नं. १
विराटनगर, नेपाल

मध्यावधि समीक्षा (आ.व. २०७४/७५–२०७६/७७)

प्रतिलिपि अधिकार © प्रदेश योजना आयोग, प्रदेश नं. १
आश्विन, २०७७

*प्रकाशक*
प्रदेश सरकार
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल
टेलिफोन नं. ०२१–४७०३७६
ई–मेल ppc.prov1@gmail.com
http://ppc.p1.gov.np/

प्रदेश नं. १, विराटनगर

मुख्यमन्त्री

# भूमिका

२०७४ साल फागुन ३ गते प्रदेश नं. १ मा मेरो नेतृत्वको सरकारले जनताको नाममा शपथ लिइरहँदा मेरो मस्तिष्कमा दुईवटा मात्र कुरा खेलिरहेका थिए । एकातिर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ राजनीतिक प्रणाली सहितको परिवेशमा जनताले हामीसँग गरेका असीमित आशा, अपेक्षा र हाम्रो आफ्नै राजनीतिक प्रतिबद्धताले गह्रुङ्गो बनाइरहेको थियो भने अर्कोतिर हाम्रो यात्रा जीरो किलोमिटरबाट सुरु हुँदै थियो जहाँ न त प्रदेश सरकारसँग बस्न, काम गर्नका लागि भौतिक संरचना थियो, न त हिंड्नको लागि बाटो नै थियो, न त अघि बढ्नको लागि कानुनी संरचना नै थियो । यसरी शून्य बिन्दुबाट यात्रा प्रारम्भ गर्नु, पाइला चाल्नु पक्कै पनि सजिलो थिएन । जुन कुराको यथार्थबोध यति बेला पनि म र मेरो सम्पूर्ण टीम लगायत सबैले ताजा स्मरण गरिरहेको छ ।

नेपालको संविधान, २०७२ ले प्रदान गरेका प्रावधानलाई हामीले मूल मार्ग निर्देशनका रूपमा र जनतासँग हामीले गरेका वाचा र प्रतिबद्धतालाई उत्प्रेरणाको मुख्य स्रोतका रूपमा हृदयङ्गम गर्दै **“समृद्ध नेपाल, सुखी नेपाली”** को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात् गऱ्यौं र **“स्वच्छ, सुखी र समुन्नत प्रदेश”** को प्रादेशिक लक्ष्य हासिल गर्ने उद्घोष गरेर हामीले हाम्रो यात्रा प्रारम्भ गरेका थियौं । हामीले यस बीचमा कानुनी संरचना अन्तर्गत अत्यावश्यक कानुन ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिको तर्जुमा गऱ्यौं । यसलाई महत्त्वपूर्ण उपलब्धिको रूपमा लिनु पर्दछ । अस्थायी रूपमा भए पनि भौतिक र प्रशासनिक संरचना, दरबन्दी र मानव स्रोत व्यवस्थापनको काम गरिएको छ । यस कार्यमा अझै पनि पूर्णता दिन बाँकी नै छ । उपरोक्त अनिवार्य र अत्यावश्यक कार्यमा समय खर्च गर्नु परेको कारण अपेक्षाकृत विकास निर्माणका कार्य अघि बढाउन निश्चय नै केही विलम्ब हुन गएको छ ।

अहिले यस प्रदेशको सरकारले आफ्नो पाँच वर्षे कार्यकालको आधा अवधि अर्थात् मध्यावधि पूरा गरेको छ । यस अवधिमा प्रदेश सरकारद्वारा सम्पादित कार्य तथा उपलब्धिलाई जनता समक्ष प्रस्टसँग राख्नु पर्दछ भन्ने मान्यताका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको योजना र निर्देशन बमोजिम प्रदेश योजना आयोगले यो मध्यावधि प्रगति समीक्षाको पुस्तिका तयार गरेको छ । यस भित्रका कुरालाई छोटो, स्पष्ट र मीठो रूपमा बुझ्न सकियोस् भनेर ‘सूचनाचित्र’ को पकेटबुक पनि प्रकाशनमा ल्याइएको छ ।

सङ्घीय राजनीतिक प्रणाली अन्तर्गत यस प्रदेशको पहिलो सरकारको पहिलो आधा अवधिमा गरिएका कार्य प्रगतिलाई मूलतः दुई आधारमा मूल्याङ्कन गरिएको छ - पहिलो परिमाणात्मक, जसले वित्तीय र भौतिक प्रगति देखाउँछ र दोस्रो गुणात्मक, जसले विभिन्न गुणात्मक क्षेत्रमा हाम्रा कार्यक्रम र कार्यको सम्बन्ध र प्रभावको सङ्केत गर्दछ । यी सबै प्रगतिलाई सूचकका माध्यमबाट प्रतिबिम्बित गरिएको छ । यस पुस्तिकाबाट सबै सूचकको अवगत हुने नै छ ।

जे होस् हामीले मध्यावधि समीक्षा गर्दै गर्दा यो उल्लेख गर्न म अनिवार्य ठान्दछु कि धेरै असहज, चुनौती र अभावका बीच पहिलो पल्ट नयाँ प्रणाली अङ्गालेर नयाँ प्रयोग, नयाँ अनुभव, नयाँ अभ्यासको शून्य विन्दुबाट कार्य थालनी गरेर यो मध्यावधि पुरा गर्दा दरिलो वर्तमानको आधार, सुन्दर, चम्किलो र आशा लाग्दो भविष्यको फराकिलो राजमार्ग तयार भएको छ । अझ कसैले कल्पना नगरेको नसोचेको कोभिड-१९ जस्तो डरलाग्दो महामारीको सामना गर्नुपर्दा, सिङ्गो मानव समाजलाई नै तहसनहस पारिरहेको विषम र कठिन परिस्थितिमा पनि हामीले जुन सफलता र उपलब्धि

हासिल गरेका छौं, यो धेरै महत्त्वपूर्ण र हाम्रा लागी बिलकुल नयाँ शिक्षा हो । यस कारण कि हामीले यदि कुनै बहाना बाजी नगरी, हात बाँधेर नबसी काम गर्ने हो भने जस्तोसुकै चुनौती, कष्ट र परिस्थिति वा यस्ता डरलाग्दा महामारीका बीच पनि काम गर्न सकिने रहेछ, उपलब्धि र सफलता हासिल गर्न सकिने रहेछ भन्ने सत्य र तथ्य स्थापित भएको छ । यसरी यस्तो महामारीको घडीमा पनि हामीले जनमानसमा निराशा होइन आशाको रक्त सञ्चार गर्न सफल भएका छौं र आगामी वर्षमा अलिकति मात्र पनि अनुकूल परिस्थिति बन्नासाथ हामी विकास र समृद्धिको वर्तमान गतिलाई धेरै गुणाले गुणात्मक फड्को मार्ने छौं । हामीले महत्त्वाकाङ्क्षी भएर विकास निर्माणका काम सुरु गरेका छौं । तर हामी स्रोतको असाध्य सीमितता र चापको चपेटामा पनि छौं त्यसमा पनि बजेटको ठूलो हिस्सा कोभिड-१९ मा केन्द्रित गर्नुपर्ने बाध्यताका बीचमा छौं तर जे होस् हामी विश्वस्त छौं, हामीले लिएको बाटो र अपनाएका विधि तथ्यसङ्गत छन्, अग्रगामी छन् तथा लक्ष्य प्रति निर्दिष्ट छन् । यसका साथै, मेरो नेतृत्वमा प्रदेश सरकारले लिएका योजना र नीति प्रति सबै सरोकारवाला मन्त्रालय एवम् निकायद्वारा प्रदर्शित कडा परिश्रम, लगनशीलता, समर्पण र लक्ष्य प्रतिको एकाग्रभाव अझ महत्त्वपूर्ण रहेको मैले महसुस गरेको छु ।

समग्रमा भन्दा संविधान र सङ्घीयता कार्यान्वयनमा महत्त्वपूर्ण सफलता र उपलब्धि यस अवधिमा हासिल भएका छन् । जनतामा सङ्घीयता र यसको आवश्यकता र औचित्यका बारे हाम्रा काम, प्राप्त परिणाम र उपलब्धिबाट पुष्टि भएको छ । जनतामा नवीन आशा र विश्वासको बलियो आधार खडा भएको छ । यसरी हाम्रो आधा कार्यकाल महत्त्वपूर्ण उपलब्धिका साथ सन्तोषजनक रूपमा बितेको छ । बाँकी अवधिलाई थप सार्थक, उपलब्धिमूलक र परिणाममुखी बनाउन हाम्रो सम्पूर्ण समय, ध्यान दृष्टि केन्द्रित हुने विश्वास दिलाउन चाहन्छु । यसका लागि आलोचना, समालोचना, सुझाव सहित आवश्यक पृष्ठ-पोषणको मैले निरन्तर अपेक्षा गरेको छु, जसबाट स्वच्छ, सुखी र समुन्नत प्रदेशको हाम्रो साझा प्रादेशिक आकाङ्क्षामा यहाँको विशेष योगदान मिसिने छ भन्ने मैले ठानेको छु ।

मध्यावधि प्रगति समीक्षाको यस पुस्तिका प्रकाशन भइरहेको यस महत्त्वपूर्ण घडीमा प्रदेश सरकारका सारथि सम्पूर्ण मेरा सहकर्मीहरू, सबै राजनीतिक दलहरू, उच्च निकायका प्रमुखहरू, प्रमुख सचिव, सचिवहरू, आयोजना प्रमुखहरू, वरिष्ठ अधिकृतहरू, जिल्लास्थित कार्यालय प्रमुखहरू लगायत प्रदेशका सबै राष्ट्रसेवक कर्मचारीहरूलाई “स्वच्छ, सुखी र समुन्नत प्रदेश” को प्रादेशिक अभियानलाई अगाडि बढाउन गर्नुभएको योगदानका लागि धन्यवाद भन्न चाहन्छु र यस्तै सद्भाव, सहयोग र सहकार्यको निरन्तर अपेक्षा गर्दछु।

यो पुस्तिका प्रकाशन तयार गर्नमा महत्त्वपूर्ण योगदान गर्नुहुने प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष एवम् सदस्यद्वयमा हार्दिक धन्यवाद सहित प्रशंसा गर्न चाहन्छु । त्यसैगरी यस मध्यावधि समीक्षाको प्रकाशनसँग सम्बन्धित आयोगका सचिव, राष्ट्रसेवक कर्मचारीहरूलाई पनि धन्यवाद भन्न चाहन्छु ।

**शेरधन राई**
**मुख्यमन्त्री**
**एवम् अध्यक्ष, प्रदेश योजना आयोग**

२०७७, आश्विन

प्रदेश योजना आयोग, प्रदेश नं. १

उपाध्यक्ष

# मन्तव्य

प्रदेश नं. १ सरकारले आफ्नो मध्यावधि समीक्षा गर्ने निर्णय गरे अनुसार यो समीक्षात्मक दस्तावेज प्रस्तुत गर्न पाउँदा प्रदेश योजना आयोग, माननीय मुख्यमन्त्री तथा सरकार प्रति अनुगृहीत छ । साह्रै थोरै समय प्राप्त भएको र तथ्याङ्कीय संरचनाको वैज्ञानिक अभिलेख प्रणाली बनी नसकेकोले बजेट विन्यास र प्रयोगको मूल आधारमा यो समीक्षा तयार गरिएको छ । प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) ले लिएको लक्ष्यका आधारमा वार्षिक बजेट मार्फत गरिएको स्रोतको वितरण र वितरित स्रोतको उपयोगलाई नै मुख्य आधार मानिएको छ । आवधिक योजनाले निर्दिष्ट गरेको प्रदेश विकासको सोच **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** अन्तर्गत स्वच्छताका ४; स्वस्थ र सन्तुलित पर्यावरण, आधारभूत सरसफाइ, नवीकरणीय ऊर्जा र जैविक कृषि, सुखका ४; परिष्कृत तथा मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, सुशासन र जीवनस्तर, समुन्नतिका ४; उच्च र समतामूलक आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धता र उच्च र दिगो उत्पादन र उत्पादकत्व गरी १२ आधार स्तम्भ रहेका छन् । प्रदेश विकासको सोचको मध्यमा सुख परेको छ किनकी स्वच्छता र समुन्नतिको लक्ष्य जनतामा सुखको अनुभूति दिन सक्नु रहेको छ। राष्ट्रिय योजना र त्यसले सम्मिलन गरेको दिगो विकास लक्ष्य अनुरूप प्रादेशिक विकास योजना बनेको र तदनुरूप हरेक वर्षको नीति तथा कार्यक्रम जारी हुने गरेको तथ्य सर्वविदितै छ ।

कोभिड-१९ महामारीले विकास प्रतिको सम्पूर्ण आयाममा आमूल परिवर्तन ल्याइदिएको छ । प्रकृति र पर्यावरणसँगको अन्तरघुलन र आत्मनिर्भर सामाजिक उद्यम अहिलेको बौद्धिक बहसको केन्द्र भागमा छ। जतिसुकै नियम प्रक्रियामा बाँधिन खोजे पनि आखिरमा भर गर्नुपर्ने भनेको व्यक्तिको विवेकमै रहेछ । मानिस व्यवहारबाट सिक्ने, चुनौतीसँग रमाउने र निरन्तर नयाँपनको खोजीमा तल्लीन रहने प्राणी हो । प्रकृतिका सबै प्रकारका बाधा र चुनौतीसँग समन्वय र सङ्घर्ष गर्दै हुर्किएको सभ्यताको नाम मानव सभ्यता हो । यसले आगोदेखि भूगर्भ सम्मलाई र वनस्पति देखि वन्यजन्तु सम्मलाई घरेलु मित्र बनायो।

अहिले अन्तरराष्ट्रिय संस्थाहरू अनुसन्धान र अनुगमन, नतिजा र मूल्याङ्कन तथा जबाफदेहीता र शिक्षालाई आधार मानेर विकास योजनामा निरन्तर परिमार्जन गर्नुपर्ने रहेछ भन्ने निष्कर्षमा पुगेका छन्। हामीले नतिजा, नव-प्रवर्तन र सुशासनलाई एकीकृत रूपमा आवधिक योजना मार्फत आत्मसात् गरेका छौं ।

आगामी दिनमा थप सिर्जनशीलता पूर्वक प्रदेशको विकास अभियान सञ्चालन गर्न यो समीक्षा सहयोगी हुने अपेक्षा प्रदेश योजना आयोगले राखेको छ । यसको तयारीमा आयोगका सदस्य तथा कर्मचारीको मेहनत अतुलनीय रहेको छ । मन्त्रालय तथा निकायहरूको सहयोग प्रशंसनीय रह्यो । सबैलाई हार्दिक धन्यवाद सहित आगामी दिनमा सुधारका लागि समालोचनात्मक टिप्पणीको अपेक्षा राखेको छु ।

आश्विन, २०७७

सुबोधराज प्याकुरेल

# विषयसूची


**परिच्छेद एक: समष्टिगत मूल्याङ्कन ____ १**

१.१ कानुनी व्यवस्था १
१.२ मात्रात्मक विश्लेषण (QUANTITATIVE ANALYSIS) १
१.३ गुणात्मक विश्लेषण (QUALITATIVE ANALYSIS) ९
१.४ समग्र विकास तथा प्रगति मापन (EDMI) १४
१.५ कोभिड–१९ का असर/प्रभाव तथा निरूपण २३
१.६ अर्थ–राजनीतिक अवस्था २८
१.७ प्रदेश आयोजना बैङ्कमा रारून प्रस्तावित मुरव्य–मुरव्य आयोजना ३०
१.८ आगामी अवधिको कार्ययोजना ३३
१.९ आगामी अवधिको क्षेत्रगत कार्य योजना ३५
१.१० क्षेत्रगत मुरव्य समस्या तथा चुनौती ३६
१.११ समष्टिगत सुधारका क्षेत्र ३९
१.१२ निष्कर्ष ४१

**परिच्छेद दुई: मूल्याङ्कनका आधार तथा सीमा ____ ४३**

२.१ अध्ययन विधि तथा आधार ४३
२.२ परियोजना विश्लेषणका आधार ४३
२.३ सूचक तथा साङ्केतीकरणका आधार ४४
२.४ अध्ययन ढाँचा (STUDY FRAMEWORK) ४५
२.५ प्रतिवेदनको प्रारूप ४६
२.६ सीमा ४६

**परिच्छेद तीन: मध्यावधि समीक्षा ____ ४८**

३.१ प्रदेश सभा सचिवालय ४८
३.२ प्रदेश लोक सेवा आयोग ५१
३.३ मुरव्य न्यायाधिवक्ताको कार्यालय ५४
३.४ मुरव्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ५७
३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय ६२
३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ६६
३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ७२
३.८ आन्तरिक मामिला तथा कानुन मन्त्रालय ८०
३.९ भौतिक पूर्वाधार विकास मन्त्रालय ८६
३.१० सामाजिक विकास मन्त्रालय ९३
३.११ प्रदेश योजना आयोग १०५
३.१२ प्रदेश लेरवा नियन्त्रक कार्यालय १०९


**मन्त्रालय/निकाय PLMBIS को क्रम अनुसार सूचीकृत गरिएको*

# परिच्छेद एकः समष्टिगत मूल्याङ्कन

## १.१ कानुनी व्यवस्था

प्रदेश सरकार तथा सम्बद्ध निकायको कार्यक्षेत्रलाई सुव्यवस्थित गर्नको निमित्त हाल सम्म ४९ वटा (५ वटा संशोधन) ऐन र २२ वटा नियमावली तयार भई राजपत्रमा प्रकाशन भएको छ । मन्त्रिपरिषदबाट १० निर्देशिका र २८ कार्यविधि समेत पारित भएका छन् । मन्त्रालय सम्बद्ध ऐन तथा कानुनको विस्तृत विवरण सम्बन्धित मन्त्रालय तथा निकायको परिच्छेदमा उल्लेख छ । प्रदेश सरकारको दक्षतापूर्वक सञ्चालन व्यवस्थापनको लागि करिब १०० ऐन कानुन आवश्यक पर्ने कानुनविदको धारणालाई मध्यनजर गर्दा ऐन कानुनको तर्जुमालाई उल्लेखनीय प्रगतिको रूपमा लिन सकिन्छ ।

## १.२ मात्रात्मक विश्लेषण (Quantitative Analysis)

### *१.२.१ राष्ट्रिय अर्थतन्त्रको विश्लेषण*

राष्ट्रको कुल गार्हस्थ्य उत्पादनलाई १५ क्षेत्रमा वर्गीकरण गरी योगदानको मूल्याङ्कन गर्ने परिपाटी रहेको छ जसमध्ये कृषि तथा वन र व्यक्तिगत तथा सामुदायिक गतिविधि गरी २ क्षेत्रमा क्रमशः २१.५० प्रतिशत र १८.९२ प्रतिशत रही प्रदेश नं. १ को योगदान सबै प्रदेशभन्दा उच्च रहेको छ । औद्योगिक उत्पादन; स्वास्थ्य तथा सामाजिक कार्य; विद्युत, जलस्रोत र ग्याँस; निर्माण क्षेत्र; घर-जग्गा, बहाल तथा अन्य व्यापारिक गतिविधिमा प्रदेश नं. १ को स्थान बागमती प्रदेश पछिको उच्च रहेको छ । साथै कुल गार्हस्थ्य उत्पादनमा पनि प्रदेश नं. १ को योगदान बागमती प्रदेशपछिको उच्च १५.८२ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कको विस्तृत विवरण तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका १.१: राष्ट्रको कुल गार्हस्थ्य उत्पादन (GDP) मा प्रदेशको योगदान (२०७६/७७)*

| सि.नं. | औद्योगिक वर्गीकरण | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा वन | **२१.५०** | १९.३० | १७.१० | ९.८० | १७.३० | ५.३० | ९.७० |
| २ | व्यक्तिगत तथा सामुदायिक गतिविधि | **१८.९२** | १३.४६ | १८.४३ | १२.४३ | १५.२० | ८.९४ | १२.६४ |
| ३ | औद्योगिक-उत्पादन | **२१.९९** | १४.६१ | ३५.२० | ५.३४ | १६.२६ | ०.७३ | ५.८८ |
| ४ | स्वास्थ्य तथा सामाजिक कार्य | **१७.१९** | १२.५४ | २५.७४ | ११.४६ | १६.८० | ६.७५ | ९.५२ |
| ५ | विद्युत, जलस्रोत, ग्याँस | **२६.५६** | ६.१३ | २९.८४ | २३.२५ | ७.७६ | २.०९ | ४.३७ |

| सि.नं. | औद्योगिक वर्गीकरण | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| ६ | निर्माण क्षेत्र | **१८.३४** | ९.९३ | २५.४५ | १३.५२ | १७.४७ | ५.७२ | ९.५८ |
| ७ | घर-जग्गा, बहाल तथा अन्य व्यापारिक गतिविधि | **९.३९** | ६.३१ | ६३.७३ | ५.८६ | ८.३५ | २.८९ | ३.४८ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | | **१५.८२** | **१३.७८** | **३५.८४** | **८.९०** | **१४.१८** | **४.२७** | **७.२१** |


राष्ट्रको कुल गार्हस्थ्य उत्पादन (GDP) मा प्रदेश नं. १ को योगदान उत्साहजनक रहेको छ । तथापि बागमती प्रदेशसँगको फरक भने धेरै नै ठूलो (१२६.५४%) भएकोले राष्ट्रको सन्तुलित विकासको लागि थप मेहनत गर्नुपर्ने हुन्छ ।

*तालिका १.२: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (GDP) मा प्रमुख क्षेत्रगत योगदान*

| सि.नं. | औद्योगिक वर्गीकरण | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | **३७.१४** | ४०.०० | १३.०२ | २९.९० | ३३.८६ | ३४.१९ | ३६.८२ |
| २ | उद्योग | **१८.२३** | ११.७३ | ११.८३ | १८.४८ | १६.१० | ११.९२ | १५.१९ |
| ३ | सेवा | **४४.६३** | ४८.२७ | ७५.१५ | ५१.६२ | ५०.०४ | ५३.८९ | ४७.९८ |

प्रदेश नं. १ को अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका ३७.१४ प्रतिशत योगदान सहित उल्लेखनीय छ । आन्तरिक उत्पादनमा प्रदेश नं. २ पछिको उच्च कृषि योगदान भए पनि क्रमशः परम्परागत कृषि योगदानलाई कम गर्दै औद्योगिक क्षेत्रको पहुँच वृद्धि गर्ने प्रदेशको लक्ष्य रहेको छ । साथै औद्योगिक क्षेत्रको योगदान समेत १८.२३ प्रतिशतको साथ अन्तर-प्रदेशमा दोस्रो रहे पनि समग्र अर्थतन्त्रमा यस प्रदेशको योगदान सन्तोषजनक मान्न सकिन्न । साथै आन्तरिक अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान अन्य प्रदेशभन्दा कम हुनुले प्रदेश नं. १ को अर्थतन्त्र ठोस तथा दिगो रहेको पुष्टि हुन्छ ।

*चित्र १.१: प्रादेशिक आर्थिक वृद्धिदर प्रतिशत*





आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय औसत आर्थिक वृद्धिदर ६.८ प्रतिशत थियो भने प्रदेश नं. १ को वृद्धिदर सोभन्दा उच्च ७.४ प्रतिशत रह्यो । यसैगरी गत आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ महामारीको व्यापक प्रभावको कारण राष्ट्रिय आर्थिक वृद्धिदर २.२७ प्रतिशत मात्र भए पनि प्रदेश नं. १ को ३.४१ प्रतिशत रह्यो । यसरी आर्थिक वृद्धिको दृष्टिकोणले दुवै आर्थिक वर्षमा प्रदेश नं. १ को साथ राष्ट्रिय औसत वृद्धिभन्दा उच्च रही अन्तर प्रदेशमा तेस्रो स्थानमा रह्यो । समग्रमा प्रदेशको आर्थिक वृद्धि उल्लेखनीय रहेको छ ।

### *१.२.२ प्रादेशिक अर्थतन्त्रको विश्लेषण*

#### १.२.२.१ मन्त्रालयगत मध्यावधि खर्च तथा उपलब्धि प्रतिशत

वस्तुगत तथा मात्रात्मक समीक्षाको प्रमुख आधारको रूपमा प्रदेशमा भएको मध्यावधि (आ.व. २०७४/७५, २०७५/७६, २०७६/७७) को बजेट खर्च तथा केही भौतिक प्रगतिहरूलाई मानकको रूपमा लिई विश्लेषण गरिएको छ ।

*चित्र १.२: मन्त्रालयगत मध्यावधि (२०७४/११/०३ देखि २०७७/०३/३१) खर्च तथा उपलब्धि प्रतिशत*




*तालिका १.३: मन्त्रालयगत मध्यावधि (२०७४/११/०३ देखि २०७७/०३/३१) खर्च तथा उपलब्धि प्रतिशत*

| मन्त्रालय | १०० दिन | २०७५/७६ | २०७६/७७ | मध्यावधि औसत |
|---|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३२.१५ | ५९.०० | ७४.२४ | ६६.१४ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ६०.७७ | ५२.०३ | १०.५५ | २९.०० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६४.११ | ७३.६० | ५३.८४ | ६३.८८ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४८.५७ | ५९.७२ | ३९.११ | ४७.०३ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४९.९२ | ४०.९९ | ४३.३५ | ४२.०९ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ५६.७६ | ४९.७१ | ७४.७३ | ६३.४४ |
| सामाजिक विकास मन्त्रालय | ६३.६३ | ८२.८६ | ६०.९९ | ७१.७७ |
| **मध्यावधि-मन्त्रालय** | **५७.०२** | **५७.१२** | **६५.१४** | **६१.४५** |
| **मध्यावधि औसत-समग्र** | **६३.९६** | **५९.००** | **७०.८३** | **६५.३७** |


प्रदेशको सम्पूर्ण निकायको समष्टिगत मध्यावधि तथा ३ आर्थिक वर्ष (२०७४/७५, २०७५/७६ र २०७६/७७) को मन्त्रालयगत खर्च उपलब्धिको विस्तृत विवरण चित्र १.२ मा प्रस्तुत गरिएको छ । जसअनुसार पहिलो १०० दिन (आ.व. २०७४/७५), आ.व. २०७५/७६ र आ.व. २०७६/७७ को मन्त्रालयगत उपलब्धि क्रमशः ५७.०२, ५७.१२ र ६५.१४ प्रतिशत रहेको छ भने मध्यावधिको औसत उपलब्धि ६१.४५ प्रतिशत रहेको छ । विश्वभरि फैलिएको कोभिड-१९ महामारीको बावजूद मध्यावधिको ३ आ.व. मध्ये २०७६/७७ को उपलब्धि सबैभन्दा उच्च ७०.८३ प्रतिशत हुनुलाई उल्लेखनीय रूपमा लिन सकिन्छ । प्रदेश बजेटको करिब ५० प्रतिशत विनियोजन हुने भौतिक विकास मन्त्रालयको उक्त आ.व. मा ७४.७३ प्रतिशत वित्तीय प्रगति र ८५.४२ प्रतिशत उच्च भौतिक प्रगति भएको छ ।

मन्त्रालयगत मध्यावधिको औसतको आधारमा सबैभन्दा राम्रो उपलब्धि सामाजिक विकास मन्त्रालय (७१.७७%) र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (६६.१४%) ले हासिल गरेका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (६३.८८%) र भौतिक पूर्वाधार विकास मन्त्रालय (६३.४४%) को समेत खर्च उपलब्धि उल्लेखनीय रहेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च उपलब्धि औसतभन्दा न्यून रहेको छ ।

### *१.२.२.२ प्रदेश सरकार सम्बद्ध निकायको मध्यावधि खर्च तथा उपलब्धि प्रतिशत*

प्रदेश सरकार सम्बद्ध निकायको रूपमा रहेको प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश योजना आयोग र प्रदेश लेखा नियन्त्रकको कार्यालयको मध्यावधि खर्च तथा उपलब्धिलाई चित्र १.३ मा प्रस्तुत गरिएको छ । विकास प्रदायक निकाय नभए पनि स्रोत र साधनको उच्चतम उपयोग गर्नका निमित्त प्रदेश सरकार सम्बद्ध निकायको पनि खर्च-उपलब्धि समीक्षा जरुरी छ ।

*चित्र १.३: प्रदेश सरकार सम्बद्ध निकायको मध्यावधि खर्च तथा उपलब्धि प्रतिशत*




*तालिका १.४: प्रदेश सरकार सम्बद्ध निकायको मध्यावधि खर्च तथा उपलब्धि प्रतिशत*

| निकाय | १०० दिन | २०७५/७६ | २०७६/७७ | मध्यावधि औसत |
|---|---|---|---|---|
| प्रदेश सभा सचिवालय | ७४.६७ | ७०.४५ | ६४.०६ | ६८.४४ |
| प्रदेश लोक सेवा आयोग | - | - | २८.६१ | २८.६१ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | ४३.९५ | ८५.५४ | ६३.२० | ६९.९२ |
| प्रदेश योजना आयोग | - | ५५.०३ | ३२.६६ | ४२.८७ |
| प्रदेश लेखा नियन्त्रकको कार्यालय | - | ७२.३१ | ६८.०८ | ७०.१७ |
| **मध्यावधि औसत-समग्र** | **७३.१६** | **६९.३५** | **५६.५२** | **६३.८४** |

प्रदेश लोक सेवा आयोग र प्रदेश योजना आयोग बाहेक सबै निकायको खर्च उपलब्धि प्रदेशको औसत उपलब्धि ६३.८४ प्रतिशतभन्दा माथि रहेको छ । निकाय अन्तर्गत प्रदेश लेखा नियन्त्रकको कार्यालय (७०.१७%) र मुख्य न्यायाधिवक्ताको कार्यालय (६९.९२%) मध्यावधिको सबैभन्दा उच्च खर्च उपलब्धिमा रहेका छन् भने प्रदेशका सबै निकायको मध्यावधि खर्च प्रगति ६८ प्रतिशत भन्दा बढी हुँदा प्रदेश लोक सेवा आयोग र प्रदेश योजना आयोगको उपलब्धि अत्याधिक न्यून क्रमशः २८.६१ र ४२.८७ मा सीमित भएको छ ।

### १.२.२.३ महत्त्वपूर्ण परियोजना/ कार्यक्रम लक्ष्य तथा मध्यावधि प्रगति

*तालिका १.५: महत्त्वपूर्ण परियोजना/ कार्यक्रम लक्ष्य तथा मध्यावधि प्रगति*


| कार्यक्रम/ परियोजना | एकाइ | ५ वर्षे लक्ष्य | मध्यावधि उपलब्धि | बाँकी काम |
|---|---|---|---|---|
| सिँचाइ | हेक्टर/ भौतिक प्रगति प्रतिशत | ४३००० | १९६७६ (४५.७६%) | २३३२४ |
| आधारभूत स्तरको खानेपानी सेवामा पहुँच | प्रतिशत | ९९.०० | ९७.५० | १.५० |
| आधारभूत शहरी संरचनाहरूको विकास | वटा | ३३१ | १०० | २२१ |
| बहुवर्षीय सडक योजना (६२) | कि.मि./ वित्तीय प्रगति | ८८४.२५ | ५० वटा सम्झौता भएको (२५.८६%) | पिचको कार्य सम्पन्न गर्ने (७४.१४%) |
| प्रादेशिक विशेष सडक आयोजना (७ वटा) | कि.मि./ वित्तीय प्रगति | २००/ ५ अर्ब | २ वटा (२० कि.मि.)/ १०% | ९०% |
| मुख्यमन्त्री ग्रामीण सडक (८७) | वटा/ वित्तीय प्रगति | ८७/ ५ अर्ब | ८६ (६३.९३%-प्रगति) | ८६ (३६.०७%) |
| बहुवर्षीय सडक पुल निर्माण-प्रदेश | वटा/ वित्तीय प्रगति | ७७ | ५५ काम चालू, २ वटा सम्पन्न / १६.४३ % | ७५/ ८३.५७% |
| बहुवर्षीय सडक पुल निर्माण-केन्द्र | वटा | ५१ | २१ | ३० |
| झोलुङ्गे पुल निर्माण -प्रदेश | वटा/ वित्तीय प्रगति | १०८ | ३२/ ४५.४९% | ६८/ ५४.५१% |
| झोलुङ्गे पुल निर्माण -केन्द्र | वटा/ वित्तीय प्रगति | ७ | ४/ २३.५०% | ३/ ७६.५% |
| जनता आवास कार्यक्रम-घर निर्माण | वटा | ५९७४ | २१५६ | ३८१८ |
| GDP मा कृषि हिस्सा | प्रतिशत/ वृद्धि | ३०.४ | ३७.१४-३६.५० | -७.१४ |
| प्रतिव्यक्ति खाद्यान्न | के.जी./ वृद्धि | २७५ | २५६.२-२०१/ २७.४६% | १८.८ |
| खाद्यान्न उत्पादन | मे.ट. (हजारमा) / वृद्धि | ३१४९.९६ | २४७४.७-२०२४.५४/ २२.२४% | ६७५.२६ |
| कृषि भूमिको उत्पादकत्व | मे.ट. प्रति हे./ वृद्धि | ४.८ | ३.३-३.०३/ ८.९१% | १.५ |

| कार्यक्रम/ परियोजना | एकाइ | ५ वर्षे लक्ष्य | मध्यावधि उपलब्धि | बाँकी काम |
|---|---|---|---|---|
| कृषि अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा | प्रतिशत/ वृद्धि | ११ | ९.२-८/ १५% | १.८ |
| प्राङ्गारिक बालीको अनुपात | प्रतिशत/ वृद्धि | २.५० | २.१०-१.९६/ ७.१४% | ०.४ |
| कृषि मजदुरको उत्पादकत्व | अमेरिकी डलर/ वृद्धि | १२६८ | १००८-८३५/ २०.७१% | २६० |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | २३.६१ | १९.०६-१८.२३/ -४.३५% | ५.३८ |
| उद्योग क्षेत्रको रोजगारी (औपचारिक/ अनौपचारिक) | सङ्ख्या | २००००० | १८५९५६-१४०७६७/ ३२% | १४०४४ |
| पर्यटन पूर्वाधार (ट्रेकिङ ट्रेल, हिल स्टेसन आदि) | सङ्ख्या/ उपलब्धि प्रतिशत | १०८ | २३१/ २१३.८९% | |
| दिगो वन व्यवस्थापन | समूह/ भौतिक प्रगति प्रतिशत | ७४ | ८०/ १०८.१०% | |
| काठ उत्पादन र आपूर्ति | करोड घन फिट/ भौतिक प्रगति प्रतिशत | ५ | २.२/ ४४% | २.८ |
| प्रादेशिक विश्वविद्यालय स्थापना | सङ्ख्या/ भौतिक प्रगति प्रतिशत | २ | १/ ५०% | १ |
| प्राविधिक शिक्षालयको विस्तार | जिल्ला सङ्ख्या / भौतिक प्रगति प्रतिशत | १४ | ५/ ३५.७१% | ९ |
| स्वास्थ्य बिमा विस्तार | जिल्ला सङ्ख्या / भौतिक प्रगति प्रतिशत | १४ | ११/ ७८.५८% | ३ |
| विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन | सङ्ख्या/ भौतिक प्रगति प्रतिशत | १३७ | ७०/ ५१.०९% | |
| भ्रष्टाचार न्यूनता अनुभूति (० देखि १०० सम्म) | सूचकाङ्क | ५० | ३८.६/ ३१ | |
| प्रहरी चौकी निर्माण | वटा/ वित्तीय प्रगति | ४९ | ४९/ ६४.५६% | |

## १.३ गुणात्मक विश्लेषण (Qualitative Analysis)

मध्यावधि समीक्षाको लागि प्रदेश मातहतका ७ मन्त्रालय तथा ५ निकायबाट सम्पन्न भएका योजना/ कार्यक्रमलाई प्रतिनिधिमूलक बिम्बको रूपमा १७५ वटा परियोजना/ कार्यक्रम छनौट गरी सङ्ख्यात्मक आधारमा साङ्केतीकरण गरी विश्लेषण गरिएको छ । उल्लिखित प्रतिनिधिमूलक कार्यक्रमलाई ५ आधार (दीर्घकालीन राष्ट्रिय लक्ष्य, प्रदेशको दीर्घकालीन सोचका आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दिगो विकास लक्ष्य र मानव विकास सूचकाङ्कका आयाम) मा संक्षिप्त विश्लेषण गरिएको छ । साथै दीर्घकालीन राष्ट्रिय लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"** को १० सूचक (समृद्धतर्फ ४, सुखतर्फ ६); प्रादेशिक सोच **"स्वच्छ, सुखी र समुन्नत"** प्रदेशका १२ आधार स्तम्भ (स्वच्छ तर्फ ४, सुखी तर्फ ४ र समुन्नत तर्फ ४), प्रदेशको समष्टिगत उद्देश्य (आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण/ जलवायु अनुकूलन जैविक विविधता र सुशासन), दिगो विकासका १७ मध्ये १६ लक्ष्य, मानव विकास सूचकाङ्क (स्वास्थ्य, शिक्षा र आम्दानी/ जीवनस्तर) लाई गुणात्मक विश्लेषणको मानकको रूपमा लिइएको छ ।


*चित्र १.४: दीर्घकालीन राष्ट्रिय लक्ष्यको आधारमा वर्गीकरण (कार्यक्रम सङ्ख्या-प्रतिशत)*




विनियोजित बजेटको कार्यक्रमिक विनियोजनले दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गत भौतिक विकाससँग सम्बन्धित समृद्धिमा ४४.२० प्रतिशत र मर्यादित जीवन, पर्यावरणसँग सम्बन्धित सुखमा ५५.८० प्रतिशत प्रत्यक्ष योगदान पुगेको चित्र १.४ बाट स्पष्ट हुन्छ । उल्लिखित तथ्याङ्कबाट प्रदेशको समृद्धि भौतिक निर्माणमा भन्दा नागरिकको आन्तरिक सुख, परिष्कृत जीवनसँग केन्द्रित भएर कार्यक्रम तय भएको देखिन्छ । देश विकास गर्न भौतिक विकाससँगै जनताको जीवनको विकास, उनीहरूको जीवनलाई मर्यादित र परिष्कृत बनाउन, आफ्ना नागरिकले वास्तविक खुसीको अनुभूति गर्नु अपरिहार्य छ भन्ने विश्वासका साथ प्रदेश सरकार अग्रसर रहेको कुरा साङ्केतीकरणको परिणामले इङ्गित गरेको छ ।

त्यसैगरी प्रादेशिक सोचको आधार स्तम्भमा गरिएको साङ्केतिक वर्गीकरण अनुसार स्तम्भ १ समुन्नतिमा ४५.०३ प्रतिशत, स्तम्भ २ सुखीमा ४७.१२ प्रतिशत र स्तम्भ ३ स्वच्छमा ७.८५ प्रतिशत प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रम रहेको चित्र १.५ बाट स्पष्ट हुन्छ । प्रदेशको समग्र विकासका लागि भौतिक विकास, संरचना निर्माण मात्र नभएर प्रदेशका जनताले वास्तविक खुसी र सुख अनुभूति गर्नु हो भन्ने कुरालाई हेक्का राखी प्रदेश विकासको पथमा अगाडि बढेको साङ्केतिक विश्लेषणले प्रस्ट पारेको छ ।

*चित्र १.५: प्रादेशिक सोचका स्तम्भको आधारमा वर्गीकरण (कार्यक्रम सङ्ख्या-प्रतिशत)*




प्रदेशले सङ्घीयता पश्चात् सुरुवाती चरणबाट नै आधुनिक संरचना निर्माण, मानव पुँजी निर्माण, उत्पादन तथा आय वृद्धि गर्ने जस्ता समुन्नतिका सूचक तथा सूचकाङ्क र प्रदेशवासीको जीवन परिष्कृत तथा मर्यादित बनाउने, जनताको जीवनस्तर उकास्ने, समाजलाई सभ्य, न्यायपूर्ण बनाउने, सुशासन कायम गर्न तर्फ अग्रसर सुखका सूचकाङ्कलाई बराबर प्राथमिकता दिएको कुरा तथ्याङ्कले स्पष्ट पार्दछ । राष्ट्रिय सोचमा थप प्रादेशिक विशिष्टताको आधारमा स्वच्छतालाई समेत प्रदेशको समग्र विकासमा विशेष महत्त्व दिएको छ । स्वच्छता बिना प्रदेशको समुन्नति र सुखबोध अपूरो रहने भएकोले प्रदेशले स्वच्छतालाई विशिष्ट स्थान दिएको छ । करिब ७८.५० प्रतिशत कार्यक्रमले स्वच्छतामा प्रत्यक्ष योगदान दिएको छ ।

आवधिक योजना अनुरूप प्रदेशको समष्टिगत उद्देश्य (आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण/ जलवायु अनुकूलन जैविक विविधता र सुशासन) कार्यक्रम सङ्ख्याको आधारमा गरिएको विश्लेषण चित्र १.६ मा प्रस्तुत गरिएको छ । दीर्घकालीन सोचको फराकिलो दायरामा विभाजित सूचकहरू समष्टिगत उद्देश्यमा

आफ्नो विशिष्टता अनुरूप निश्चित खम्बामा वर्गीकृत भएका छन् । सुखमा समाहित सूचकहरू सामाजिक, सुशासन, वातावरणमा पर्दछन् भने समृद्धि/ समुन्नतिका सूचकमा आर्थिक र पूर्वाधार क्षेत्र समाहित छन् । उद्देश्य ३ गुणस्तरीय र दिगो पूर्वाधार निर्माणसँग सम्बन्धित छ जसमा २५.२६ प्रतिशत प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रमहरू रहेका छन् ।


देश सङ्घीयतामा गए पश्चात् प्रदेशले आधारभूत तहबाट नै आफ्नो भौतिक विकास र संरचनाको निर्माण गर्नुपर्ने स्थिति रह्यो र बजेटको ठूलो अंश समुन्नतिका अवयव भौतिक पूर्वाधार क्षेत्र, उद्योग, कलकारखाना, पर्यटन पूर्वाधार, मानव पुँजी निर्माणतर्फ केन्द्रित रह्यो । प्रदेश संरचनाले स्थायित्व नपाएसम्म भौतिक पूर्वाधार क्षेत्रले अरू क्षेत्रभन्दा बजेटको विनियोजनमा प्राथमिकता पाउनु स्वाभाविक हुन्छ । त्यसैगरी आर्थिक क्षेत्र जसको सिधा सम्बन्ध उत्पादनमुखी क्षेत्र जस्तै कृषि, उद्योग, पर्यटन, वाणिज्य आदिमा लगानी वृद्धि गर्दै रोजगारीको साथसाथै आय वृद्धि गर्नुसँग छ त्यसतर्फ २३.७१ प्रतिशत प्रत्यक्ष योगदान/ सरोकार राख्ने कार्यक्रम रहेको छ । आवधिक योजनाले तय गरेको आर्थिक वृद्धि हासिल गर्न आगामी दिनमा आर्थिक क्षेत्रमा थप प्रभावकारी कार्यक्रम बढाउन अत्यन्त आवश्यक रहेको देखिन्छ । त्यसैगरी २३.७१ प्रतिशत कार्यक्रम सुशासन क्षेत्रमा केन्द्रित हुनु प्रशंसनीय रहेको छ । प्रदेश सरकारले सार्वजनिक सेवालाई सुशासनमा आधारित एवम् नतिजामुखी बनाउने आफ्नो अठोट तर्फ क्रमशः अघि बढिरहेको साङ्केतिक विश्लेषणबाट प्रस्ट हुन्छ ।

साङ्केतिक विश्लेषण अनुरूप २१.६५ प्रतिशत कार्यक्रम सामाजिक क्षेत्रसँग सम्बद्ध रहेका छन् जुन तुलनात्मक रूपमा धेरै कम रहेको छ । सामाजिक क्षेत्र मूलतः शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, महिला हक, समानता, समावेशीकरण, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, खेलकुद आदि क्षेत्रसँग सम्बन्धित छ । उक्त क्षेत्र उन्नत मानव संसाधनको विकास तथा समतामूलक समाजको आधार निर्माण गर्दै समग्र विकासको नेतृत्वदायी भूमिका रहने भएकोले यसतर्फ विशेष ध्यानाकर्षण आवश्यक रहेको छ । भौतिक विकास र सामाजिक विकासको रफ्तार सँगसँगै लैजानका लागि आगामी दिनमा थप कार्यक्रम योजनाबद्ध रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

उद्देश्य ४ अन्तर्गत वातावरण/ जलवायु परिवर्तन/ जैविक विविधतामा क्रमशः ५.६७ प्रतिशत मात्र प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम लक्षित रहेको छ । यो क्षेत्रमा योजनाबद्ध कार्यक्रमिक हिसाबले पछाडी परेको साङ्केतिक विश्लेषणले इङ्गित गरेको छ । वैज्ञानिकहरूका अनुसार पृथ्वीको तापमान निरन्तर बढिरहेको र यही गतिमा बढ्यो भने अबको १०० वर्षमा पृथ्वीको अस्तित्व सङ्कटमा पर्नेछ । यो सिङ्गो पृथ्वी र यहाँ रहेका सबै प्राणी, प्राकृतिक सम्पदाको जगेर्ना गर्दै भावी पुस्तालाई प्रदूषण रहित धर्ती हस्तान्तरण गर्नु आज प्रत्येक मानिसको कर्तव्य हो । आगामी दिनमा यो कुरा आत्मसात् गर्दै वातावरण संरक्षण जलवायु

अनुकूलन, जैविक विविधताको संरक्षणतर्फ लक्षित थप कार्यक्रमको योजना बनाएर कार्यान्वयन गर्न विशेष ध्यान दिन जरुरी रहेको साङ्केतिक विश्लेषणले दर्शाउँछ ।

*चित्र १.६: प्रदेशको समष्टिगत उद्देश्यको आधारमा वर्गीकरण (कार्यक्रम सङ्ख्या-प्रतिशत)*





दिगो विकासका १७ लक्ष्य मध्ये नेपालसँग सम्बन्धित १६ लक्ष्यमा केन्द्रित रहेर साङ्केतीकरण तथा विश्लेषण गर्दा सबैभन्दा अधिक ३०.०५ प्रतिशत कार्यक्रमले लक्ष्य १६ शान्ति, न्यायपूर्ण र सबल संस्थालाई प्रत्यक्ष योगदान पुऱ्याएको छ । त्यस बाहेक लक्ष्य ९ उद्योग, नवीन खोज र पूर्वाधारमा १४.५१ प्रतिशत, लक्ष्य १२ दिगो उपभोग तथा उत्पादनमा ११.९२ प्रतिशत र लक्ष्य ३ स्वस्थ जीवनमा १०.३१ प्रतिशत कार्यक्रम रहेका छन् । ३ लक्ष्य मानव स्वास्थ्य; नवीन, पूर्वाधार र उत्पादन वृद्धिसँग सम्बन्ध राख्ने र अत्यन्त महत्त्वपूर्ण रहे पनि उल्लिखित कार्यक्रमहरू अपेक्षित प्राथमिकता पाउन नसकेको विश्लेषणबाट देखिन्छ । अन्य लक्ष्यहरू जसमा गरिबीको अन्त्य, लैङ्गिक समानता, शून्य भोकमरी, गुणस्तरीय शिक्षादेखि असमानता न्यूनीकरण, मर्यादित काम, दिगो शहर र बस्ती आदि रहेका छन् । त्यसतर्फ अत्यन्त न्यून (१.०४ प्रतिशत देखि ७.२५) को दायरामा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रमहरू रहेका छन् । आगामी दिनमा यी लक्ष्यसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमको योजना बनाउन नसकेको खण्डमा सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न सहज नहुने कुरालाई नकार्न सकिँदैन ।

स्वास्थ्य, गुणस्तरीय शिक्षा तथा आम्दानी गरी ३ आयाममा आधारित रहेर मानव विकास सूचकाङ्कको मापन गरिन्छ । प्रदेशले ०.४९ बाट ०.५८ को उल्लेखनीय वृद्धि गरी राष्ट्रिय औसतको बराबरी पुऱ्याउन सफल भएको छ । मन्त्रालयले सम्पन्न गरेको प्रतिनिधिमूलक योजनालाई मानव विकास सूचकाङ्कका ३ आयाम (१ स्वास्थ्य, २ शिक्षा, ३ जीवनस्तर) अनुसार साङ्केतीकरण गरी चित्र १.७ मा प्रस्तुत गरिएको

छ । यस साङ्केतिक विश्लेषण अनुसार ४८.११ प्रतिशत कार्यक्रमले आयाम ३ जीवनस्तरसँग प्रत्यक्ष योगदान पुऱ्याएका छन् । आयाम १ स्वास्थ्यमा १६.५८ प्रतिशत र आयाम २ शिक्षासँग ३४.५९ प्रतिशत कार्यक्रम लक्षित रहेको छ । नागरिकको आम्दानी बढाउने, जीवनस्तर सुधारमा उल्लेखनीय काम भएको भए पनि मानव जीवनको लागि संवेदनशील स्वास्थ्य क्षेत्र जसमा राज्यको विशेष दायित्व छ त्यसमा तुलनात्मक रूपमा अत्यन्त न्यून कार्य भएको विश्लेषणले स्पष्ट पार्दछ । त्यसैगरी आयाम २ शिक्षामा सन्तोषजनक काम भएको कुरा मन्त्रालय/ निकायबाट प्राप्त योजनालाई साङ्केतिक विश्लेषणबाट स्पष्ट हुन्छ । तथापि शिक्षा मानवको समग्र विकासको लागि अपरिहार्य आयाम रहेकोले यसतर्फ थप ध्यानाकर्षणको आवश्यकता रहेको छ ।

*चित्र १.७: मानव विकास सूचकाङ्कको आधारमा प्रदेशको समष्टिगत उद्देश्यको आधारमा वर्गीकरण (कार्यक्रम सङ्ख्या-प्रतिशत)*




### *निष्कर्ष*

प्रदेशको दीर्घकालीन सोचका आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य र मानव विकास सूचकाङ्कका आयामको आधारमा गुणात्मक विश्लेषण गर्दा प्रदेशको बजेट तथा कार्यक्रममा अधिकतम अंश भौतिक पूर्वाधार क्षेत्रमा केन्द्रित रहेको स्पष्ट हुन्छ । देश सङ्घीयतामा प्रवेश गरे पश्चात् नयाँ संरचना निर्माण गर्दै प्रदेशले स्थायित्व कायम गर्ने चरणमा रहेकोले यो सिलसिलामा भौतिक निर्माण तर्फ धेरै कार्यक्रम र बजेट लक्षित हुन स्वाभाविक छ । प्रदेश नवीन अभ्यासमा रहे पनि एकाधलाई छोडेर धेरैजसो अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रादेशिक सूचक तथा सूचकाङ्कलाई समेट्ने प्रयास गरेको छ र यसलाई प्रदेश विकासको सकारात्मक दिशामा अग्रसर रहेको अर्थमा बुझ्न सकिन्छ । आगामी दिनमा सुख एवम् स्वच्छतासँग सम्बद्ध सूचक तथा सूचकाङ्कलाई पनि प्राथमिकता दिँदै सुख र समुन्नतिलाई बराबरीको दायरमा ल्याउन आवश्यक छ । स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माण गर्ने दीर्घकालीन सोच पुरा गर्न प्रदेश सन्तोषजनक तरिकाले अगाडी बढेको छ तथापि दायरा र गति बढाउनु अत्यावश्यक छ।

प्रदेशले आफ्नै मौलिकता र आवश्यकता अनुरूपको अनुसन्धान, अध्ययन र व्यवस्थापकीय सुधारका काममा गम्भीरतापूर्वक संलग्न हुनु पर्ने अवस्था छ । प्रदेशले आफ्नै मौलिकता र आवश्यकता अनुरूपको अनुसन्धान, अध्ययन र व्यवस्थापकीय सुधारका काममा गम्भीरतापूर्वक संलग्न हुनु पर्ने अवस्था छ ।

## १.४ समग्र विकास तथा प्रगति मापन (EDMI)

### अनुसन्धान विधि-एभरेस्ट विकास मापन सूचक (EDMI)

विकासको मापन केवल वित्तीय तथा भौतिक प्रगतिलाई मात्र समष्टिगत विकास मापनको प्रमुख आधार मान्ने परम्परागत प्रचलन नेपाल लगायत विश्वभरि चली आएको छ । वित्तीय प्रगतिले मात्र समग्र विकासको गति मापन हुन नसक्ने भए पनि उपयुक्त विधिको अन्वेषण तथा खोजी भएन ।तसर्थ, विकास प्रवर्तक निकाय (मन्त्रालय तथा सम्बद्ध संस्था) तथा समग्र विकासको अवस्थाको मूल्याङ्कनको निमित्त नवीन विधि तय गरिएको छ । एभरेस्ट विकास मापन सूचक "EDMI" (Everest Development Measurement Index) नामक यो विधि नेपालमै पहिलो पटक विकसित समाज विज्ञान सम्बद्ध विधि तयार गरी प्रयोगमा ल्याइएको छ । नेपालको आफ्नै विशिष्टतामा सिर्जना गरिएको यो विधिमा प्रदेश नं. १ को मौलिकताका विकास सूचकहरू प्रयोग गरी मध्यावधि समीक्षा गरिएको छ । तथ्याङ्कीय परीक्षणमा ९५ प्रतिशत विश्वसनीय (Statistically Significant) प्रमाणित भएको हुनाले यो विधिलाई विश्वसनीय विधिको रूपमा अवलम्बन गर्न सकिन्छ । अन्य क्षेत्र, प्रदेश तथा राष्ट्रमा पनि आफ्नो मौलिकतामा सूचकमा हेरफेर गरी यो पद्धतिको उपयोग गर्न सकिनेछ । साथै समय र परिस्थिति अनुरूप यो पद्धतिलाई थप परिष्कृत तथा परिपक्व बनाइने छ।

मन्त्रालय तथा प्रदेश सरकार सम्बद्ध निकायको कार्य मूल्याङ्कन निष्कर्षको लागि मुख्यतः मात्रात्मक (Quantitative) र गुणात्मक (Qualitative) आधार रथका दुई पाङ्ग्रा हुन् । मात्रात्मक (Quantitative) आधारलाई बजेट खर्च उपलब्धिले र गुणात्मक (Qualitative) आधारलाई विकास (अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक) सम्बद्ध सूचक लक्षित सम्पन्न कार्यक्रम तथा योगदानको आधारमा निम्नानुसार भार (weightage) निर्धारण गरी कुल प्राप्ताङ्कको आधारमा कार्य-निर्वाह मूल्याङ्कन तथा समीक्षा गरिएको छ । यस विधिलाई क्रमशः मासिक, चौमासिक, वार्षिक, मध्यावधि लगायत अन्य समीक्षाको आधारको रूपमा अवलम्बन गर्ने कोसिस गरिने छ । वित्तीय उपलब्धिलाई ७० प्रतिशत भार र विकास सम्बद्ध ५ प्रमुख आयाम (प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य, मानव विकास सूचक) मा ३० प्रतिशत भार प्रदान गरी समष्टिगत प्रगतिको योगफल निकालिएको छ । ३० प्रतिशत भारका लागि विकास सम्बद्ध ५ प्रमुख आयाम अन्तर्गत प्रदेश नं. १ सम्बद्ध मन्त्रालय तथा निकायको कार्यक्षेत्र अन्तर्गतका विकास-सूचकहरू निम्नअनुसार प्रस्तुत छन् ।

*तालिका १.६: मन्त्रालय तथा प्रदेश सरकारका निकाय सम्बद्ध विकास सूचकहरू (३० प्रतिशत भार अन्तर्गत उपलब्धि प्राप्ताङ्कको लागि)*

| क्र.सं. | मन्त्रालय/ निकाय | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा | २.३ सुशासन | ५ सुशासन | २.४ सुशासन<br>२.५ सबल लोकतन्त्र | १६ शान्ति, न्याय र सबल संस्था | २ शिक्षा |
| २ | प्रदेश लोक सेवा आयोग | १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>२.३ सुशासन | ५ सुशासन | १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>२.४ सुशासन | १६ शान्ति, न्याय र सबल संस्था | २ शिक्षा |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २.२ सभ्य र न्यायपूर्ण समाज | ५ सुशासन | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | १६ शान्ति, न्याय र सबल संस्था | २ शिक्षा |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २.३ सुशासन | ५ सुशासन | २.४ सुशासन<br>२.५ सबल लोकतन्त्र | १६ शान्ति, न्याय र सबल संस्था<br>१७ दिगो विकासका लागि साझेदारी | २ शिक्षा |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १.१ उच्च र समतामूलक आय | १ आर्थिक | १.४ उच्च र समतामूलक राष्ट्रिय आय | ८ समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ३ आम्दानी |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १.१ उच्च र समतामूलक आय<br>२.४ जीवनस्तर<br>३.१ स्वस्थ र सन्तुलित पर्यावरण | १ आर्थिक<br>४ वातावरण | १.४ उच्च र समतामूलक राष्ट्रिय आय | ९ उद्योग, नवीन खोज र पूर्वाधार<br>१३ जलवायु परिवर्तन अनुकूलन<br>१५ भू-सतह स्रोतको उपयोग | ३ आम्दानी |

| क्र.सं. | मन्त्रालय/ निकाय | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १.४ उच्च र दिगो उत्पादन र उत्पादकत्व<br>३.४ जैविक कृषि | १ आर्थिक | १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २ शून्य भोकमरी<br>१२) दिगो उपभोग तथा उत्पादन | ३ आम्दानी |
| ८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २.२ सभ्य र न्यायपूर्ण समाज | ५ सुशासन | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज<br>२.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १६ शान्ति, न्याय र सबल संस्था | २ शिक्षा |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १.३ सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता<br>३.३ नवीकरणीय ऊर्जा | ३ पूर्वाधार | १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धता | ६ स्वच्छ पानी तथा सरसफाइ<br>७ आधुनिक ऊर्जामा पहुँच<br>९ उद्योग, नवीन खोज र पूर्वाधार<br>११ दिगो शहर र बस्ती | ३ आम्दानी |
| १० | सामाजिक विकास मन्त्रालय | १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>३.२ आधारभूत सरसफाइ सुविधा<br>२.१ परिष्कृत तथा मर्यादित जीवन<br>२.४ जीवनस्तर | २ सामाजिक | १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>२.१ परिष्कृत तथा मर्यादित जीवन | १ गरिबीको अन्त्य<br>३ स्वस्थ जीवन<br>४ गुणस्तरीय शिक्षा<br>५ लैङ्गिक समानता<br>१० असमानता न्यूनीकरण | १ स्वास्थ्य<br>२ शिक्षा<br>३ रोजगारी |

| क्र.सं. | मन्त्रालय/ निकाय | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ११ | प्रदेश योजना आयोग | २.३ सुशासन | ५ सुशासन | २.४ सुशासन | १६ शान्ति, न्याय र सबल संस्था | २ शिक्षा |
| १२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २.३ सुशासन | १ आर्थिक | २.४ सुशासन | ८ समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम<br>१६ शान्ति, न्याय र सबल संस्था | ३ आम्दानी |

*समीक्षाको लागि भार (weightage) तथा प्रगति निर्धारक सूचक तथा विधि*

| मूल्याङ्कन क्षेत्र | भार (weightage) प्रतिशत |
|---|---|
| क. विनियोजित बजेट-खर्च उपलब्धि | ७० |
| ख. विकासका (अन्तरराष्ट्रिय, राष्ट्रिय र प्रादेशिक) सूचकमा बजेट योगदान :-** | ३० |
| १ प्रादेशिक सोचको आधार स्तम्भ (१२ सूचक) | ६ |
| २ प्रदेशको समष्टिगत उद्देश्य (५ सूचक) | ६ |
| ३ दीर्घकालीन राष्ट्रिय लक्ष्य (१० सूचक) | ६ |
| ४ दिगो विकास लक्ष्य (१७ सूचक) | ६ |
| ५ मानव विकास सूचक (३ आयाम) | ६ |

विकासका (अन्तरराष्ट्रिय, राष्ट्रिय र प्रादेशिक) सूचकको वस्तुगत परीक्षणको निमित्त निम्नानुसार प्राप्ताङ्क विधि तय गरी मध्यावधि समीक्षामा अवलम्बन गरिएको छ ।

**विकासका (अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक) सूचकको प्राप्ताङ्क निर्धारण मापदण्ड*

| विकासका (अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक सूचकको प्राप्ताङ्क मापदण्ड | प्राप्ताङ्क |
|---|---|
| १. ८० प्रतिशत भन्दा बढी कार्यक्षेत्र सम्बद्ध सूचकहरूमा बजेट/ कार्यक्रमले योगदान | ६ |
| २. ६० बाट ७९ प्रतिशत कार्यक्षेत्र सम्बद्ध सूचकहरूमा बजेट/ कार्यक्रमले योगदान | ४ |
| ३. ४० बाट ५९ प्रतिशत कार्यक्षेत्र सम्बद्ध सूचकहरूमा बजेट/ कार्यक्रमले योगदान | २ |
| ४. ४० प्रतिशत भन्दा कम कार्यक्षेत्र सम्बद्ध सूचकहरूमा बजेट/ कार्यक्रमले योगदान | ० |

वित्तीय उपलब्धि (७० प्रतिशत भार) र विकास सम्बद्ध ६ प्रमुख आयाम (३० प्रतिशत भार) को कुल जोडफल प्राप्ताङ्कको आधारमा मन्त्रालय तथा सरकार सम्बद्ध निकायको निम्नानुसार वर्गीकरण गरी मध्यावधि समीक्षा तथा कार्य निर्वाह मूल्याङ्कन गरिएको छ ।


*तालिका १.७: मन्त्रालय तथा प्रदेश सरकार सम्बद्ध निकायको मूल्याङ्कन तथा निष्कर्ष विधि*

| सि.नं. | प्राप्ताङ्क | Colour Code | टिप्पणी |
|---|---|---|---|
| १ | ८० प्रतिशत वा सो भन्दा माथि | हरियो | उल्लेखनीय प्रगति, स्थिति कायम राख्नु पर्ने |
| २ | ६० बाट ७९ प्रतिशत सम्म | नीलो | सन्तोषजनक प्रगति, सम्भाव्य क्षेत्रमा सुधार आवश्यक |
| ३ | ४० बाट ५९ प्रतिशत सम्म | पहेंलो | सामान्य प्रगति, बृहत् सुधार आवश्यक |
| ४ | ४० प्रतिशत भन्दा कम | रातो | चिन्ताजनक स्थिति, आधारभूत स्तरबाट नै व्यापक सुधार अत्यावश्यक |

### *मन्त्रालयगत समग्र मूल्याङ्कन तथा निष्कर्ष*


प्रदेश नं. १ अन्तर्गतको मन्त्रालयका वित्तीय उपलब्धि "मात्रात्मक विश्लेषण" परिच्छेदमा विस्तृत चर्चा गरिएको छ । मन्त्रालयबाट सम्पन्न भएका मुख्य परियोजनाको सङ्ख्यात्मक आधारलाई माथि उल्लिखित एभरेस्ट विकास मापन सूचक "EDMI" परिधिको गुणात्मक उपलब्धि तथा परिणाम निम्न छन् । वित्तीय प्रगतिको औसत (६५.३७%) को तुलनामा गुणात्मक उपलब्धि (६८.७७%) उल्लेखनीय छ ।

*चित्र १.८: मन्त्रालयको मध्यावधि (वित्तीय तथा गुणात्मक) उपलब्धि तथा प्रगति स्थिति*




मन्त्रालयको वित्तीय उपलब्धि र समग्र उपलब्धि (बजेट तथा गुणात्मक) चित्र १.९ मा प्रस्तुत गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सबैभन्दा उच्च (९३.३३) रहेको छ भने आर्थिक मामिला तथा योजना मन्त्रालयको सबैभन्दा न्यून गुणात्मक उपलब्धि रहेको छ । साथै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय तथा भौतिक पूर्वाधार विकास मन्त्रालयको गुणात्मक उपलब्धि पनि मध्यावधि औसतभन्दा न्यून रहेको छ ।

*चित्र १.९: मन्त्रालयको मध्यावधि समग्र विकास उपलब्धि तथा प्रगति स्थिति*





साथै मन्त्रालयको मध्यावधि (बजेट तथा गुणात्मक) समग्र उपलब्धि स्थिति ६८.७७ प्रतिशत रहेको छ । सामाजिक विकास मन्त्रालय बाहेक अन्य मन्त्रालयको समग्र उपलब्धिको स्थिति बजेट उपलब्धिभन्दा उच्च रहेको छ । सामाजिक विकास मन्त्रालयको सम्पन्न परियोजना कार्यक्षेत्र सम्बन्धी विकास सूचकमा योगदान नपुऱ्याउने सङ्केत गर्दछ भने अन्य मन्त्रालयको सम्पन्न कार्यक्रमले कार्यक्षेत्र सम्बद्ध विकास सूचकमा उल्लेखनीय योगदान पुऱ्याएको प्रस्ट हुन्छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालयको समग्र उपलब्धि स्थिति उल्लेखनीय रहेको छ भने आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको समग्र उपलब्धि स्थित मध्यावधि औसतभन्दा न्यून रहेको छ ।

## सरकार सम्बद्ध निकायको समग्र मूल्याङ्कन तथा निष्कर्ष

सरकार सम्बद्ध निकायको गुणात्मक उपलब्धि (९०%) वित्तीय उपलब्धि (६५.३७%) को तुलनामा उल्लेखनीय रहेको छ । प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश सभा सचिवालयको गुणात्मक उपलब्धि भने शत-प्रतिशत रहेको छ । स्पष्ट कार्यक्षेत्र र निश्चित कार्यक्रम मात्र हुने हुनाले निकायको गुणात्मक उपलब्धि उच्च हुनु तथा मन्त्रालयको तुलनामा बढी हुनु स्वाभाविक हो ।


*चित्र १.१०: सरकार सम्बद्ध निकायको मध्यावधि (वित्तीय तथा गुणात्मक) उपलब्धि तथा प्रगति स्थिति*




सरकार सम्बद्ध निकायको वित्तीय उपलब्धि र समग्र उपलब्धि (बजेट तथा गुणात्मक) चित्र १.१० मा प्रस्तुत गरिएको छ । समग्र उपलब्धि स्थितिको दृष्टिगत गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालय बाहेक अन्य निकायको समग्र उपलब्धि (बजेट र गुणात्मक) वित्तीय उपलब्धिभन्दा अधिक रहेको छ । उक्त परिदृश्यले प्रदेश लेखा नियन्त्रक कार्यालयको कार्यक्षेत्र सम्बन्धी विकास सूचकमा यथोचित ध्यान दिनुपर्ने

सङ्केत गर्दछ । मध्यावधिको समग्र उपलब्धि ७२.७६ प्रतिशत रहेको छ भने प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयको उल्लेखनीय प्रगति क्रमशः ७७.९१ र ७८.९४ प्रतिशत रहेको छ । साथै प्रदेश लोक सेवा र प्रदेश योजना आयोगको समग्र प्रगति भने औसतभन्दा न्यून रहेको छ ।

*चित्र १.११: सरकार सम्बद्ध निकायको मध्यावधि बजेट तथा समग्र उपलब्धि स्थिति (प्रतिशत)*




**मन्त्रालय तथा प्रदेश सरकार सम्बद्ध निकायको समग्र उपलब्धि "Colour Code" सङ्केत**

उपलब्धि "Colour Code" सङ्केत गरिए पनि हरियो (८० प्रतिशत माथि उपलब्धि) रङ्ग सङ्केतको श्रेणीमा कुनै मन्त्रालय तथा निकाय पर्न सकेको छैन । तथापि भौतिक पूर्वाधार विकास मन्त्रालयको गत वर्षको भौतिक उपलब्धि भने सो वर्गीकरणमा पर्न सफल भएको छ । साथै रातो रङ्ग (४० प्रतिशतभन्दा कम उपलब्धि) मा पनि कुनै मन्त्रालय तथा निकाय नपरे पनि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लोक सेवा आयोगको वित्तीय उपलब्धि भने सो समूहमा परेको छ । साथै, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र प्रदेश योजना आयोगको समग्र प्रगति मध्यावधि औसतभन्दा धेरै न्यून रहेको छ । अन्य मन्त्रालय तथा निकायको समग्र प्रगति भने सन्तोषजनक भए पनि सम्भाव्य क्षेत्रमा सुधार आवश्यक रहेको छ ।

*तालिका १.८: मन्त्रालय तथा प्रदेश सरकार सम्बद्ध निकायहरूको उपलब्धि "Colour Code" संकेत*

| क्र.सं. | मन्त्रालय | वित्तीय उपलब्धि | **समग्र उपलब्धि** |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ६६.१४ | **७४.३०** |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २९.०१ | **४०.३१** |
| ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६३.८८ | **६६.२२** |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४७.०३ | **५६.९२** |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२.०९ | **५३.४६** |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ६३.४४ | **६६.४१** |
| ७ | सामाजिक विकास मन्त्रालय | ७१.७७ | **७१.८४** |
| ८ | प्रदेश सभा सचिवालय | ६८.४४ | **७७.९१** |
| ९ | प्रदेश लोक सेवा आयोग | २८.६१ | **४४.०३** |
| १० | मुख्य न्यायाधिवक्ताको कार्यालय | ६९.९२ | **७८.९४** |
| ११ | प्रदेश योजना आयोग | ४२.८७ | **५९.००** |
| १२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ७०.१७ | **७०.१२** |
| **मध्यावधि औसत** | | ६५.३७ | **७२.७६** |

**सङ्केत**

| सि.नं | प्राप्ताङ्क | Colour Code | टिप्पणी |
|---|---|---|---|
| १ | ८० प्रतिशत वा सो भन्दा माथि | **हरियो** | उल्लेखनीय प्रगति, स्थिति कायम राख्न पर्ने |
| २ | ६० बाट ७९ प्रतिशत सम्म | **नीलो** | सन्तोषजनक प्रगति, सम्भाव्य क्षेत्रमा सुधार आवश्यक |
| ३ | ४० बाट ५९ प्रतिशत सम्म | **पहेंलो** | सामान्य प्रगति, बृहत् सुधार आवश्यक |
| ४ | ४० प्रतिशत भन्दा कम | **रातो** | चिन्ताजनक स्थिति, आधारभूत स्तरबाट नै व्यापक सुधार अत्यावश्यक |

## १.५ कोभिड-१९ का असर/प्रभाव तथा निरूपण

नेपालको संविधानको प्रस्तावनाको अनुच्छेद ४ मा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । राज्यको निर्देशक सिद्धान्त धारा ५० (३) ले राज्यको उद्देश्यको रूपमा तीव्र तथा दिगो आर्थिक विकास, न्यायोचित वितरण र आर्थिक असमानताको अन्त्य गरी शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र

समृद्ध अर्थतन्त्रको विकास गर्ने लक्ष्य निरूपण गरेको छ । दिगो विकास लक्ष्यको प्रतिबद्ध साझेदारको रूपमा हाम्रो दीर्घकालीन तथा वार्षिक योजना बनेका छन् ।

प्रदेश नं. १ को आवधिक योजना (२०७६/७७-२०८०/८१) ले राष्ट्रिय लक्ष्य, प्रादेशिक लक्ष्य र दिगो विकास लक्ष्य अनुरूपका सूचक तय गरेको छ । मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तयार गरिएको छ । प्रदेश सरकार उल्लिखित लक्ष्य अनुरूप कार्यक्रम र योजना अनुसार क्रियाशिल रहेको अवस्थामा कोभिड-१९ महामारीका कारण हाम्रो विकास योजनालाई वित्तीय तथा व्यवस्थापकीय समस्या पर्ने देखिएको छ । योजना निर्माणदेखि सञ्चालन र अनुगमन/ मूल्याङ्कनका चरणहरूको पुनर्मूल्याङ्कन गर्नु पर्ने अवस्था छ । आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय आय ०.८ प्रतिशतमा खुम्चिने प्रक्षेपण UN ESCAP ले गरेको छ । केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार २०७६/७७ को ९ महिनामा गार्हस्थ्य उत्पादनमा २.७१ प्रतिशतले सङ्कुचन आएको छ । उक्त अवधिमा कृषि क्षेत्रको वृद्धि दर २.७ र सेवा क्षेत्रको ०.८ प्रतिशत मात्र रहेको थियो । औद्योगिक उत्पादनमा १२.१, खानी उत्खननमा २.९, होटेल रेस्टुराँमा ८.६, थोक तथा खुद्रा व्यापारमा ६.६ र निर्माण क्षेत्रमा ६.१ प्रतिशतले गिरावट आएको तथ्याङ्क विभागले जारी गरेको छ । वैदेशिक रोजगारीमा गएका मध्ये प्रदेश नं. १ मा यसै आर्थिक वर्षमा फर्किनेको सङ्ख्या करिब डेढ लाख हुने अनुमान छ । ४६ प्रतिशत बेरोजगारी र झन्डै ५१ प्रतिशत अर्ध-बेरोजगारीको अवस्थामा रहेको मुलुकले यीनै सन्दर्भमा कोभिड-१९ महामारीको प्रतिकार्य र त्यस्तो प्रकृतिको सङ्कट न्यूनीकरण गर्दै सामाजिक-आर्थिक विकासलाई गतिवान राख्न सक्ने गरी अर्थ-राजनीतिक क्षेत्रमा रणनीतिक परिवर्तन गर्नु पर्ने अवस्था छ । राष्ट्रिय प्रतिकूलताको तुलनामा प्रदेश नं. १ मा परेको प्रतिकूलता कम भएतापनि (तथ्य तलको तालिकामा दिइएको छ) आवश्यक पूर्व तयारीमा तत्काले ध्यान दिनुपर्ने क्षेत्रगत विषय निम्न रहेको देखिन्छ ।

*तालिका १.९: समष्टिगत कुल गार्हस्थ्य उत्पादन र आर्थिक वृद्धिमा कोभिड-१९ को असर*

| प्रदेश | आर्थिक वृद्धि - कोभिड-१९ अगाडिको प्रक्षेपण | आर्थिक वृद्धि-कोभिड-१९ पछाडि | | आर्थिक नोकसानी रु. १० लाखमा | |
|---|---|---|---|---|---|
| | २०७६/७७ को लागि प्रक्षेपित आर्थिक वृद्धि | परिदृश्य-१ (चैत्र-वैशाख) | परिदृश्य-१ (चैत्र-असार) | परिदृश्य-१ (चैत्र-वैशाख) | परिदृश्य-१ (चैत्र-असार) |
| प्रदेश नं. १ | ७.४० | ३.४१ | १.०७ | ३४,३२० | ४६,५१० |
| प्रदेश नं. २ | ८.१२ | २.२८ | ०.७२ | २९,९०७ | ३९,९४९ |
| वाग्मती | ४.६० | १.२३ | (१.२७) | ७७,७८४ | १,१८,२७६ |
| गण्डकी | ६.६५ | २.६८ | २.२९ | १९,३१३ | २७,७९३ |
| लुम्बिनी | ६.७८ | २.०० | (०.५०) | ३०,७६८ | ४२,०८४ |
| कर्णाली | ८.१० | ३.५८ | १.६२ | ९,२६० | ११,५०८ |
| सुदूरपश्चिम | ६.९० | ४.०८ | १.२५ | १५,६५४ | २०,१४५ |
| **नेपाल** | **६.९९** | **२.२८** | **(०.६०)** | **२,१७,००५** | **३,०६,१३४** |

### *विकास व्यवस्थापन*

सर्वप्रथम, विकासलाई पर्यावरण प्राकृतिक सन्तुलन र स्थानीय सीप र नेतृत्वको आधुनिकीकरण गर्ने सिद्धान्तका रूपमा बुझ्ने र लागू गर्ने अवसरका रूपमा हामीले कोभिड-१९ महामारीलाई लिनु पर्दछ । विश्वभरि यो चर्चा चुलिएको छ । दोस्रो, विकास प्रशासनलाई चुनौतीको सामना गर्न परिआएको जुनसुकै अवस्थामा स्वायत्त र सृजनात्मक ढङ्गले द्रुत गतिमा क्रियाशिल हुन सक्ने गरी पुनर्व्यवस्थापन गर्नुपर्ने देखिएको छ । तेस्रो, योजनाको निर्माण, कार्यान्वयन र अनुगमन लगायत हरेक चरणमा सेवाग्राहीको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नु पर्दछ। योजनाको सबै चरणमा सामेल भएका नागरिकको चासो र खबरदारीले मात्र जबाफदेहीतालाई चिन्न र चिनाउन मद्दत गर्दछ । चौथो, मानिस स्वभावले नै सिर्जनशील भएको हुँदा योजनाको कार्यान्वयनको चरणमा अपेक्षित स्वायत्तता दिने र नतिजामा आधारित मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । पाँचौं, हरेक योजनाले केही अनुभवमात्र होइन ज्ञान र शिक्षा पनि दिन्छ । प्राप्त अनुभव र शिक्षालाई आगामी योजनाको निर्माण र कार्यान्वयनमा सामेल गर्ने प्रणाली विकास गर्नु पर्दछ ।

अहिले अन्तर्राष्ट्रिय विकास संस्थाहरूले अनुगमन तथा मूल्याङ्कन (M&E) मात्र भन्दैनन् । अनुगमन, मूल्याङ्कन, जबाफदेहीता र शिक्षा (Monitoring, Evaluation, Accountability and Learning-MEAL) भन्छन् । त्यस्तै विगतमा भनी आएको सामाजिक विकास (Social Development) को परिभाषा परिष्कृत भएर सामाजिक दिगोपन र समावेशीता (Social Sustainability and Inclusion-SSI) भएको छ (विश्व

बैङ्क प्रकाशन सेप्टेम्बर, २०२०) । कोभिड-१९ महामारीले विकास र सामाजिक व्यवहारको क्षेत्रमा नयाँ आयामको सृजनालाई अपरिहार्य बनाइदिएको छ । यिनै सन्दर्भमा प्रदेश नं. १ मा पनि कोभिड-१९ कालको प्रभाव र त्यसको निरूपणको दृष्टिले दीर्घकालीन रणनीति तय गर्नु पर्नेछ ।

### *स्रोत परिचालन*

आर्थिक वर्ष २०७७/७८ को बजेट अनुसार महामारी पीडित र वैदेशिक रोजगारबाट फ़र्किएकालाई लक्षित गरी घरेलु तथा साना उद्यमी र खेती किसानीको क्षेत्रमा विविध प्रकारका कार्यक्रम घोषित गरिएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत रोजगारीका विशेष कार्यक्रम बनाइएको छ । सङ्घीय सरकार मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा स्वरोजगार कार्यक्रम बनेको छ। नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार वाणिज्य बैङ्कहरूले बिना धितो व्यावसायिक ऋण लगानी गर्ने र लघु उद्योग लगायत कृषि क्षेत्रमा लगानी गर्नुपर्ने भएको छ । जसअनुसार वाणिज्य बैङ्कहरूले उद्यमी र कृषि लगायतको उत्पादनमूलक क्षेत्रमा समूहलाई पनि लगानी गर्न थालेका छन् । उल्लिखित सबै र भविष्यमा बन्ने रोजगारी कार्यक्रमलाई समेत एउटा डालोमा राखेर समन्वयात्मक व्यवस्थापन अन्तर्गत परिचालन गर्नुपर्ने अवस्था छ । यसका लागि स्वायत्त संरचना र लचिलो कार्यविधि निर्माण गर्नु पर्दछ ।

### *योजना निर्माणमा पूर्व शर्त*

योजना निर्माणको चरणमा पुँजीगत, प्रविधि, व्यावसायिक, वित्तीय र बजारसँग सम्बन्धित विषयमा आवश्यक पर्ने पूर्वाधारको यकिन गर्नु पर्दछ । हरेक पालिकामा औद्योगिक ग्राम निर्माण गर्ने योजना र भू-उपयोग सम्बन्धी सङ्घीय कानुन अनुरूप प्रादेशिक तथा स्थानीय कानुनको निर्माण गरी आयमूलक कामका लागि भूमिको उपलब्धता सुनिश्चित गर्नु पर्दछ । उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणसँग सम्बन्धित सम्पूर्ण आयामको सुनिश्चितता गर्नु पर्दछ। सीप प्रदान गर्ने वा परीक्षण गरी प्रमाणित गर्ने निकायहरू, विषयगत विज्ञता भएका व्यक्ति वा संस्थाहरूको पहिचान गरी योजना सञ्चालनको प्रत्येक चरणमा आवश्यक अग्र-पृष्ठ सुविधाको यकिन गर्नु पर्दछ । योजना निर्माणको चरणमा अनुगमनको सम्पूर्ण स्वरूप, प्रक्रिया र जिम्मेवारी किटान गर्नु पर्दछ । शहरी गरिब तथा अनौपचारिक क्षेत्रका बेरोजगारलाई केन्द्रित गरी सामूहिक रूपमा व्यवसाय गर्नेलाई प्रवर्द्धन र सहुलियत प्रदान गर्नु पर्दछ ।

### *अन्तरसम्बन्ध एवम् परिभाषा*

कोभिड-१९ महामारीले हरेक विषय र क्षेत्रका बारेमा समष्टिगत चिन्तन हुनु पर्ने कुरालाई उजागर गरेको छ । स्वास्थ्यको परिभाषा गर्दा निरोधात्मक र उपचारात्मक उपचार तथा पोषण र सरसफाइलाई एकमुस्ट सामेल गर्नु पर्दछ । पर्यावरण र जीवनशैली, भौतिक दूरी राखेर सम्पन्न गर्न सकिने कार्यशैली, विद्युतीय

कारोबार र सामाजिक संवेदनशीलता जस्ता कुरालाई दृष्टिगत गरी व्यापक रूपमा सामाजिक सचेतनाको अभियान सञ्चालन गर्नु पर्दछ।

*राहतको प्राथमिकीकरण*

सबै स्थानीय तहबाट निरपेक्ष गरिबी र सङ्कटापन्न अवस्थामा रहेको परिवारको लगत लिने र त्यसलाई अद्यावधिक गर्ने स्वचालित विधि लागू गर्नु पर्दछ । सरकारले प्रदान गर्ने उद्धार, राहत र पुनर्स्थापनाको प्रक्रियामा तदनुकूलको प्राथमिकता निर्धारण गर्नु पर्दछ । सामाजिक विकासको दृष्टिकोणले त्यस्तो सूचक बनाई स्थानीय तहका वडा कार्यालय मार्फत यस कार्यलाई व्यवस्थित गर्नु पर्दछ ।

*निजी क्षेत्रसँग सहकार्य*

समाज कल्याण, सङ्गठन र जागरणको क्षेत्रमा योगदान दिन चाहने निजी क्षेत्रसँग सरकारले सहकार्य तथा सहजीकरण गर्नु पर्दछ । नाफामूलक लगानीको क्षेत्रमा स्थानीय नागरिकलाई सीप, सामग्री र बजार प्रदान गरेर विकासको अवसर दिने लगानीकर्तालाई प्राथमिकता दिनु पर्दछ ।

*अन्तर-सम्बन्धित अन्य विषय*

संविधान बमोजिम स्थानीय तहको क्षेत्राधिकारमा पर्ने विषयहरूमा सङ्घीय कानुन र अधिकारको निक्षेपीकरणको अभावका कारण आवश्यक कानुन निर्माण र व्यवस्थापन हुन सकिरहेको छैन (जस्तैः खानीको व्यवस्थापन) । महामारीको कारण आर्थिक न्यूनताको स्थितिमा पनि थुप्रिएर बसेको कोशीको बालुवा निर्यात गर्न सकिएको छैन । प्रदेशमा सञ्चालित सरकारी उद्योग सामान्य लगानी र व्यवस्थापन सुदृढीकरण गर्दा लाभप्रद ढङ्गले सञ्चालन गर्न सकिनेमा त्यसो हुन सकिरहेको छैन । जस्तै, उदयपुर सिमेन्ट उद्योग; विद्युत, सिँचाई, सञ्चार र राष्ट्रिय लोकमार्गको अनुगमन हुन सकिरहेको छैन; स्वास्थ्य र शिक्षाको क्षेत्रमा दोहोरोपना छ; सुरक्षा र सामान्य प्रशासनको क्षेत्रमा स्थानीय आवश्यकता र आकस्मिकता अनुरूप प्रदेश लगायत स्थानीय सरकारको सहभागिता नरहने हुँदा स्थानीय सरकारले अपेक्षित रूपमा जनताको सेवा गर्न सकिरहेका छैनन् । उल्लिखित विषय महामारी र त्यसले दिएको शिक्षा र चेतावनीको सम्बोधन गर्ने सिलसिलामा निरूपण हुनु आवश्यक छ ।

हरेक मन्त्रालयले आफ्ना कार्यक्रमको वर्गीकृत अभिलेख राख्ने र योजनाले सेवा दिने जनसङ्ख्या सहितको तथ्याङ्क तयार गर्ने कुरा आगामी दिनमा सम्पन्न गर्नुपर्ने देखिएको छ । साथै सार्वजनिक सेवालाई विद्युतीय स्वरूपमा सञ्चालन गर्ने र योजना तथा कार्यक्रमको सीमाबद्ध कामको बारेमा पूर्व सूचना दिने स्वचालित प्रणाली स्थापित गर्नुपर्ने देखिन्छ । सीमान्तकृत व्यक्ति र समुदाय लक्षित सामूहिक उद्यम र उत्पादन सामग्रीको आयाम समेट्ने गरी विकासलाई समग्रमा समेट्ने दृष्टिकोण सहित चालू कार्यक्रममा आवश्यक

समायोजन गर्नुपर्ने देखिन्छ । मुख्यमन्त्री ड्यासबोर्डलाई प्रादेशिक सम्पर्क, सञ्चार र वार्तालाप तथा एकीकृत सूचना पोर्टलको रूपमा यथाशीघ्र सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

## १.६ अर्थ-राजनीतिक अवस्था

मानव सभ्यताको पछिल्लो २ हजार वर्षको इतिहास मात्र हेर्ने हो भने पनि यसले बारम्बार उथलपुथल बेहोरेको छ । पुराना राजनीतिक, आर्थिक र सामाजिक मान्यताहरू भत्किने र नयाँ बन्ने क्रमसँगै शक्तिशाली साम्राज्यहरू पतन हुने र नयाँ विश्वशक्तिको उदय हुने चक्र चालू छ । पश्चिमा देशहरूबाट सुरु भएको औद्योगिक क्रान्तिपछि तीव्र बनेको परिवर्तनको रफ्तार अझै जारी छ । दोस्रो विश्व युद्धपछिको ७५ वर्षमा संसारले प्रविधि र भौतिक पक्षमा अभूतपूर्व विकास गरेको छ । यसका सकारात्मक परिणाम पनि विश्वले उपभोग गरेको छ । १९ औं शताब्दीको मध्यसम्म विश्वमा मानिसको औसत आयु २९ वर्ष मात्र थियो । अझ २० औं शताब्दीको पूर्वार्द्धसम्म पनि एसियाली र अफ्रिकी मुलुकहरूको औसत आयु २६/ २७ वर्ष जति मात्र थियो । तर अहिले मानिसको विश्व औसत आयु करिब ७२ वर्ष छ । मातृ शिशु मृत्युदर र स्वास्थ्य सेवाको प्रगतिले गर्दा यसमा उल्लेखनीय सुधार आएको छ । कृषिमा भएको प्राविधिक विकास र खाद्य वितरण प्रणालीका कारणले सन् ७० को दशकदेखि भोकमरीको समस्या न्यून हुँदै अहिले लगभग शून्यको अवस्थामा छ । भौतिक विकास, स्वास्थ्य, शिक्षा, आय/ आर्जन, शान्ति/ सुरक्षा लगायतका क्षेत्रमा पनि संसारले उत्साहजनक प्रगति हासिल गरेको छ ।

पछिल्लो ४० वर्षमा नव उदारवादी अर्थ-राजनीतिक संरचना र भूमण्डलीकरणको प्रक्रिया अन्तर्गत विश्व व्यापार र पुँजी बजारको तीव्र विस्तार, औद्योगिक उत्पादन प्रणालीको व्यापक विकेन्द्रीकरण, यातायात सम्पर्क, सूचना प्रविधि आदि पक्षमा अभूतपूर्व प्रगति भएको छ । विश्व बैङ्कको तथ्याङ्क अनुसार सन् १९७० मा अन्तर्राष्ट्रिय व्यापार विश्वको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत मात्र थियो । सन् २०१८ सम्म आउँदा यो अनुपात ५९ प्रतिशत पुगेको छ । औद्योगिक उत्पादनका पाटपुर्जाहरू अत्यन्तै किफायती रूपले संसारभरिका कलकारखानामा छरिएर बन्न थालेका छन् । तथापि, पुँजीवादको आडमा आक्रामक र एकाङ्की तरिकाले तीव्र गतिमा विस्तार भएको भूमण्डलीकरणका विरोधाभास सङ्केतहरू यसको प्रारम्भिक चरणमा नै देखा पर्न थालिसकेको थिए । नव उदारवाद र भूमण्डलीकृत पुँजीवादले सन् १९८० को दशकको ल्याटिन अमेरिकी वित्तीय सङ्कट, १९९० को दशकको पूर्वी एसियाको वित्तीय सङ्कट, २००८ को विश्व आर्थिक सङ्कट, जलवायु परिवर्तन, वातावरणीय समस्या, बढ्दो सामाजिक असमानता निम्त्याएको छ । ८५ जना धनाढ्य व्यक्तिहरूसँग संसारका आधा जनसङ्ख्या (३.८ अरब मानिस) भन्दा बढी सम्पत्ति केन्द्रित भएको छ । प्रकृतिको उच्चतम दोहन गरी बढी नाफा कमाउने दौडमा बहुराष्ट्रिय कम्पनीहरू पृथ्वी र मानव समुदायकै अस्तित्वमा सङ्कट निम्ताउने बाटोमा लागि परेको अवस्था छ ।

यस जटिल परिस्थितिमा विश्वको केवल ०.०३ प्रतिशत भूगोल, ०.०३ प्रतिशत अर्थतन्त्र र ०.३७ प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने नेपालले प्रकृतिमैत्री भौतिक विकासका साथै सामूहिक सुखी र खुशीको समेत परिकल्पना गरी वस्तुगत आधार तय गरेको छ । समाजवाद उन्मुख नेपालको संवैधानिक मार्गदर्शनको आधारमा दीर्घकालीन सोच २१०० मार्फत समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य तय गरेको छ भने उक्त सोचलाई वस्तुगत बनाउनको निमित्त समृद्धिको ४ र सुखको ६ उद्देश्य समेत तय गरी राष्ट्र अघि बढेको स्थिति छ । दिगो तथा सन्तुलित विकासका लागि मानव विकास सूचक तथा दिगो विकास लक्ष्यका सूचक सृजना गरी उक्त लक्ष्यको प्राप्तिमा अग्रसर छ । साथै संयुक्त राष्ट्र सङ्घको अति कम विकसितबाट विकासशील राष्ट्रको सूचीमा पदोन्नति हुने ३ मापदण्ड (मानव सम्पत्ति सूचक ६६, आर्थिक जोखिम सूचक ३२ र प्रतिव्यक्ति आय १,२३० अमेरिकी डलर) मध्ये कुनै २ मापदण्ड पुरा गर्नुपर्नेमा प्रति व्यक्ति आय बाहेकको मापदण्ड नेपालले पुरा गरी सकेकाले सन् २०२२ मा स्तरोन्नति हुने तयारीमा रहेको छ ।

प्रदेश नं. १ राजनीतिक र प्राज्ञिक दृष्टिकोणले अब्बल प्रदेश हो । चीन र भारतसँग सिमाना जोडिएको छ भने नजिकैको दूरीमा बङ्गलादेश र भुटान रहेको छ । व्यापार-पारवहन, पर्यटन तथा सांस्कृतिक आदान-प्रदानको दृष्टिकोणले नेपालको सबैभन्दा प्रचुर सम्भावना यहाँ रहेको छ । भूपरिवेष्टित होइन भू-जडितको दृष्टिकोणले आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको निमित्त प्रदेश अत्याधिक सहज धरातलमा रहेको छ । साथै, भुटानको संवैधानिक राजतन्त्र, बङ्गलादेशको खुल्ला अर्थनीति, भारतको गणतान्त्रिक अभ्यास र चीनको समाजवादी विकासका केही सफल अनुभवबाट देश तथा प्रदेशले धेरै कुराको लाभ उठाउन सक्ने स्थिति छ । विश्वका सर्वशक्तिमान राष्ट्र चीन र भारतको सिमाना रहेको हुनाले प्रदेशको अर्थ राजनीतिक विकासको चुनौती तथा सम्भावना दुवै रहेको छ । कोभिड-१९ को विश्वव्यापी महामारीले नयाँ मूल्य-मान्यतासहितको प्याराडाइम सिफ्टका लागि विश्व समुदायलाई ब्यूँझाइदिएको सन्दर्भमा प्रदेश नं. १ मा पनि शताब्दीदेखि त्रुटिपूर्ण रहेको राजनीतिक सोच, लोकतान्त्रिक अभ्यास र आर्थिक/ सामाजिक रूपान्तरणको नीति तथा योजनामा पनि आधारभूत तहको परिवर्तन गर्ने भू-राजनीतिक अवसर छ । प्रदेशले स्वच्छ, सुखी र समुन्नत प्रदेशको सोच तय गरी विभिन्न वस्तुगत र मापनयोग्य सूचकहरू तय गरी योजना कार्यक्रमलाई लक्ष्यतर्फ उन्मुख गराउने कोसिस गरेको छ । तथापि भौतिक निर्माणलाई मात्र विकासको मानक ठान्ने र बुझ्ने प्रवृत्तिबाट माथि उठ्न जरुरी छ ।

कोभिड-१९ को विषम परिस्थितिको कारण विश्वका धेरै राष्ट्रको आर्थिक वृद्धिदर ऋणात्मक भए पनि आ.व. २०७७/७८ मा नेपालको आर्थिक वृद्धि १.५ बाट २.८ सम्ममा सीमित हुने र प्रदेश नं. १ को आर्थिक वृद्धि ३.४१ हुने कुरा विश्व बैङ्कले प्रक्षेपण गरेको छ । यद्यपि आ.व. २०७७/७८ को पहिलो ६ महिना प्रदेशमा कृषि क्षेत्रको आर्थिक वृद्धि १.१ प्रतिशतमा झर्ने र आउँदो आर्थिक वर्षमा समेत सेवा

क्षेत्रमा अत्याधिक प्रभाव कायम रहने सङ्केत गरेको छ । सात प्रदेश मध्ये सबैभन्दा बढी कृषि उत्पादन तथा दोस्रो ठूलो अर्थतन्त्र रहे पनि प्रदेश नं. १ मा गरिब कृषकको उत्पादनले उचित बजार नपाई बिचौलियाको भर पर्नु पर्ने स्थिति छ । प्रदेश सरकारले सहकारिता तथा साझेदारी मार्फत समृद्धिको लक्ष्य राखे पनि सार्वजनिक सेवाका मुख्य क्षेत्रमा केही सीमित निकायहरू एकाधिकार कायम गर्न उद्धत छन् । कृषि क्षेत्रबाट सेवा क्षेत्रभन्दा औद्योगिक क्षेत्रमा अर्थतन्त्र रूपान्तरण हुने क्रम अन्य प्रदेशभन्दा उच्च रहेकोले प्रदेश नं. १ को अर्थतन्त्र अरू प्रदेशभन्दा बढी दिगो र भरपर्दो रहेको छ । तथापि, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नाफाखोरको दबदबालाई क्रमशः कम गर्दै जानुपर्ने अवस्था छ । साथै प्रदेशमा राष्ट्रिय पुँजीको विकासको सट्टा बिचौलिया तथा दलाल अर्थतन्त्रले बढावा पाएको कुरा विज्ञहरू बताउँछन् । तसर्थ सार्वजनिक सेवा तथा चासोका विषय क्षेत्रमा सरकारको भूमिका क्रमशः सशक्त बनाई वर्गीय, क्षेत्रीय, लैङ्गिक तथा सामुदायिक समानता सहितको समृद्धिमा प्रदेश सरकारको अर्जुनदृष्टि जरुरी छ । साथै प्रदेशमा रहेका विशिष्ट उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने, आर्थिक तथा सामाजिक विकासको सन्तुलन कायम गर्ने, दूर-दराजमा बस्ती विकास गरी निर्जलीकरण कम गर्ने, २० प्रतिशत धनीमा केन्द्रित ८० प्रतिशत सम्पत्तिको असमान वितरण तथा असन्तुलनको वस्तुस्थितिलाई बोध गरी कार्यक्रम तर्जुमा गर्ने, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाका विषयमा सरकारको भूमिका तथा नियन्त्रण फराकिलो बनाउने जस्ता अर्थ-राजनीतिक विषयलाई ध्यान दिनुपर्ने देखिन्छ ।

## १.७ प्रदेश आयोजना बैङ्कमा राख्न प्रस्तावित मुख्य-मुख्य आयोजना

प्रादेशिक गौरवका आयोजना तथा जिल्लागत सम्भावित उद्योगहरूको सूची :

१. केचना-सगरमाथा फास्ट ट्र्याक रोड
२. सगरमाथा केवलकार (चौरीखर्क-नाम्चे-दुधकुण्ड)
३. धरान-भेडेटार-नाम्जे केवलकार
४. पाथीभरा केवलकार
५. हलेसी केवलकार
६. मधुमल्ला-मिक्लाजुङ केवलकार
७. लेटाङ-राजारानी केवलकार
८. धरान-मुलघाट सुरुङ मार्ग
९. वृहत् विराटक्षेत्र चक्रपथ निर्माण
१०.स्मार्टसिटी रुम्जाटार, इटहरी, लेटाङ, राजारानी र घुन्सा हिमाली नमुना गाउँ
११.मुन्धुम ट्रेल पदमार्ग (भोजपुर, खोटाङ, संखुवासभा र सोलु क्षेत्र)
१२.कञ्चनजङ्घा-सगरमाथा हिमाली पदमार्ग (ताप्लेजुङ, संखुवासभा र सोलु)
१३.विराटनगर क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

१४.चतरा-तुम्लिङटार (अरुण नदी) र चतरा-दोलालघाट (दुधकोशी, सुनकोशी नदी) जलमार्ग
१५.अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, इटहरी
१६.तमोर मेवा हाइड्रोपावर १२८ मेगावाट (ताप्लेजुङ)
१७.मेघा सौर्य ऊर्जा २०० मेगावाट (दुहवी, सुनसरी/ बेलका, उदयपुर)
१८.कोशी रिभर पोर्ट (चतरा)
१९.Mass Transportation Project, विराटनगर
२०.हिमालयन ट्रङ्कलाइन खानेपानी
२१.औद्योगिक पार्क, अमरडुवा सुनसरी
२२.प्रत्येक जिल्लामा औद्योगिक पार्क
२३.भूमिगत तार जडान तथा व्यवस्थापन
२४.अर्गानिक मल कारखाना
२५.कृषि मल कारखाना
२६.आयुर्वेद चिकित्सा एवम् जडीबुटी औषधी प्रशोधन तथा उत्पादन केन्द्र स्थापना (चतरा, संखुवासभा)
२७.इटहरी तालतलैया थिमपार्क तथा प्रदेश गौरवको पर्यटकीय क्षेत्र निर्माण
२८.बहुविशिष्टिकृत प्रादेशिक शिक्षण अस्पताल, धनकुटा
२९.पथरी महासङ्ग्रहालय, पथरी
३०.विराटनगर विशेष आर्थिक क्षेत्र स्थापना तथा औद्योगिक प्रदर्शनी निर्माण
३१.वृहत् विराटक्षेत्र स्याटलाईट सिटी निर्माण
३२.उदयपुर बेलका-सुनसरी बराह, श्रीलङका टापुमा बहुउद्देश्यीय जोन (कृषि, पर्यटन र पर्यावरण)
३३.हिमाली मिनिरल वाटर
३४.हिमपात महाविद्यालय स्थापना
३५.कोशी रिफ्रेस्मेन्ट सेन्टर कोशी गाउँपालिका, सुनसरी
३६.भेडेटार स्काईवाक तथा केवलकार
३७.फोहोरमैला सङ्कलन तथा विद्युत उत्पादन
३८.जोगबनी-धरान तथा काँकडभिट्टा-कोशी ब्यारेज विद्युतीय बस सेवा
३९.भूमिगत फाइबर केवल परियोजना
४०.सवारी साधन तथा विद्युतीय उपकरण उद्योग स्थापना
४१.क्लिङ्कर उद्योग (सिमेन्ट, उदयपुर)
४२.खानीजन्य निर्माण सामाग्री उद्योग
४३.टि टेस्टिङ एण्ड प्रमोसन सेन्टर (फिक्कल, सुर्योदय नगरपालिका, इलाम)
४४.चलचित्र नगरी तथा छायाङ्कन स्थल

४५.साहसिक खेलहरू प्याराग्लाईडिङ्ग (धरान, बेलका), जिपलाइन आदि
४६.आइस स्केटिङ, हक्की खेल (गोक्यो ताल, सोलुखुम्बु)
४७.एग्रीकल्चर सेन्टर अफ एक्सिलेन्सको स्थापना
४८.प्रादेशिक अनुसन्धान केन्द्र स्थापना
४९.तीनजुरे-मिल्के-जलजले लालीगुराँस तथा जैविक विविधता सहितको पर्यटकीय गन्तव्य स्थल
५०.कोदोको स्थानीय रक्सीको उत्पादन र ब्रान्डिङ
५१.वाइन उत्पादन र ब्रान्डिङ (प्रदेशमा उत्पादन हुने फलफूलबाट)
५२.ह्विस्की र बियर उत्पादन र ब्रान्डिङ
५३.नमुना एवम् स्मार्ट एकीकृत बस्तीको निर्माण
५४.थक्वा चित्रेबाट सवापोखरी जाने बाटो
५५.प्रदेश डाटा सेन्टर स्थापना
५६.तावा ताल निर्माण (खोटाङ र भोजपुर बीच तावा भन्ज्याङ)
५७.राजनेता पार्क तथा राजनीतिक सङ्ग्रहालय
५८.पाख्रीबासमा साइन्स एण्ड टेक्नोलोजी युनिभर्सिटी, कानुन बनाएर फुल युनिभर्सिटी बनाउने
५९.हाईटेक कोल्डस्टोर
६०.दूधकोसी हाइड्रो (११० मेगावाट) सरकारको प्रोजेक्ट अक्सनमा लिएको
६१.मुढे शनिश्चरे टाउन प्लानिङ
६२.विराटनगर विराट दरबार क्षेत्र पर्यटन पूर्वाधार निर्माण
६३.रामधुनी, चतरा, बराहक्षेत्र, धरान, बुढासुब्बा, पिण्डेश्वरी धार्मिक कोरिडर निर्माण
६४.बाँस खेती तथा उद्योग निर्माण ।

*तालिका १.१०: जिल्लागत रूपमा स्थानीय उत्पादनमा आधारित सम्भावित उद्योगको सूची*

| क्र.सं. | जिल्ला | सम्भाव्य उत्पादन |
|---|---|---|
| १ | सोलुखुम्बु | आलु, फापर, कोदो, वाइन, ह्विस्की |
| २ | संखुवासभा | अलैंची, लालीगुराँस (जूस), बियर |
| ३ | ताप्लेजुङ | अलैंची, प्लाइउड (उत्तिस), मिनिरल वाटर (पानी उद्योग) |
| ४ | ओखलढुङ्गा | कोदो, कागती, सुन्तला |
| ५ | खोटाङ | कोदो, फर्निचर |
| ६ | भोजपुर | रुद्राक्ष, सुन्तला, अलैंची, अदुवा, कोदो, तामा, काँस धातु |
| ७ | धनकुटा | सुन्तला, अदुवा (पेस्ट), एभोकाडो (प्रशोधन), किवी |
| ८ | तेह्रथुम | अदुवा (पेस्ट), सिमल, उत्तिस (प्लाइउड), पार्केटिङ |
| ९ | पाँचथर | किवी, वाइन (निर्यातयोग्य) |

| क्र.सं. | जिल्ला | सम्भाव्य उत्पादन |
|---|---|---|
| १० | इलाम | चिया (High Tech, Branding), छुर्पी |
| ११ | उदयपुर | सिमेन्ट, क्लिङ्कर, कुखुरा पालन (पोल्ट्री), खाद्य उद्योग |
| १२ | सुनसरी | खाद्य प्रशोधन उद्योग, बालुवा उद्योग, ब्लक उद्योग, जडीबुटी |
| १३ | मोरङ | सामाग्री प्रशोधन उद्योग, निर्माण सामाग्री उद्योग, प्रि-फ्याब |
| १४ | झापा | खाद्य प्रशोधन उद्योग, धान, सुपारी, खयर (कत्था), नरिवल |

## १.८ आगामी अवधिको कार्ययोजना

पन्ध्रौं राष्ट्रिय योजनामा **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोच राखिएको छ । सो सोचलाई वस्तुगत बनाउन समृद्धिमा ४ सूचक र सुखीमा ६ सूचक गरी १० वटा दीर्घकालीन राष्ट्रिय लक्ष्य तोकिएको छ । त्यसैगरी प्रदेशको समग्र विकासका लागि **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोच लिइएको छ । उक्त सोच पुरा गर्नका लागि **"सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने"** प्रदेशको समष्टिगत लक्ष्य लिइएको छ । सो भित्र आर्थिक, सामाजिक, पूर्वाधार, जलवायु/ वातावरण/ जैविक विविधता र सुशासन गरी ५ वटा स्तम्भहरू खडा गरिएका छन् । त्यसैगरी **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** निर्माणको सोचलाई पुरा गर्न स्वच्छमा ४, सुखीमा ४ र समुन्नतमा ४ गरी जम्मा १२ वटा आधार स्तम्भहरू राखिएका छन् । यी आधार स्तम्भहरू भित्र पनि स्वच्छमा १०, सुखीमा २५ र समुन्नतमा ३१ गरी जम्मा वटा ६६ सूचकहरू राखिएका छन् जुन राष्ट्रिय तथा प्रादेशिक लक्ष्य मापन गर्ने आधारहरू रहेका छन् । अपेक्षित प्रगति हासिल गर्नका लागि मन्त्रालय/ निकायहरूले आगामी अवधिमा प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार तथा तोकिएको कार्य जिम्मेवारी अनुसारका सबै क्षेत्र समेटिने योजनाहरूको प्राथमिकीकरण गरी विशेष कार्ययोजना सहित कार्यान्वयनमा जोड दिन आवश्यक देखिन्छ ।

यसरी राष्ट्रिय र प्रादेशिक लक्ष्य पुरा गर्नका लागि मन्त्रालय तथा निकायहरूलाई तोकिएका तपसिलका क्षेत्रहरूमा वस्तुगत कार्य योजनाका साथ अगाडि बढ्नु पर्ने देखिन्छ ।

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
- मानव संसाधन विकास
- मानव अधिकार संरक्षण तथा संवर्द्धन
- सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण गरी सुशासन तथा प्रशासनिक सुधार
- मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- नागरिक सुनुवाइ कार्यक्रम

ख. आन्तरिक मामिला तथा कानुन मन्त्रालय
- शान्ति सुरक्षा तथा सुव्यवस्था कायम

- गुनासो र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
- युवा लक्षित जनचेतना कार्यक्रम सञ्चालन
- कानुन निर्माण, कार्यान्वयन र निःशुल्क कानुन सहायता
- विश्वसनीय व्यावसायिक र प्रतिस्पर्धी सञ्चार माध्यम

ग. आर्थिक मामिला तथा योजना मन्त्रालय

- नेपालको संविधानले निर्दिष्ट गरेको शुल्क तथा करको आधार र दायरा खोजी
- प्रदेश र स्थानीय तहसँगको समन्वयमा सन्तुलित विकासको नीति
- वैदेशिक रोजगारबाट फर्केका ज्ञान, सीप, दक्षता भएका युवा लक्षित "मुख्यमन्त्री युवा उद्यमशीलता कार्यक्रम" सञ्चालन गर्ने
- वित्तीय अनुशासन कायम गर्नका लागि मापदण्ड निर्माण

घ. भौतिक विकास मन्त्रालय

- ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप नियन्त्रण
- प्रदेश भित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा
- प्रदेश भित्रको यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन

ङ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

- कृषि, पशु विकास तथा खाद्य/ पोषण, सुरक्षा र गुणस्तर सम्बन्धी
- कृषि मल, बिउँ र विषादी आपूर्ति व्यवस्था
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग तथा चकलाबन्दी सम्बन्धी
- सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन

च. सामाजिक विकास मन्त्रालय

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी
- खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी
- महिला हक, लैङ्गिक हिंसा, मानव बेच-बिखन तथा ओसारपसार सम्बन्धी
- खेलकुद सम्बन्धी

छ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

- पर्यटन पूर्वाधार विकास
- दिगो वन व्यवस्थापन
- उच्च शिक्षामा विज्ञान प्रयोगशाला स्थापना

- औद्योगिक क्षेत्र तथा करिडोर स्थापना तथा उद्यमशीलता, सीपयुक्त जनशक्ति उत्पादन
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी
- उपभोक्ता हक अधिकार सम्बन्धी
- खानी तथा खनिज पदार्थ सम्बन्धी

## १.९ आगामी अवधिको क्षेत्रगत कार्य योजना

क. आर्थिक क्षेत्र

- आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी न्यूनीकरणका लागि उच्च योगदान दिने कृषि उद्योग, व्यापार, भौतिक पूर्वाधार, पर्यटन, सामाजिक विकास जस्ता क्षेत्रमा प्राथमिकतासाथ लगानी गर्ने औद्योगिक वातावरण सृजना गर्दै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने वातावरण सृजना गर्ने ।
- तुलनात्मक लाभ भएका बाली तथा पशुपन्छीजन्य उत्पादनको विकास एवम् विस्तार गरी कृषि तथा पशुपन्छी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने आयोजना सञ्चालन गर्ने ।
- उपलब्ध स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गरी रोजगारीका अवसर सृजना हुने योजनालाई प्राथमिकता दिने ।
- प्रदेशमा उपलब्ध खनिज सम्पदाको अन्वेषण र उत्खनन गरी उपभोग गर्ने क्रियाकलाप सञ्चालन गर्ने ।
- सर्वसुलभ आपूर्ति प्रणाली स्थापित गरी व्यापारिक गतिविधि वृद्धि गर्ने क्रियाकलापमा जोड दिने ।
- वन क्षेत्रको विकास एवम् दिगो वन व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्ने कार्यक्रम गर्ने ।

ख. सामाजिक क्षेत्र

- उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय, जीवनोपयोगी र सीपमूलक शिक्षामा पहुँच पुऱ्याई पूर्ण साक्षर प्रदेश निर्माण गर्ने प्रकृतिका योजना सञ्चालन गर्ने ।
- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहुँच पुग्ने कार्यक्रम तथा क्रियाकलाप सञ्चालनमा जोड दिने ।
- लैङ्गिक हिंसा न्यूनीकरण हुने प्रकृतिका क्रियाकलाप सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण हुने कार्यक्रम सञ्चालन गर्ने ।

घ. पूर्वाधार क्षेत्र

- जग्गाको दिगो उपयोग तथा व्यवस्थापन तथा विद्यमान सिँचाइ आयोजनाको पूर्ण उपयोग गर्ने प्रकृतिका योजना सञ्चालन गर्ने ।
- जल उत्पन्न प्रकोपबाट हुने धनजनको क्षति न्यूनीकरण गर्ने तथा विद्युत उत्पादन, प्रसारण र वितरणमा वृद्धि हुने आयोजना सञ्चालन गर्ने ।
- वैकल्पिक यातायातको विकास गरी सबै पालिकामा गुणस्तरीय सडक पहुँच हुने प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने ।
- विज्ञान तथा प्रविधिको विकास गरी सूचना तथा प्रविधिमा सबैको पहुँच पुऱ्याउने ।
- हरित प्रविधिको उपयोगद्वारा आयोजनाको सम्भार र संरक्षण गर्ने ।

ङ. सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था

- सार्वजनिक प्रशासनलाई नतिजामुखी र प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई सहज बनाउने ।
- शान्ति सुरक्षालाई प्रभावकारी बनाउने तथा मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने ।
- नागरिकसँग सरकारको अवधारणा अनुरूप नागरिक, पेशागत तथा व्यावसायिक सङ्घसंस्थासँगको सहकार्यमा सचेतना र सहयोग तथा समन्वय अभिवृद्धि गर्ने ।

च. वातावरण

- वातावरणीय संरक्षण तथा प्रदूषण नियन्त्रण विकास कार्यक्रमको अभिन्न अङ्ग भएकोले वातावरणीय स्वच्छता सहितको दिगो विकास हुने कार्यक्रमलाई प्राथमिकता दिने ।
- जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणलाई प्राथमिकतामा राखी योजना छनौट गर्ने ।
- कोशी नदी प्रणाली अन्तर्गतको प्रदेश भएकोले उक्त वातावरणीय क्षेत्रलाई मध्यनजर गरेर मात्र विकास र बस्तीका योजना बनुन् भन्नेतर्फ सचेष्ट रहने ।

## १.१० क्षेत्रगत मुख्य समस्या तथा चुनौती

क. आर्थिक क्षेत्र

- कोभिड-१९ को महामारीसँग सुरक्षित रहन लागू गरिएको बन्दाबन्दी र सीमा नाका समेत बन्द गर्नु परेका कारण भन्सार कर तथा प्रदेशभित्र समेत उद्योग, व्यापार व्यवसाय बन्द हुन गई भ्याट कर आदि राजस्व सङ्कलनमा आएको अपूर्व ह्रास ठूलो समस्याका रूपमा देखा परेको छ भने परिस्थिति लम्बिँदै गए यो समस्याको समाधान कसरी गर्ने भन्ने कुरा चुनौतीका रूपमा उपस्थित भएको छ ।
- विभिन्न मन्त्रालयले बजेट माग गर्दा ठूलो आकारको माग गर्ने तर विधि पुऱ्याई खर्च गर्ने क्षमतामा वृद्धि हुन नसकेको स्थिति एकातिर छ भने अर्कोतिर बचत हुन सक्ने अङ्क बारम्बार

ताकेता गर्दा पनि अन्तिम अवस्थासम्म उपलब्ध नगराई दिइनाले आवश्यक नपरेको ठाउँमा बजेट फ्रिज हुने र आवश्यक परेको ठाउँमा निकासा दिन नसकिने समस्या देखिएको छ ।

- सङ्घीय सरकारबाट प्राप्त हुनु पर्ने अनुदान समयमै आउन नसकेको र स्थानीय तहमा निकासा दिइएको अनुदान विधि सम्मत खर्च गर्ने नगरेको र खर्चको फाँटवारी वित्तीय अनुशासन परिपालन गरी समयमै पेस गर्ने नगरेको जस्तो प्रक्रियागत समस्या देखिएको छ ।

ख. सामाजिक क्षेत्र

- कोभिड-१९ को महामारीका कारण व्यक्ति-व्यक्तिका बीच भौतिक दूरी कायम राख्न अपरिहार्य भएको हुँदा शिक्षा पठनपाठनको शैलीलाई सूचना प्रविधिका माध्यमबाट गर्नु आवश्यक हुन आएको छ । यस अनुसार शिक्षकलाई प्रशिक्षित गर्नु, पूर्वाधार एवम् कम्प्युटर लगायतको उपकरणको व्यवस्था गर्नु तथा यस्तो शैक्षिक प्रणालीलाई दूरदराजका सबै विद्यार्थीको पहुँचमा पुऱ्याउनु नयाँ समस्या र चुनौती बनेर आएको छ ।
- हाल कोभिड-१९ महामारीको अवधि लम्बिरहेको सन्दर्भमा त्यसको असरबाट जनतालाई सुरक्षित तुल्याउनु पहिलो र सर्वोपरि चुनौतीको रूपमा रहेको छ । कोभिड-१९ को प्रभावलाई न्यूनीकरण गर्नका लागि स्वास्थ्य सम्बन्धी उपकरण, सामग्रीहरूको आपूर्ति तथा आइसोलेसन र उपचार केन्द्रको पर्याप्त सहज व्यवस्था गर्नु चुनौतीका रूपमा उपस्थित भएको छ । स्वास्थ्य सेवामा निजी क्षेत्रको यथोचित सहभागिता र सहकार्य जुटाउनु चुनौती रहेको छ भने तिनको प्रभावकारी अनुगमन समस्याको रूपमा रहेको छ ।
- महिला तथा अपाङ्गमाथि हुने व्यवहारगत विभेद, लैङ्गिक हिंसामा वृद्धि, जातीय, क्षेत्रीय, वर्गीय, धार्मिक तथा सामाजिक विभेद आदि सामाजिक समस्या तथा चुनौतीको रूपमा रहिरहेको छ ।

ग. पूर्वाधार क्षेत्र

- पूर्वाधार विकासका लागि अत्याधिक ठूलो माग रहेको छ जसको तुलनामा आर्थिक स्रोत अत्यन्त सीमित छ । यो खाडल नै ठूलो समस्याका रूपमा खडा छ भने यो विषमताबिच मागहरूलाई सन्तुष्ट तुल्याउनु चुनौतीको रूपमा उपस्थित छ । आर्थिक स्रोतको सीमितताका कारण समयमै भुक्तानी हुन नसक्ने कारणले पनि थप समस्या निम्त्याएको अवस्था छ ।
- सार्वजनिक निजी साझेदारी, बूट (Build, Own Operate and Transfer (BOOT) Hybrid Annuity, EPCF (Engineering, Procurement, Commissioning and Financing) तथा EPC जस्ता विषयमा कानुन र सङ्घ तथा प्रदेशको अख्तियारी सम्बन्धी स्पष्टताको अभाव छ ।

- कामको तुलनामा प्राविधिक जनशक्ति निकै कम र असन्तुलित रहेका कारण सुपरिवेक्षण गर्न कठिनाइ रहेको समस्या देखिएको छ ।
- सम्झौता गरिएको काम निर्माण व्यवसायीबाट तोकिएको समयभित्र र गुणस्तरीय रूपमा सम्पन्न गर्न नसकेको समस्या केही अपवादलाई छाडेर अझै पनि सामान्यतः विद्यमान रहेको छ ।
- जनप्रतिनिधिहरूबाट आइरहने नयाँ-नयाँ पूर्वाधार विकासका मागहरू र आयोजना छनौटदेखि निर्माणसम्मको कार्यविधि बिचको असमझदारीलाई व्यवस्थापन गर्नु चुनौती रहेको छ ।

घ. उद्योग, वाणिज्य र पर्यटन क्षेत्र

- कोभिड-१९ महामारीका कारण सबैभन्दा ठूलो मारमा परेको आर्थिक क्षेत्र उद्योग, वाणिज्य र पर्यटन क्षेत्र हो । कच्चा पदार्थको आपूर्ति तथा जनशक्तिको परिचालन र व्यवस्थापनमा समस्या देखिएको छ । विदेश र देशका उद्योगहरूमा रोजगारी गुमेको अवस्था छ ।
- आवागमनमा बन्देजका कारण पर्यटन व्यवसाय र गतिविधि ठप्प रहेको अवस्था छ ।
- राज्यबाट उपलब्ध गराइएको केही सुविधाका बावजूद उत्पादनको बजारसम्म पहुँचका लागि ढुवानीमा बन्दाबन्दीका कारण आपूर्ति कायम राख्न ठूलो चुनौती उपस्थित भएको छ ।
- उद्योगहरूलाई सञ्चालनमा राख्नु, विद्यमान रोजगारी कायम राख्दै नयाँ उद्योग तथा रोजगारीको नवीन अवसर सिर्जना गर्नु चुनौतीका रूपमा उपस्थित छ ।

ङ. कृषि क्षेत्र

- कृषि क्षेत्र कोभिड-१९ महामारीबाट ठूलो क्षति व्यहोरेको अर्को ठूलो क्षेत्र हो । बन्दाबन्दीका कारण उपभोक्तामा कृषि उपज पुऱ्याउन नपाउनु र उत्पादनको खपत गर्न नपाउनु नै यसका लागि ठूलो समस्या र चुनौती रहेको छ ।
- मानव जीवनको आधार नै कृषि क्षेत्र भएको परिप्रेक्ष्यमा यस क्षेत्रलाई चलायमान राख्नु र नवीन सोच र योजनाका साथ रोजगारीका वृहत् अवसर सिर्जना गर्ने गरी पुनर्ताजगीकृत गर्नु चुनौती रहेको छ ।
- राज्यद्वारा गरिने कृषि विकासका क्रियाकलापलाई सहकारीसमेत को सहयोग लिई रोजगारी, उत्पादन र उत्पादकत्व, बजारीकरण तथा मानक स्थापनासित जोड्नु अझ पनि चुनौती रहेको छ ।

च. वन तथा वातावरण क्षेत्र

- वन, हिमाली श्रृंखला तथा पहाडी जलाधार क्षेत्रको संरक्षण गर्नु जलवायु परिवर्तनको उच्च जोखिम क्षेत्र पहिचान तथा विकास अन्य मानवीय क्रियाकलापले वातावरणमा पारेको नकारात्मक असर कम गर्नु समस्या तथा चुनौतीको रूपमा रहेको छ ।

छ. विभिन्न काठ तथा बहुमूल्य जडीबुटीको उत्पादन, संरक्षण, प्रवर्द्धन र बजारीकरणलाई व्यवस्थित गर्नु चुनौती बनेको छ ।

ज. सुशासन

- राज्यले प्रदान गर्ने सेवा सुविधा जनताले अनुभूत गर्न सकेमा नै सेवाको प्रभावकारिता देखिने भएको हुँदा सेवालाई कसरी चुस्तस्फूर्त, स्पष्ट र भरपर्दो बनाउन सकिन्छ सो बारे जनप्रशासनलाई जनसेवामुखी र विकास प्रशासनलाई नतिजामुखी बनाउने तर्फ कार्य गर्न अझै पनि चुनौती रहेको देखिन्छ ।
- प्रदेश सरकारमा करिब ६५ प्रतिशत मात्र कर्मचारीको पदपूर्ति हुन सकेको, प्रदेश निजामती सेवा गठन हुन नसकेको र सङ्घीय सरकारद्वारा नियुक्त र पदस्थापन हुने कर्मचारीको सरुवा प्रदेश सरकारको जानकारी बिना हुने गरेको साथै यसरी नियुक्त वा सरुवा भई आउने कर्मचारीले आफ्नो उत्तरदायित्व र ध्यान सङ्घीय सरकारतर्फ नै केन्द्रित गर्ने र प्रदेशतर्फ खासै जबाफदेही महसुस नगरेको जस्ता समस्या देखिन्छन् ।
- विषय विज्ञहरूको सेवा करारमा लिएर कार्य सम्पन्न गर्न सकिने गरी खरिद ऐन लगायत प्रशासनिक स्पष्टता भइसकेको छैन ।

## १.११ समष्टिगत सुधारका क्षेत्र

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस तथा अन्य विपदका कारणले योजनामा लिइएका लक्ष्य प्राप्तिमा पर्ने नकारात्मक असर न्यूनीकरण गरी मन्त्रालय, आयोग, निकाय तथा कार्यालयलाई निर्दिष्ट गरेको कार्यक्षेत्र तथा कार्य जिम्मेवारीमा उत्कृष्टता कायम गर्न योजना सञ्चालनमा आवश्यक रणनीति तथा कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । हाल कोभिड-१९ को विषम परिस्थितिमा उपलब्ध भौतिक तथा मानवीय स्रोत साधनको अधिकतम प्रयोग गरी अपेक्षित लक्ष्य हासिल गर्ने तर्फ सबै मन्त्रालय/ निकाय/ कार्यालयले विशेष कार्ययोजना सहित आयोजना सञ्चालनमा अग्रसर भई भौतिक तथा वित्तीय प्रगतिलाई उच्चतम विन्दुमा पुर्‍याउने तर्फ पहल गर्न जरुरी रहेको छ । हाल महामारीको विषम परिस्थितिमा तपसिलका क्षेत्रहरूमा सुधारका नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

क. प्रदेश सरकारको समष्टिगत ५ उद्देश्यमा सुशासनको अभिवृद्धि गर्नु पनि एक रहेको छ । सुशासन बिना समृद्धि तथा प्रदेशले लिएको “स्वच्छ, सुखी र समुन्नत प्रदेश” को दीर्घकालीन सोच र “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय सोच पुरा गर्न असम्भव हुन्छ । त्यसैले प्रदेशका सम्पूर्ण मन्त्रालय तथा सम्बद्ध निकायमा सुशासनका कायम गराउनका लागि आवश्यक प्रबन्ध मिलाउनु पर्ने ।

ख. उपलब्ध स्रोतको आकलन गरी सकभर सन्तुलित बजेट निर्माण गर्ने तथा स-साना धेरै क्रियाकलापमा बजेट विनियोजन गरिएकोमा आवश्यक बाहेकका यस्ता क्रियाकलापमा बजेट विनियोजन गर्ने परिपाटी हटाई ठोस योजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने ।

ग. मन्त्रालयलाई तोकिएको सबै कार्य जिम्मेवारी तथा कार्य क्षेत्रमा बजेट विनियोजन गरिएको नदेखिएको साथै कुनै क्षेत्रमा अत्याधिक बजेट विनियोजन र कुनै क्षेत्रमा न्यून बजेट विनियोजन (भौतिक पूर्वाधारतर्फ अत्याधिक र सुशासन तथा वातावरणमा अत्यन्त न्यून) भएकोले अनिवार्य रूपमा तोकिएका सबै क्षेत्रमा पन्ध्रौं राष्ट्रिय योजनामा लिइएका दीर्घकालीन सोच, उद्देश्य र त्यसका अवयव साथै प्रदेशको विकासका लागि लिइएका दीर्घकालीन सोच, समष्टिगत उद्देश्य र त्यसका अवयवमा योगदान हुने गरी समानुपातिक ढङ्गले बजेट विनियोजन गरी क्रियाकलाप सञ्चालन गर्नुपर्ने ।

घ. स्थानीय तहसँगको प्रभावकारी समन्वय तथा सहकार्यमा योजना छनौट, कार्यान्वयन तथा अपनत्वको सुनिश्चितता हुने गरी योजना/ क्रियाकलाप सञ्चालन गर्ने ।

ङ. सार्वजनिक, निजी, सहकारी तथा साझेदारी क्षेत्र एक अर्काको परिपूरक सहयोगीका रूपमा रहने भएकाले योजना सञ्चालनमा सबैको सहभागितामा जोड दिने ।

च. प्रदेश भित्र हाल करिब ६५ प्रतिशत मात्र कर्मचारी पदपूर्ति भएकाले पदपूर्तिको व्यवस्थापन मिलाई कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई समय सापेक्ष क्षमता विकास/ अभिवृद्धि तालिमको व्यवस्था गर्नुपर्ने तथा मन्त्रालय/ निकायका आवश्यक भौतिक पूर्वाधार निर्माण/ विकास गरी काम गर्ने वातावरण मिलाउनु पर्ने ।

छ. विज्ञ मानव संसाधनको सेवा करारमा लिने कुरालाई लचिलो र व्यवहारिक बनाउनु पर्ने ।

ज. कार्यहरूको अभिलेख व्यवस्थापन-सूचना प्रणाली (MIS) लाई व्यवस्थित गरेर प्राप्त हुन सक्छ । व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरेर उत्पादन (Output) को आधारमा नतिजा (Outcome) को अद्यावधिक प्रतिवेदन तयार गर्ने र आवधिक रूपमा विकास समस्या समाधान समितिमा छलफल गरी निराकरण गर्ने उपाय अवलम्बन गर्नु पर्ने देखिन्छ ।

झ. LGCP अन्तर्गत अपनाइएको योजना छनौट प्रणाली अपनाएर सहभागितामूलक ढङ्गले योजनाको छनौट गर्न सकिन्छ ।

ञ. योजना निर्माण र बजेट विन्यास गर्दा अनुगमनका लागि ५% रकम छुट्याएर अनुगमनलाई सुनिश्चित र व्यवस्थित गर्न सकिन्छ । विकास योजनाको गुणस्तर परीक्षण, स्थानीय तह र लाभग्राही बीचको समन्वय तथा आधारभूत अनुगमन कार्यमा जिल्ला समन्वय समितिलाई क्रियाशील बनाउनु वाञ्छनीय देखिन्छ ।

ट. योजनाको प्रस्ताव, छलफल र निर्णय गर्दा समष्टिगत-विकास-योजनासँग तालमेल हुने व्यवस्था गर्न:

अ. सम्बन्धित निकाय, तह र लाभग्राहीसँग घनीभूत छलफल गरेर मात्र निर्णय गर्नु वाञ्छित देखिन्छ ।

आ. सबै मन्त्रालय, निर्देशनालय र निकाय बीच योजनाको सैद्धान्तिक पक्ष, योजनाको प्रभाव र दीर्घकालीन विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्यसँगको अन्तरसम्बन्धका बारेमा प्रस्टता अपेक्षित छ ।

इ. पारदर्शिता र जबाफदेहीतासँग सम्बन्धित सम्पूर्ण व्यवस्थाको कार्यान्वयन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

ई. स्रोत सुनिश्चितता नहुँदै योजनाको छनौट र बहुवर्षीय कार्यक्रममा लगानी गर्दा जोखिम बढ्ने अवस्था छ ।

ठ. मन्त्रालयको तहमा सबै योजनाको फेहरिस्त बनाई नियमित अनुगमन र सहजीकरणको स्वचालित प्रबन्ध अनिवार्य देखिन्छ । साथै मन्त्रालयहरूले पाएको क्षेत्रगत जिम्मेवारी अनुसार सबै क्षेत्रमा न्यायसङ्गत कार्ययोजना बनाउनु पर्ने देखिन्छ ।

ड. अनुसन्धान, अध्ययन र क्षमता विकासको कार्यक्रमको सन्दर्भमा प्रदेश कमजोर देखिन्छ । निरन्तर विकासवान विश्व-सूचना प्रणालीसँग आबद्ध हुनुपर्ने चुनौती छ । सार्वजनिक सेवाको कार्यान्वयन र नियमन कर्ताको नाताले प्रदेश प्रशासनलाई आधुनिक बनाउने र संख्यात्मक बढोत्तरीभन्दा गुणात्मकता तर्फ ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ ।

ढ. आवश्यक पर्ने कानुनको निर्माणमा प्रदेशको एकल अधिकारको क्षेत्रमा सङ्घीय कानुन नपर्खिने र अन्यको हकमा सङ्घीय सरकार समक्ष प्रयास गर्नु पर्ने देखिन्छ ।

## १.१२ निष्कर्ष

क. राष्ट्रिय तथा अन्तर-प्रादेशिक बजेट खर्च उपलब्धिको तुलनामा प्रदेश नं. १ को खर्च प्रगति उल्लेखनीय भएपनि सबै निकायको क्षमतामा एकरूपता पाइन्न । थोरै बजेट उपलब्धि गर्ने निकायले गहिरो समीक्षा गरी आगामी दिनमा कार्य क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ। प्रदेशको यथार्थ आम्दानी (खुद बजेट) लाई मात्र आधार मान्ने हो भने प्रदेशको वित्तीय उपलब्धि ९० प्रतिशत माथि र भौतिक प्रगति शत प्रतिशत रहेको छ । यसरी प्रदेशको वित्तीय उपलब्धिलाई उल्लेखनीय प्रगतिको रूपमा लिन सकिन्छ । साथै समग्र उपलब्धि (EDI) मन्त्रालयको ६८.७७% र निकायको हकमा ७२.६६% हुनुलाई उल्लेखनीय उपलब्धिको रूपमा लिन सकिन्छ । तथापि, बजेट खर्च उपलब्धि ८० प्रतिशत नघाउने राष्ट्रिय तथा प्रदेश सरकारको लक्ष्य मुताबिक प्रदेशले समग्र उपलब्धिमा थप सुधार गर्न परिणाममुखी सुधारका नीति अवलम्बन गर्न अत्यावश्यक छ ।

ख. राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशपछि यस प्रदेशको योगदान रहेको छ । साथै बहुआयामिक गरिबी (MPI) राष्ट्रिय औसत (२८.६%) भन्दा धेरै न्यून १९.७ प्रतिशत रहेको, प्रतिव्यक्ति आय (अमेरिकी

डलर ८९० बाट १०७१)-२०.३३ प्रतिशत वृद्धि भएको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादन (GDP) मा करिब २४ प्रतिशत (४ खर्व ८० अर्बबाट ५ खर्व ९५ अर्ब) वृद्धि भएको छ । अपेक्षित आयु (जन्म हुँदाको) राष्ट्रिय औसत (६९.७) भन्दा बढी ७०.७ वर्ष पुगेको । साथै, कृषि उत्पादकत्व (प्रमुख बाली: धान, मकै र गहुँ) - सातै प्रदेशको तुलनामा सबैभन्दा उच्च ३.३ मेट्रिक टन प्रति हेक्टर पुग्नु, खाद्यान्न उपलब्धता राष्ट्रिय औसत (१९६.४६ के.जी. प्रति व्यक्ति/ वर्ष) भन्दा अधिक २५६.२ हुनु आदिले प्रदेश उल्लेखनीय गतितर्फ उन्मुख भएको सङ्केत गर्दछ ।

ग. परियोजना तथा कार्यक्रम प्राथमिकता (Project Priority) र तत्काल कार्यान्वयन गर्न सकिने (Project Readiness) स्थितिको पनि वस्तुगत आधार तयार गर्न परियोजना बैङ्क (Project Bank) तयार गरेर सो आधारमा बजेट विनियोजन गर्ने अभ्यास गरिएमा खर्च प्रगतिमा थप सुधार आउन सक्ने छ । साथै बजेटको तयारी अदृश्य तथा अमूर्त स्रोतको आधारमा नभई वास्तविक र यथार्थ परक बनाउनुपर्ने देखिन्छ । घाटा बजेटलाई ५-१० प्रतिशतभन्दा बढी नजाने गरी व्यवस्थापन गर्न जरुरी छ । अत्याधिक घाटा बजेटले प्रदेश सरकारको श्रोत र साधनको परिचालन र बजेट उपलब्धिमा गम्भीर असर पार्दछ ।

घ. बजेटलाई नतिजामुखी बनाउन तथा साधन र श्रोतको उच्चतम उपयोग गर्न खुद्रा परियोजना/ कार्यक्रमहरू लाई निरुत्साहित गरी प्रादेशिक स्तरका (कम्तीमा २ वा सोभन्दा बढी पालिका जोड्ने) परियोजनालाई मात्र प्राथमिकता विधि स्थापित गर्न जरुरी छ ।

ङ. प्रदेशको ८० प्रतिशत आम्दानी र सम्पत्ति उच्च २० प्रतिशत जनसङ्ख्यामा केन्द्रित भएको हुनाले वर्गीय, सामुदायिक र भौगोलिक असमानताका गहिराइको वस्तुगत अध्ययन गरी सन्तुलित विकासको निमित्त असमानताको खाडल कम गर्दै जान जरुरी छ ।

# परिच्छेद दुईः मूल्याङ्कनका आधार तथा सीमा

## २.१ अध्ययन विधि तथा आधार

प्रदेश सरकारको काम कारबाहीको मध्यावधि समीक्षा गर्ने निर्देशन माननीय मुख्यमन्त्रीज्यूबाट प्राप्त भएसँगै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट यसका लागि आवश्यक तयारी सुरु भयो । मध्यावधि समीक्षाका उपयुक्त अध्ययन विधि तय गर्न तथा यससँग सम्बन्धित विविध विषयको तयारीका लागि छलफल तथा सरसल्लाह गरियो । छलफल तथा सल्लाह मुताबिक विषयगत मन्त्रालय तथा निकायबाट यथार्थ सूचना सङ्कलन गर्नका लागि संरचित (structured) खुल्ला वस्तुगत प्रश्नावली तयार गरियो । तय गरिएका प्रश्नावली मुख्य गरी प्रदेश सरकारको स्थापना (२०७४/ ११/ ०३) देखि २०७६ असार मसान्त सम्ममा सरकारले सम्पन्न गरेका प्रमुख योजना तथा कार्यक्रमको परिमाणात्मक (Quantitative) प्रगति विवरणको बारेमा जानकारी दिने किसिमको रहेका छन् । उक्त प्रश्नावली विषयगत मन्त्रालय तथा निकायले योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा हासिल गरेका भौतिक तथा वित्तीय प्रगतिको अवस्था स्पष्ट गराउने साथै वर्तमान प्रदेश सरकारको पहिलो मध्यावधि वित्तीय उपलब्धि, कार्य सञ्चालन गर्दा सामना गर्नु परेका समस्या, चुनौती तथा सुधार गर्नुपर्ने पक्षको बारेमा समेत जानकारी दिने किसिमको रहेका छन् ।

प्रश्नावली तयार भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश सरकारका ७ वटा विषयगत मन्त्रालय तथा ५ वटा निकायलाई सो प्रश्नावली परिपत्र गरी यथार्थ तथ्य सङ्कलन गर्ने कार्य भयो । प्राप्त भएका तथ्यहरूलाई प्रदेश योजना आयोगले प्रयुक्त अनुसन्धान विधिबाट प्रशोधन गर्दै यथार्थ तथ्याङ्क संश्लेषण गर्ने काम भयो । अस्पष्ट तथा अपूरो तथ्यलाई टेलिफोन, इमेलका साथै सम्बन्धित निकायसँग प्रत्यक्ष छलफल गरी स्पष्ट पार्ने कार्य भयो । मन्त्रालयबाट प्राप्त भएका तथ्य परिमाणात्मक तथा गुणात्मक दुवै किसिमको रहेका छन् । परिमाणात्मक तथ्यलाई आवश्यकता अनुसार तालिका तथा ग्राफमा राखेर वर्णनात्मक विधिबाट प्रस्तुत गरिएको छ भने गुणात्मक सूचनालाई अनुच्छेदमा व्याख्यात्मक विधिबाट प्रस्तुत गरी यो मध्यावधि समीक्षा प्रतिवेदन तयार भएको हो ।

## २.२ परियोजना विश्लेषणका आधार

यस समीक्षामा प्रदेश सरकारका विषयगत मन्त्रालयहरूले उपलब्ध गराएका प्रमुख परियोजनालाई नमुना (sample) बिम्बको रूपमा लिई विश्लेषण गरिएको छ । यसको अर्थ, प्रदेश सरकारबाट सम्पादन भएका सबै कामलाई यसमा समावेश नगरी मन्त्रालयबाट सम्पन्न भएका परियोजना मध्ये प्रमुख १०/ १० वटा परियोजनाको अवस्थालाई बिम्बको रूपमा लिई समग्र परियोजनाको विश्लेषण गरिएको छ ।

## २.३ सूचक तथा साङ्केतीकरणका आधार

सरकारले प्रथम मध्यावधिमा हासिल गरेका उपलब्धिलाई दिगो विकास लक्ष्य (१६), मानव विकास सूचकाङ्क (३), दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचक (१०) र प्रादेशिक सोचको सूचक (१२) तथा समष्टिगत उद्देश्य (५) सँग तादात्म्यता कायम गरिएका छन् । ती लक्ष्य तथा सूचक देहायबमोजिमको क्रमाङ्क अनुसार साङ्केतीकरण गरिएका छन् ।

### क. दिगो विकास लक्ष्य

| | | | |
|---|---|---|---|
| १. | गरिबीको अन्त्य | २. | शून्य भोकमरी |
| ३. | स्वस्थ जीवन | ४. | गुणस्तरीय शिक्षा |
| ५. | लैङ्गिक समानता | ६. | स्वच्छ पानी तथा सरसफाइ |
| ७. | आधुनिक ऊर्जामा पहुँच | ८. | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम |
| ९. | उद्योग, नवीन खोज र पूर्वाधार | १०. | असमानता न्यूनीकरण |
| ११. | दिगो शहर र बस्ती | १२. | दिगो उपभोग तथा उत्पादन |
| १३. | जलवायु परिवर्तन अनुकूलन | १५. | भू-सतह स्रोतको उपयोग |
| १६. | शान्ति, न्याय र सबल संस्था | १७. | दिगो विकासका लागि साझेदारी |

### ख. मानव विकास सूचक

| | | |
|---|---|---|
| १. स्वास्थ्य | २. शिक्षा | ३. आम्दानी |

### ग. दीर्घकालीन राष्ट्रिय लक्ष्य

| १. | समृद्धि | २. | सुख |
|---|---|---|---|
| १.१ | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धता | २.१ | परिष्कृत तथा मर्यादित जीवन |
| | | २.२ | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| १.२ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २.३ | स्वस्थ र सन्तुलित पर्यावरण |
| | | २.४ | सुशासन |
| १.३ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.५ | सबल लोकतन्त्र |
| १.४ | उच्च र समतामूलक राष्ट्रिय आय | २.६ | राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### घ. प्रादेशिक सोचको आधार स्तम्भ

| ३ | स्वच्छ | २ | सुखी | १ | समुन्नत |
|---|---|---|---|---|---|
| ३.१ | स्वस्थ र सन्तुलित पर्यावरण | २.१ | परिष्कृत तथा मर्यादित जीवन | १.१ | उच्च र समतामूलक आय |
| ३.२ | आधारभूत सरसफाइ सुविधा | २.२ | सभ्य र न्यायपूर्ण समाज | १.२ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |


| ३ | स्वच्छ | २ | सुखी | १ | समुन्नत |
|---|---|---|---|---|---|
| ३.३ | नवीकरणीय ऊर्जा | २.३ | सुशासन | १.३ | सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता |
| ३.४ | जैविक कृषि | २.४ | जीवनस्तर | १.४ | उच्च र दिगो उत्पादन र उत्पादकत्व |

### ङ. प्रदेशको समष्टिगत उद्देश्य

| | | | |
|---|---|---|---|
| १. | आर्थिक | २. | सामाजिक |
| ३. | पूर्वाधार | ४. | जलवायु/ वातावरण/ जैविक विविधता |
| ५. | सुशासन | | |

## २.४ अध्ययन ढाँचा (Study Framework)

यस मध्यावधि समीक्षा प्रमुख रूपमा ३ चरणमा सम्पन्न भएको छ; जुन तल चित्रमा प्रस्तुत छ । पहिलो चरणमा समीक्षा गर्नका लागि माननीय मुख्यमन्त्रीज्यूबाट निर्देशन प्राप्त भएसँगै यसका लागि योजना बनाउने कार्य भयो । जसबाट मध्यावधि समीक्षाको ढाँचा र विधि छनौट भयो । दोस्रो चरणमा समीक्षाका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन गरी त्यसको विश्लेषण गर्ने कार्य भयो । यी सम्पूर्ण कार्य सम्पन्न भएपछि प्रतिवेदनको प्रयुक्त ढाँचा तय गरी प्रतिवेदन तथा सम्पादन गर्ने कार्य भयो ।



## २.५ प्रतिवेदनको प्रारूप

यस मध्यावधि समीक्षा प्रतिवेदनलाई जम्मा ३ खण्डमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा प्रदेश सरकारको प्रमुख उपलब्धिको समष्टिगत मूल्याङ्कन, दोस्रो खण्डमा अध्ययनका आधार तथा सीमा र अन्तिम खण्डमा विषयगत मन्त्रालय तथा निकायहरूको उपलब्धिलाई विशिष्टीकृत रूपमा विश्लेषण गरिएको छ।

समष्टिगत मूल्याङ्कन अन्तर्गत प्रदेश सरकारको प्रमुख उपलब्धिको वस्तुगत तथा गुणात्मक सारांश, उपलब्धिको राष्ट्रिय स्थितिसँग तुलना, प्रदेशको अर्थ राजनीतिक अवस्था (राजनीतिक प्रतिबद्धता/ घोषणा पत्र/ गुरु योजना), कोभिड-१९ को प्रभाव तथा निरूपण, प्रादेशिक गौरवका आयोजनाहरू, आगामी अवधिको कार्य योजना र समष्टिगत सुधारका क्षेत्रहरू समेटिएका छन् ।

त्यस्तै, मूल्याङ्कनका आधार तथा सीमा अध्ययन विधि तथा आधार अध्ययन ढाँचा (Study Framework) रहेका छन् । अन्तिम खण्डमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको उपलब्धिलाई मार्गदर्शक आधार तथा आबद्धता, संवैधानिक व्यवस्था, दीर्घकालीन राष्ट्रिय लक्ष्य/ मानव विकास प्रतिवेदनका आधार स्तम्भहरू, प्रादेशिक सोचको आधार स्तम्भहरू, प्रदेशको समष्टिगत उद्देश्यको आधारमा विश्लेषण गर्दै बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति (वित्तीय प्रगति/ भौतिक प्रगति/ चालू बजेट तथा विकास क्रियाकलाप) साथै वस्तुस्थिति मूल्याङ्कन तथा चुनौती समावेश गरिएका छन् ।

## २.६ सीमा

कुनै पनि अध्ययनको केही न केही सीमा रहने गर्दछ । त्यस्तै यस मध्यावधि समीक्षाको पनि केही विशिष्ट सीमाहरू रहेका छन् ।

### क. सूचना/ तथ्यको पर्याप्तता नहुनु

यस मध्यावधि समीक्षा विषयगत मन्त्रालय, आयोग तथा निकायद्वारा उपलब्ध गराइएको सूचनाको आधारमा मात्र विश्लेषण गरिएको छ । तसर्थ, सूचना दाताले दिएको तथ्यको गुणस्तरीय र वास्तविकताको हदसम्म मात्र यस प्रतिवेदनको विश्वसनीय रहन्छ । स्थलगत अवलोकन तथा तेस्रो पक्ष (नागरिक) को प्रतिक्रिया यस अध्ययनमा समावेश गर्न नसक्नु यस समीक्षाको सीमा रहेको छ।

### ख. प्रश्नावली र मन्त्रालयको कार्यक्षेत्रमा तादात्म्यता नहुनु

यस समीक्षामा सबै निकायको लागि एउटै किसिमको मात्र प्रश्नावली तयार गरिएको थियो । विभिन्न निकायको कार्य प्रकृति उस्तै नहुँदा यसबाट मागिएको सूचना प्राप्त नहुने सम्भावना हुन्छ । तसर्थ, सबै मन्त्रालयलाई लागू हुन सक्ने किसिमको सर्वमान्य प्रश्नावली बनाउन नसकिनु यस समीक्षाको सीमा रहेको छ ।

### ग. मन्त्रालय/ आयोगको गुणात्मक वा भावनात्मक कार्यकुशलता मापन हुन नसक्नु

सरकारका कतिपय कार्यकुशलता वस्तुगत (quantitative) मात्र नभै गुणात्मक (qualitative) पनि हुने गर्दछ जुन भौतिक तथा वित्तीय प्रगतिको रूपमा गणितीय आधारमा मात्र मापन हुन नसक्ने हुन्छ । यस समीक्षाले प्रदेश सरकारका गुणात्मक वा भावनात्मक कार्यकुशलतालाई कुनै पनि हदसम्म मूल्याङ्कन गर्न नसक्नु यसको सीमा रहेको छ ।

# परिच्छेद तीन: मध्यावधि समीक्षा

## ३.१ प्रदेश सभा सचिवालय


### *३.१.१ संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको संविधान, २०७२ को धारा १७६ मा व्यवस्था भए बमोजिम गठित प्रदेश सभा, प्रदेश नं. १ र यसको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न संविधानको धारा १९५ को उपधारा २ मा व्यवस्था भए बमोजिम सभामुखलाई सभा सञ्चालनमा आवश्यक सहयोग गर्ने, प्रदेश सभा तथा समितिलाई विधायीकी लगायत अन्य कार्यमा सहयोग गर्ने, प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने, संसदीय अध्ययन अनुसन्धान सम्बन्धी कार्य लगायतका कार्यक्षेत्रमा काम गर्ने गरी प्रदेश सभा सचिवालयको स्थापना भएको हो ।

### *३.१.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

सचिवालयको प्रगतिमा भौतिक तथा वित्तीय प्रगतिको महत्त्व उत्तिकै हुन्छ त्यसको लगि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यस सचिवालयले प्रदेश सरकार गठन भएदेखि हालसम्म १०० दिने कार्यक्रम आ.व. २०७४/७५ मा वित्तीय प्रगति ७४.६७ प्रतिशत रहेकोमा आ.व. २०७५/७६ मा ७०.४५ प्रतिशत, आ.व. २०७६/७७ मा ६४.०६ प्रतिशत वित्तीय प्रगति गरी हाल कुल मध्यावधि औसत ६८.४४ प्रतिशत बजेट खर्च गरी कार्यालयले सन्तोषजनक उपलब्धि हासिल गरेको चित्र नं. ३.१ मा देखिन्छ ।

*चित्र ३.१: बजेट खर्च तथा उपलब्धि प्रतिशत*



### *३.१.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

गहन अध्ययन, अनुसन्धान र व्यापक बहसमा आधारित तथा दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोगी हुने गरी संविधानको मर्म र भावना अनुरूप प्रदेशको आवश्यकता तथा जनसरोकारका विषय सम्बन्धी प्रदेश कानुन निर्माण र समायोचित संशोधन गर्ने, प्रदेश सरकारलाई पूर्णतः पारदर्शी, जबाफदेही र उत्तरदायी बनाउने कार्यमा संसदीय निगरानी र सहयोग गर्ने, संविधान कार्यान्वयनमा संसदीय भूमिका प्रभावकारी बनाउने लगायतका प्रमुख उद्देश्य रहेको सचिवालयको प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत र मानव विकास सूचकाङ्कका आयामका आधारमा तालिका ३.१ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.१: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | Facebook, Twitter, YouTube मार्फत प्रदेश सभाका गतिविधि सम्प्रेषण | २.३ | ५ | २.४ | १६ | २ |
| २ | दर्ता भएका, समितिमा छलफल भएका र पारित भएका सबै विधेयकहरू वेबसाइट मार्फत सार्वजनिकीकरण | २.३ | ५ | २.४ | १६ | २ |
| ३ | प्रदेश सभाको गतिविधि सम्बन्धी सूचना सडकबाट देखिने गरी डिजिटल डिस्प्ले बोर्ड स्थापना | २.३ | ५ | २.४ | १६ | २ |
| ४ | सभाका माननीय सदस्यहरूले बोल्नु भएका विषयहरू समेटिएको Verbatim प्रकाशन | २.३ | ५ | २.४ | १६ | २ |
| ५ | प्रदेश सभा र सचिवालयको गतिविधि समेटिएको डायरी र स्मारिका प्रकाशन | २.३ | ५ | २.४ | १६ | २ |
| ६ | कर्मचारी, सुरक्षाकर्मी र सभाका माननीय सदस्यहरूलाई क्षमता विकास तालिम तथा अन्तर-प्रदेश अवलोकन भ्रमण | २.१ | ५ | २.१ | १६ | २ |
| ७ | सूचनामूलक वेबसाइट र एन्ड्रोइड मोबाइलमा चल्ने एप निर्माण | २.३ | ५ | २.४ | १६ | २ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ८ | सूचनाको हक सम्बन्धी ऐन बमोजिम त्रैमासिक प्रकाशन | २.३ | ५ | २.४ | १६ | २ |

यस कार्यालयबाट सम्पन्न भएका ८ वटा प्रतिनिधिमूलक कार्यक्रमको साङ्केतीकरण गर्दा सबै कार्यक्रमले प्रादेशिक सोचको आधार स्तम्भको सुखतर्फ र प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत उद्देश्य ५-सुशासनतर्फ लक्षित रहेको देखियो ।यसरी नै ८ वटै कार्यक्रम दीर्घकालीन राष्ट्रिय लक्ष्यको सुखतर्फ, दिगो विकास लक्ष्यका १६ लक्ष्यमध्ये लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था) र मानव विकास सूचकाङ्कका ३ आयाम मध्ये शिक्षातर्फ प्रत्यक्ष योगदान दिएको देखिन्छ ।

### *३.१.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

प्रदेश सरकारको मध्यावधिसम्म यस सचिवालयको कुनै पनि उच्च प्राथमिकता प्राप्त आयोजना सम्पन्न नभएको अवस्था छ ।

*तालिका ३.२: उच्च प्राथमिकता प्राप्त कामको प्रगति विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| | नभएको | | | | | | | | |

### *३.१.५ सुधार गर्नुपर्ने पक्ष*

क. प्रदेश सभा र सचिवालयको आधुनिक प्रविधिमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गर्ने ।

ख. विषम परिस्थितिका कारण प्रगति हुन नसकेका कार्यहरूको विशेष कार्ययोजना बनाई सञ्चालन गर्ने ।

ग. विधि निर्माण प्रक्रिया र संसदीय निगरानीलाई अध्ययन र अनुसन्धानमुखी बनाउने ।

घ. विषयगत समितिहरूका कार्यक्षेत्र र गतिविधिमा स्पष्टता हुनुपर्ने ।

ङ. प्रदेश सभाका माननीय सदस्यहरू तथा कर्मचारीहरूलाई क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रम सञ्चालन गर्ने ।

## ३.२ प्रदेश लोक सेवा आयोग

### *३.२.१ संवैधानिक तथा कानुनी व्यवस्था*


नेपालको संविधानको धारा २४४ मा रहेको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशीतालाई समेत मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्बन गर्ने उद्देश्यका साथ प्रदेश लोक सेवा आयोगको गठन भएको हो । यस आयोगको कार्य जिम्मेवारीका लक्ष्य प्राप्तिको लागि निम्न कानुनहरू रहेको अवस्था छ ।

- प्रदेश लोक सेवा आयोग नियमावली, २०७७
- प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ (स्वीकृत हुने क्रममा रहेको)

### *३.२.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

प्रदेश सरकारको १०० दिने कार्यक्रम तथा आ.व. २०७५/७६ मा यस आयोगको स्थापना भएको थिएन । आ.व. २०७६/७७ को मध्यावधिमा स्थापना भएको यस आयोगलाई सो आर्थिक वर्षका लागि ५ करोड २० लाख ९७ हजार बजेट विनियोजन भएकोमा विश्वव्यापी रूपमा फैलिएको नोवेल कोरोना भाइरसका कारण उत्पन्न विषम परिस्थितिले गर्दा रु. ३ करोड ५ लाख ३४ हजार बजेट समर्पण गरी बाँकी रहेको २ करोड १५ लाख ६३ हजारमध्ये १ करोड ४९ लाख ७ हजार ८ सय ८२ रुपैयाँ ६५ पैसा खर्च भएको देखिन्छ । विनियोजित बजेट मुख्यतः आयोगको सचिवालय स्थापनार्थ विभिन्न भौतिक आवश्यकता पूरा गर्नका लागि खर्च भएको देखिन्छ । सो खर्चले आयोगको २८.६१ प्रतिशत प्रगति भएको निम्न चित्र ३.२ मा देखिन्छ ।

*चित्र ३.२: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### *३.२.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

आयोग स्थापनाको सुरुवाती आर्थिक वर्षमा (करिब ६ महिना) आयोगको भौतिक पूर्वाधार निर्माण, कार्यालय व्यवस्थापन, केही कानुनहरू निर्माण र कर्मचारीको सेवा सम्बन्धी विषयमा केही परामर्श उपलब्ध गराउने लगायतका कार्यहरू सम्पन्न भएको छ । यसरी आयोगको सचिवालय स्थापनार्थ विभिन्न भौतिक सम्पत्ति खरीद गर्दा प्रादेशिक सोचको आधार स्तम्भमा समुन्नति, प्रदेशको समष्टिगत उद्देश्यमा पूर्वाधार क्षेत्र, दीर्घकालीन राष्ट्रिय लक्ष्यमा समृद्धि, दिगो विकास लक्ष्यमा लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था) र मानव विकास सूचकाङ्कमा आयाम २ (शिक्षा) तर्फ योगदान दिएको देखिन्छ ।

*तालिका ३.३: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दिगो विकास लक्ष्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | आयोग स्थापनार्थ आवश्यक विभिन्न भौतिक सम्पत्ति खरीद | १.३ | ३ | १६ | | २ |

### *३.२.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

आयोग स्थापना भएको छोटो समय भएकोले प्रदेश सरकारको मध्यावधिसम्म कुनै पनि उच्च प्राथमिकता प्राप्त आयोजना सम्पन्न नभएको अवस्था छ ।

*तालिका ३.४: उच्च प्राथमिकता प्राप्त कामको प्रगति विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| | नभएको | | | | | | | | |

### *३.२.५ सुधार गर्नुपर्ने पक्ष*

क. आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरबन्दी संरचना अनुसार कर्मचारी पदपूर्ति गर्नुपर्ने तथा सो नभएसम्म आयोगबाट प्रस्तावित सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरी सो अनुसारको कर्मचारी पदपूर्ति गर्नुपर्ने ।

ख. आयोगको क्रियाकलापलाई सहज तथा सुलभ ढङ्गबाट सञ्चालन गर्नका लागि यथेष्ट बजेटको व्यवस्थापन हुनुपर्ने ।

## ३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय


### *३.३.१ संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको संविधान, २०७२ को धारा १६० ले महान्यायाधिवक्ताको मातहत रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरेको छ । संविधानको धारा १६०(५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था रहेको छ । त्यस्तै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक-हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने मुख्य कर्तव्य तोकिएको छ।

### *३.३.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

यस कार्यालयले प्रदेश सरकार गठन भएदेखि हालसम्म १०० दिने कार्यक्रम आ.व. २०७४/७५ मा वित्तीय प्रगति ४३.९५ प्रतिशत गरेकोमा आ.व. २०७५/७६ मा ८५.५४ प्रतिशत खर्च गरी उल्लेखनीय प्रगति गरेको र आ.व. २०७६/७७ मा ६३.२ प्रतिशत वित्तीय प्रगति गरी हाल कुल मध्यावधि औसत ६९.९२ प्रतिशत बजेट खर्च गरी कार्यालयले सन्तोषजनक उपलब्धि हासिल गरेको चित्र ३.३ मा देखिन्छ ।

*चित्र ३.३: बजेट खर्च तथा उपलब्धि प्रतिशत*



### ३.३.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान

प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार लगायतका कार्य जिम्मेवारी रहेको यस कार्यालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.५ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.५: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा कानुन कार्यान्वयनका लागि सचेतना, समन्वय र सहकार्य | २.२ | ५ | २.२ | १६ | २ |
| २ | प्रदेश सरकारलाई आवश्यक संवैधानिक एवम् कानुनी राय, सल्लाह उपलब्ध | २.३ | ५ | २.२ | १६ | २ |
| ३ | अदालत/ निकायमा प्रदेश सरकारको प्रतिनिधित्व/ प्रतिरक्षा | २.२ | ५ | २.२ | १६ | २ |
| ४ | हिरासत, कारागार, बाल सुधार गृह अनुगमन | २.२ | २ | २.२ | १६ | २ |
| ५ | स्थानीय न्यायिक समितिको काममा एकरूपता कायम गरी न्यायिक समिति/ मेलमिलापको लागि निर्देशिका, कार्यविधि बनाउन पहल | २.३ | ५ | २.४ | १६ | २ |
| ६ | प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकायहरूमा कानुनी प्रश्नहरूमा समन्वय, सहजीकरण, सहयोग | २.३ | ५ | २.४ | १६ | २ |

यस कार्यालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक ६ वटा योजनाहरूले प्रादेशिक सोचको आधार स्तम्भमध्ये सुखतर्फ प्रत्यक्ष योगदान पुऱ्याएको छ । प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत सामाजिक क्षेत्रमा १ वटा र सुशासनको क्षेत्रमा ५ वटा कार्यक्रम लक्षित रहेका छन् । त्यसैगरी, ६ वटै कार्यक्रमले दीर्घकालीन राष्ट्रिय लक्ष्यको सुखमा, दिगो विकास लक्ष्यको लक्ष्य १६-शान्ति, न्याय र सबल संस्थामा र मानव विकास सूचकाङ्कको ३ आयाममध्ये शिक्षामा प्रत्यक्ष योगदान पुर्याएको देखिन्छ ।

### *३.३.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

प्रदेश सरकारको मध्यावधिसम्म यस कार्यालयको कुनै पनि उच्च प्राथमिकता प्राप्त आयोजना सम्पन्न नभएको अवस्था छ ।

*तालिका ३.६: उच्च प्राथमिकता प्राप्त कामको प्रगति विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| | नभएको | | | | | | | | |

### *३.३.५ सुधार गर्नुपर्ने पक्ष*

क. प्रदेशभित्र घट्ने फौजदारी मुद्दाहरूको अभियोजन गर्ने/ नगर्ने भन्ने संवैधानिक अस्पष्टतालाई प्रस्ट गर्ने ।

ख. प्रदेशले निर्माण गरेको कानुनको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीको प्रस्ट व्यवस्था नहुँदा प्रदेश स्तरीय कानुन कार्यान्वयनमा कठिनाइ ।

ग. कार्यालयलाई आवश्यक पर्ने ऐन/ नियम/ कानुन/ निर्देशिका/ कार्यविधि निर्माण गर्ने ।

घ. कार्यरत कर्मचारीहरूलाई क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रम सञ्चालन गर्ने ।

ङ. विभिन्न मन्त्रालय/ कार्यालय/ निकायहरूबाट आउने लिखित जवाफमा एकरूपता कायम गर्ने ।

## ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

### *३.४.१ संवैधानिक तथा कानुनी व्यवस्था*


प्रदेशमा उपलब्ध स्रोत साधनको न्यायोचित बाँडफाँट तथा उपयोग गरी नागरिकहरूलाई गुणस्तरीय सेवा र मर्यादित जीवनका लागि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको प्रत्याभूति गराउन प्रदेश सरकारले कार्य विभाजन गरी कार्य सञ्चालनका लागि नेपालको संविधानले प्रदेश सरकारलाई एकल तथा साझा अधिकार सूचीमा प्रदेशको निजामती सेवा र अन्य सरकारी सेवा, सञ्चार माध्यम लगायतका अधिकार प्रदत्त गरेको छ । सो अनुरूप यस कार्यालयबाट प्रवाह गरिने सेवालाई सरलीकृत गर्नका लागि देहाय बमोजिमका ऐन, नियमावली तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको छ ।

- गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७४
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५
- मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५
- गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५
- जिल्ला सभा ऐन, २०७५
- प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५
- वृहत् विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४
- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७५
- प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७६
- मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६
- सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७
- प्रदेश मन्त्रिपरिषद् कार्यविधि, २०७५
- प्रदेश सेवाका कर्मचारी पदस्थापना तथा सरुवा सम्बन्धी कार्यविधि, २०७६
- जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

### ३.४.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति

बजेट प्रभावकारी कार्यान्वयनका लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यस कार्यालयले प्रदेश सरकार गठन भएदेखि हालसम्म १०० दिने कार्यक्रम आ.व. २०७४/७५ मा वित्तीय प्रगति ३२.१५ प्रतिशत गरी न्यून रहेकोमा आ.व. २०७५/७६ मा ५९ प्रतिशत, आ.व. २०७६/७७ मा ७४.२४ प्रतिशत वित्तीय प्रगति गरी हाल कुल मध्यावधि औसत ६६.१४ प्रतिशत बजेट खर्च गरी कार्यालयले सन्तोषजनक उपलब्धि हासिल गरेको चित्र ३.४ मा देखिन्छ ।

*चित्र ३.४: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### ३.४.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको शासन व्यवस्था, सुशासन तथा मानवअधिकार, संवैधानिक आयोग तथा निकायको गठन, सङ्घ तथा अन्तर-प्रदेश समन्वय, मानव संसाधन विकास; प्रदेश सरकारको कार्य विभाजन तथा सञ्चालन, नीति तर्जुमा, स्वीकृति, प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण; अनुगमन, मूल्याङ्कन र नियन्त्रण, मानवअधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार; निर्वाचन कार्यमा सहयोग र समन्वय लगायतका २३ वटा कार्य जिम्मेवारी रहेका छन् । कार्यालयले सम्पन्न गरेका प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचका आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.७ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.७: बजेट खर्च तथा उपलब्धि प्रतिशत*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दिगो विकास लक्ष्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | नागरिक सुनुवाइ कार्यक्रम | २.३ | ५ | १६ | २.४ | २ |
| २ | सूचना प्रविधि क्षमता विकास कार्यक्रम | २.३ | ५ | १६ | २.४ | २ |
| ३ | कानुन निर्माण तथा अन्तरक्रिया कार्यक्रम | २.२ | ५ | १७ | २.२ | २ |
| ४ | भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | २.३ | ५ | १७ | २.४ | २ |
| ५ | स्थानीय तहमा विवाद समाधान र मानवअधिकारको संरक्षण कार्यक्रम | २.३ | ५ | १६ | २.२ | २ |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहको ऐन कानुनको तुलनात्मक अध्ययन कार्यक्रम | २.२ | ५ | १६ | २.२ | २ |
| ७ | कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | १.२ | ५ | १६ | १.२ | २ |
| ८ | प्रदेश समन्वय परिषदको बैठक कार्यक्रम | २.३ | ५ | १६ | २.४ | २ |
| ९ | अन्तर्राष्ट्रिय चलचित्र महोत्सव व्यवस्थापन/ कार्यक्रम सञ्चालन | १.१ | १ | ८ | १.४ | ३ |
| १० | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | २.३ | ५ | १६ | २.४ | २ |
| ११ | मुख्यमन्त्रीसँग जनता रेडियो कार्यक्रम | २.३ | ५ | १७ | २.४ | २ |
| १२ | मानव संसाधन विकास सम्बन्धी तालिम | २.३ | ५ | १७ | २.४ | ३ |
| १३ | मुख्यमन्त्रीसँग जनता टेलिभिजन कार्यक्रम | २.३ | ५ | १६ | २.४ | २ |

भ्रष्टाचारमुक्त प्रशासन निर्माणको लागि आ.व. २०८०/८१ सम्ममा भ्रष्टाचार न्यूनता अनुभूति सूचकाङ्क ५० पुऱ्याउने दीर्घकालीन लक्ष्य लगायत यस कार्यालयको कार्य जिम्मेवारीका लक्ष्य प्राप्तिको लागि यस कार्यालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक १३ वटा कार्यक्रमको साङ्केतीकरणबाट प्रादेशिक सोचको आधार स्तम्भमध्ये समुन्नतितर्फ २ वटा कार्यक्रम र सुखतर्फ ११ वटा कार्यक्रम लक्षित रहेका छन् । त्यसैगरी प्रदेशको समष्टिगत उद्देश्यको आर्थिकतर्फ १ वटा तथा सुशासनतर्फ १२ वटा कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएको देखिन्छ । दीर्घकालीन राष्ट्रिय लक्ष्यको समृद्धतर्फ २ वटा र सुखतर्फ ११ वटा कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएको स्पष्ट हुन्छ । यसरी नै दिगो विकास लक्ष्यका आधारमा साङ्केतीकरण गर्दा १६ लक्ष्यमध्ये लक्ष्य ८ (समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम) तर्फ १ वटा, लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था) तर्फ ८ वटा र लक्ष्य १७ (दिगो विकासका लागि साझेदारी) तर्फ ४ वटा कार्यक्रमले प्रत्यक्ष योगदान गरेको देखिन्छ । मानव विकास सूचकाङ्कका ३ आयाममध्ये शिक्षातर्फ ११

वटा र आम्दानीतर्फ २ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ । उक्त परिदृश्यले सम्पन्न भएका कार्यक्रमले विकासका सूचकहरूमा केही सन्तुलित योगदान गरेको कुरा स्पष्ट हुन्छ ।

### *३.४.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

यस कार्यालयले उच्च प्राथमिकता प्राप्त ८ वटा योजनाहरूमध्ये सुशासनमा ३, समन्वयमा १, सूचना तथा पारदर्शितामा २, क्षमता अभिवृद्धिमा १ र महोत्सव मा १ रहेको तलको तालिका ३.८ ले स्पष्ट गरेको छ । यसमा प्रदेश समन्वयको बैठक कार्यक्रममा ८५.२५ प्रतिशत प्रगति गरेको छ भने कानुन निर्माण तथा अन्तरक्रिया कार्यक्रममा १२.७ प्रतिशत मात्र प्रगति हासिल गरेको देखिन्छ । उच्च प्राथमिकतामा परेका आयोजना तोकिएको समयावधि भित्रै सम्पन्न गर्न कार्ययोजना बनाई पहल गर्नुपर्ने देखिन्छ ।

*तालिका ३.८: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट खर्च | | | |
| १ | नागरिक सुनुवाइ कार्यक्रम | पटक | २ | ४३७ | सालबसाली | सालबसाली | ७२.८३ |
| २ | मुख्यमन्त्रीसँग जनता रेडियो टेलिभिजन कार्यक्रम | पटक | ३ | २५०५ | सालबसाली | सालबसाली | ७५.९१ |
| ३ | मानवअधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी गोष्ठी तालिम | वटा | १ | ३१९ | सालबसाली | सालबसाली | ६३.८० |
| ४ | मानव संसाधन विकास सम्बन्धी तालिम | वटा | १ | ७९७ | सालबसाली | सालबसाली | ६६.४२ |
| ५ | प्रदेश समन्वय परिषदको बैठक कार्यक्रम | पटक | ३ | ३४१० | सालबसाली | सालबसाली | ८५.२५ |
| ६ | प्रदेश सरकारको दुई वर्षे उपलब्धि सार्वजनिकीकरण तथा पुस्तक प्रकाशन र विमोचन (अन्य) | पटक | | ११७७ | सालबसाली | सालबसाली | ७८.४७ |
| ७ | कानुन निर्माण तथा अन्तरक्रिया कार्यक्रम | पटक | | १२७ | सालबसाली | सालबसाली | १२.७ |

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट खर्च | | | |
| ८ | अन्तर्राष्ट्रिय चलचित्र महोत्सव व्यवस्थापन/ कार्यक्रम सञ्चालन | पटक | | १३०५ | सालबसाली | सालबसाली | ४३.५ |

### *३.४.५ सुधार गर्नुपर्ने पक्ष*

क. सङ्घ र स्थानीय तहबीच समन्वय र सहकार्यको प्रबन्ध ।

ख. मुख्यमन्त्री ड्यासबोर्ड, जनतासँग प्रत्यक्ष संवाद कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि ।

ग. प्रदेश मन्त्रालय र मातहतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन।

घ. संवैधानिक व्यवस्था अनुरूप प्रादेशिक कार्यक्षेत्रको सुस्पष्टता र भएका कानुनको परिमार्जन तथा प्रभावकारिता अभिवृद्धि गर्न अध्ययन अनुसन्धान ।

ङ. सङ्घीय कार्यक्षेत्र अन्तर्गत रहेको जि.एम.पि. प्रयोगशाला, खानी तथा अन्य क्षेत्रको व्यवस्थापनमा सुस्पष्टता ।

## ३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय

### *३.५.१ संवैधानिक तथा कानुनी व्यवस्था*


नेपालको संविधानले प्रदेश सरकारलाई शुल्क, कर, सेवा दस्तुर, दण्ड जरिबाना लगायतका वित्तीय अधिकारहरू एकल तथा साझा अधिकारको सूचीमा प्रदत्त गरेको छ । सो अनुरूप यस कार्यालयबाट प्रवाह गरिने सेवालाई सरलीकृत गर्नका साथै वित्तीय अनुशासन कायम गर्नका लागि देहाय बमोजिमका ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका बनाई कार्यान्वयनमा ल्याइएको छ ।

- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- प्रदेश कर तथा गैह्र कर सम्बन्धी ऐन, २०७४
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७४
- प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५
- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५
- मुख्यमन्त्री युवा उद्यमशील कोष सञ्चालन नियमावली, २०७६
- सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७६
- प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५
- स्रोत सुनिश्चितता र बहुवर्षीय आयोजना सम्बन्धी निर्देशिका, २०७५
- आन्तरिक लेखा परीक्षण निर्देशिका, २०७६
- प्रदेश सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५
- आर्थिक सर्वेक्षण, २०७६/ ७७
- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६
- आ.व. २०७७/ ७८-२०८०/ ८१ को मध्यकालीन खर्च संरचना

### *३.५.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने यस मन्त्रालय प्रदेश सरकार गठन भएदेखि हालसम्म १०० दिने कार्यक्रम आ.व. २०७४/ ७५ (१०० दिनको अवधि) मा वित्तीय प्रगति ६०.७७ प्रतिशत रहेकोमा आ.व. २०७५/ ७६ मा ५३ प्रतिशत, आ.व. २०७६/ ७७ मा कोभिड-१९ को महामारीको कारण १०.५५ प्रतिशत मात्र प्रगति हासिल गरी हाल कुल मध्यावधि औसत २९.०० प्रतिशत बजेट खर्च उपलब्धि गरेको देखिन्छ ।

*चित्र ३.५: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### *३.५.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार आर्थिक अवस्थाको विश्लेषण, नीति तर्जुमा तथा स्रोतको बाँडफाँट, वैदेशिक सहयोग, ऋण र अनुदान सम्बन्धी, सरकारी बाँकी रकमको लगत तथा असुल उपर, राजस्व सम्बन्धी नीति, सञ्चित कोष सञ्चालन, शुल्क, कर, दस्तुर सम्बन्धी नीति तथा राजस्व चुहावट नियन्त्रण, बीमा र बीमा व्यवसाय सम्बन्धी लगायत विभिन्न २५ वटा कार्य जिम्मेवारी तोकिएको छ । यस कार्यालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचका आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य र मानव विकास सूचकाङ्क (आयाम) मा आधारित रहेर तालिका ३.९ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.९: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | आ.व. २०७४/ ७५, २०७५/ ७६, २०७६/ ७७ को बजेट तर्जुमा र कार्यान्वयन | १.४ | १ | १.३ | १२ | ३ |
| २ | ऐन, नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन तर्जुमा | २.३ | ५ | २.४ | १६ | २ |
| ३ | सङ्घबाट अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्राप्ति सम्बन्धी कार्य | १.४ | १ | १.३ | १२ | ३ |
| ४ | अन्तर-सरकारी वित्त हस्तान्तरण | १.४ | १ | १.३ | १२ | ३ |
| ५ | राजस्व परामर्श समिति र कर सुदृढीकरण कार्यदल गठन र प्रतिवेदन | १.१ | ५ | १.४ | १६ | ३ |
| ६ | मालपोत कार्यालय, यातायात व्यवस्थापन कार्यालय, स्थानीय तहसँग बजेट एवम् राजस्व सम्बन्धमा छलफल एवम् गोष्ठी | १.१ | ५ | १.४ | १६ | २ |
| ७ | स्थानीय तहको आर्थिक ऐनको अध्ययन, विश्लेषण तथा समीक्षा | २.३ | ५ | २.४ | १६ | २ |
| ८ | स्थानीय तहबाट सशर्त/ समपूरक र विशेष अनुदानमा सञ्चालित आयोजना/ कार्यक्रमको अनुगमन | २.३ | १ | २.४ | १६ | ३ |
| ९ | राजस्व सङ्कलन, अनुदान प्राप्ति तथा खर्च सम्बन्धी नियमित अनुगमन, विश्लेषण | २.२ | १ | २.४ | १६ | ३ |
| १० | राजस्व बाँडफाँट | १.१ | १ | १.४ | ८ | ३ |

आ.व. २०८०/ ८१ सम्म प्रदेशको बजेटमा आन्तरिक आयको अंश १५ प्रतिशत पुऱ्याउने लक्ष्य लगायत कार्यालयको कार्य जिम्मेवारीका लक्ष्य प्राप्तिको लागि यस कार्यालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक १० वटा कार्यक्रमको साङ्केतीकरणबाट प्रादेशिक सोचको आधार स्तम्भमा समुन्नतितर्फ ६ वटा र सुखतर्फ ४ वटा कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएका छन् । यसरी नै प्रदेशको समष्टिगत उद्देश्यमा आर्थिकतर्फ ६ वटा र सुशासनतर्फ ४ वटा कार्यक्रम लक्षित रहेका छन् । दिगो विकास लक्ष्यका १६ लक्ष्य मध्ये लक्ष्य ८ (समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम) तर्फ १ वटा, लक्ष्य १२ (दिगो उपभोग तथा उत्पादन) तर्फ ३ वटा र लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था) तर्फ ६ वटा कार्यक्रम लक्षित रहेका

छन् । मानव विकास सूचकाङ्कका ३ आयाममध्ये शिक्षातर्फ ३ वटा र आम्दानी तर्फ ७ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ ।

### *३.५.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

यस मन्त्रालयको उच्च प्राथमिकता प्राप्त ९ वटा कार्यक्रमहरूले बजेट, वित्त राजस्वको क्षेत्रमा योगदान दिने साथै अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व सङ्कलन, अनुदान प्राप्ति तथा खर्च र स्थानीय तहबाट सञ्चालित आयोजनाहरूको अनुगमन सम्बन्धी भूमिका खेलेको तलको तालिका ३.१० ले स्पष्ट गरेको छ ।

*तालिका ३.१०: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम |
|---|---|
| १ | वार्षिक बजेट तर्जुमा |
| २ | वित्तीय अनुशासन कायम गर्न ऐन, नियम, निर्देशिका, कार्यविधि निर्माण |
| ३ | सङ्घबाट अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्राप्ति सम्बन्धी कार्य |
| ४ | राजस्व परामर्श समिति र कर सुदृढीकरण कार्यदल गठन र प्रतिवेदन |
| ५ | विभिन्न कार्यालय तथा स्थानीय तहसँग बजेट एवम् राजस्व सम्बन्धी छलफल |
| ६ | स्थानीय तहको आर्थिक ऐनको अध्ययन, विश्लेषण तथा समीक्षा |
| ७ | स्थानीय तहबाट सञ्चालित आयोजनाको अनुगमन |
| ८ | राजस्व सङ्कलन, अनुदान प्राप्ति तथा खर्च सम्बन्धी नियमित अनुगमन, विश्लेषण |
| ९ | राजस्व बाँडफाँट |

### *३.५.५ सुधार गर्नुपर्ने पक्ष*

क. विद्यमान स्रोतको समुचित विकास, उपयोगका लागि सम्भावना बोकेका क्षेत्रहरूको डि.पि.आर. सम्भाव्यता अध्ययन गरी उक्त योजनामा बजेट विनियोजन गर्ने ।

ख. नेपाल सरकार र प्रदेश सरकारले प्राथमिकता तोकिएका क्षेत्रमा बजेट विनियोजन गर्ने ।

ग. प्रदेश अन्तर्गतका विभिन्न निकायलाई विनियोजित बजेट र स्थानीय तहलाई हस्तान्तरण भएको अनुदानको उद्देश्य अनुरूपका क्षेत्रमा उपयोग हुने वातावरण मिलाई प्रदेश र स्थानीय तहको सन्तुलन कायम गर्ने ।

घ. मुख्यमन्त्री युवा उद्यमशील कार्यक्रम सुरु गरी युवालाई आत्मनिर्भर बनाउने, वैदेशिक रोजगारबाट स्वदेश फर्केका युवाहरूको ज्ञान, सीप, दक्षता र पुँजीलाई उपयोग गर्ने ।

ङ. संविधानले प्रदत्त गरेको शुल्क र करको आधार र दायराको खोजी गर्ने ।

च. उच्च प्राथमिकतामा परेका आयोजनाहरू तोकिएको समयावधिमा सम्पन्न गर्न कार्ययोजना बनाई पहल गर्नुपर्ने ।

## ३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय


### *३.६.१ संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको संविधान, २०७२ ले औद्योगीकरणलाई प्रदेशको एकल अधिकार तथा सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ भने पर्यटन क्षेत्र सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटेको छ । प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेश अधिकारको सूचीमा रहेको छ । सो अनुरूप प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरणको स्थितिलाई संस्थागत विकास गर्न प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७; पर्यटन विकास ऐन, २०७६; प्रदेश वन ऐन, २०७७; प्रदेश वातावरण संरक्षण ऐन, २०७६; निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७; पर्यटन नियमावली, २०७७; प्रदेश बजार अनुगमन नियमावली, २०७६ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ जारी भएको छ ।

### *३.६.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

कोभिड-१९ को व्यापक प्रभावको कारण आ.व. २०७६/७७ मा मन्त्रालयको ५३.८४ प्रतिशत मात्र बजेट खर्च भएको कुरा चित्र ३.६ मा प्रस्तुत छ । सङ्घीय सशर्त अनुदान तर्फ ८०.४० प्रतिशत खर्च सहित कुल ७३.६० प्रतिशत खर्च गरी आ.व. २०७५/७६ मा मध्यावधिका ३ आर्थिक वर्षकै उच्च प्रगति हासिल भएको छ । हालसम्म कुल मध्यावधि औसत ६३.८८ प्रतिशत बजेट खर्च गरी मन्त्रालयले सन्तोषजनक उपलब्धि हासिल गरेको छ ।

*चित्र ३.६: बजेट खर्च तथा उपलब्धि प्रतिशत*



### *३.६.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयलाई उद्योग, पर्यटन, वन, वातावरण, वाणिज्य/ आपूर्ति, खनिज सम्पदा, विज्ञान प्रविधि लगायतका क्षेत्र समेटी ६२ वटा कार्य जिम्मेवारी तोकिएको छ । मन्त्रालयबाट सम्पादित प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.११ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.११: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | वनको संरक्षण र विकास हुने विभिन्न आय आर्जनका कार्यक्रम सञ्चालनको लागि कबुलियती वन हस्तान्तरण | २.१ र ३.१ | १ र ४ | २.१ र २.३ | १ | ३ |
| २ | सीप विकास तालीम, प्रविधि हस्तान्तरण, लघु उद्यम कार्यक्रम सञ्चालन भएको | १.२ | १ | १.२ | ९ | ३ |
| ३ | उद्यम र उद्यमशीलता विकासका लागि लक्षित वर्गलाई केन्द्रित गरी भगत सर्वजित कार्यक्रम | १.२ | १ र २ | १.२ | ८ र १० | ३ |
| ४ | १३,५०२ वटा उद्योग दर्ता भई ११,२०३ नयाँ उद्यमी र ४५,१८९ जना रोजगारी सृजना भएको | १.३ र २.१ | १ | १.३ र २.१ | ८ र ९ | ३ |
| ५ | १ वटा औद्योगिक ग्रामको निर्माण भएको, ४ स्थानमा ढाका र अल्लो जोन स्थापना भई सञ्चालन भएको | १.३ | १ | १.३ | ९ | ३ |
| ६ | प्रदेश आविष्कार केन्द्रको स्थापना भएको (मनमोहन प्राविधिक विश्वविद्यालय) | १.२ र १.३ | २ र ३ | १.१ र १.२ | ९ | २ |
| ७ | विज्ञान प्रविधि सम्बन्धी राष्ट्रिय सम्मेलन गरिएको | १.२ | १ | १.२ | ९ | २ |
| ८ | ५८ वटा सामुदायिक माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनामा सहयोग गरेको | १.२ | २ र ३ | १.२ | ४ र ९ | २ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ९ | २६ जना विज्ञान प्रविधि क्षेत्रमा अध्ययनरत विद्यार्थीलाई अनुसन्धानमा सहयोग | १.२ | २ | १.२ | ४ र ९ | २ |
| १० | ३ स्थान पर्यटन सूचना केन्द्र, १४ वटा पर्यटन भ्यु-टावर र १५० वटा पर्यटकीय पार्क निर्माण भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| ११ | ५३ वटा सिमसार क्षेत्रको प्रवर्द्धन पूर्वाधार र ४ स्थानमा हरित पार्क निर्माण भएको | १.३ र ३.१ | ३ र ४ | १.१ र २.३ | ९ र १३ | ३ |
| १२ | सांस्कृतिक/ पुरातात्त्विक/ धार्मिक महत्त्वका २०० भन्दा बढी स्थानमा पर्यटकीय पूर्वाधार विकास निर्माण | १.३ र २.२ | २ र ३ | १.१ र २.२ | ९ | ३ |
| १३ | ३०० भन्दा बढी पर्यटकीय पूर्वाधार र ८७ कि.मि. पर्यटकीय पदमार्ग निर्माण तथा स्तरोन्नति | १.१ र १.३ | १ र ३ | १.१ र १.४ | ९ | ३ |
| १४ | वनजन्य लगायतका प्राकृतिक स्रोत साधनमा नागरिकको समन्यायिक एवम् समतामूलक पहुँच एवम् वितरण | २.२ | २ र ४ | २.२ | १० र १५ | ३ |
| १५ | सामाजिक तथा आर्थिक विकासका क्रियाकलापहरू समन्यायिक एवम् सहभागितामूलक रूपमा सञ्चालन भएको | २.२ | २ | २.२ | १० | ३ |
| १६ | १४ वटै जिल्लामा सुपथ सहकारी पसल स्थापना र सञ्चालनका लागि अनुदान सहयोग भएको | २.१ र१.४ | १ र २ | १.१ र २.१ | १२ र १६ | ३ |
| १७ | सबै जिल्लामा आपूर्ति व्यवस्थापनको लागि तथ्याङ्क सङ्कलन तथा बजार अनुगमन नियमित रूपमा भइरहेको | २.३ | ५ | २.४ | १६ | ३ |
| १८ | १४ स्थानमा जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ स्थापना | ३.१ र २.१ | ४ | २.१ र २.३ | १३ | १ र ३ |
| १९ | ६ स्थानमा भाबर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | ३.१ | ४ | २.३ | १३ | १ र ३ |
| २० | २५ वटा सिमसार/ पोखरी जलाधार व्यवस्थापन | ३.१ | ४ | २.३ | १३ | ३ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| २१ | ४६ लाख ९ हजार विभिन्न प्रजातिका बिरुवा उत्पादन गरी रोपणको लागि वितरण भएको | ३.१ | ४ | २.३ | १५ | ३ |
| २२ | ६३० हेक्टर भन्दा बढी क्षेत्रफलमा वृक्षारोपण र ४५९१ वटा स्थानीय वन समूह मार्फत वन व्यवस्थापन | ३.१ | ४ | २.३ | १५ | १ र ३ |
| २३ | ८० वटा वन समूहहरूमा दिगो एवम् वैज्ञानिक वन व्यवस्थापन भइरहेको | ३.१ | ४ | २.३ | १५ | ३ |

आ.व. २०८०/८१ सम्म प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग, वाणिज्य र पर्यटन क्षेत्रको योगदान क्रमशः २३.६१, १५ र ५ प्रतिशत पुऱ्याउने लक्ष्य हासिल गर्न महत्त्वपूर्ण भूमिका निभाउने मन्त्रालयको रूपमा यो मन्त्रालय रहेको छ । सो अभियानमा तादात्म्यता कायम गर्दै मन्त्रालय मातहतमा सम्पन्न भएका प्रतिनिधिमूलक २३ योजनाको साङ्केतीकरणबाट प्रादेशिक सोचको आधार स्तम्भमध्ये समुन्नतितर्फ १३ वटा, सुख तर्फ ७ वटा र स्वच्छतातर्फ ७ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ भने प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत आर्थिक क्षेत्रतर्फ ८ वटा, सामाजिक क्षेत्रतर्फ ८ वटा, पूर्वाधार क्षेत्रतर्फ ६ वटा, जलवायु/ वातावरण/ जैविक विविधताको क्षेत्रतर्फ ९ वटा र सुशासनको क्षेत्रमा १ वटा कार्यक्रम लक्षित रहेका छन् । यसरी नै दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गत समृद्धितर्फ १३ वटा र सुख तर्फ १४ वटा कार्यक्रम लक्षित रहेको कुरा तालिकाबाट स्पष्ट हुन्छ ।

दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगीकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख भएको छ । सो लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान दिनुपर्ने राष्ट्रिय लक्ष्य रहेको छ । सो अभियानमा तादात्म्यता कायम गर्न दिगो विकास लक्ष्यका १६ लक्ष्यमध्ये ९ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएका छन् । दिगो विकास लक्ष्यका ६ लक्ष्यमा प्रत्यक्ष योगदान नभए पनि विकास सम्बद्ध अन्य सूचकमा मन्त्रालयको योगदान सन्तुलित रहेको देखिन्छ । यसरी नै मानव विकास सूचकाङ्क (आयाम) लाई विश्लेषण गर्दा २३ मध्ये १९ वटा कार्यक्रमले आम्दानीतर्फ प्रत्यक्ष योगदान पुऱ्याएको स्पष्ट हुन्छ । मन्त्रालयको कार्यक्षेत्र र प्रकृति अनुसार पनि आम्दानी बढाउने कार्यक्रममा नै केन्द्रित हुनुपर्ने भएकोले मानव विकास सूचकाङ्कमा सन्तोषजनक योगदान रहेको देखिन्छ।

### *३.६.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

मन्त्रालयको उच्च प्राथमिकता प्राप्त १० आयोजनामध्ये उद्योग क्षेत्रमा ४, पर्यटन क्षेत्रमा ३ र वन वातावरणको क्षेत्रमा ३ रहेको कुरा तालिका ३.१२ ले स्पष्ट गरेको छ । जस अन्तर्गत पर्यटन पूर्वाधार (ट्रेकिङ ट्रेल, हिल स्टेसन, थिम पार्क आदि निर्माण लक्ष्य १०८ रहेकोमा २३१ निर्माण सम्पन्न भई २१३.८९ प्रतिशत भौतिक परिणाम प्रगति हासिल भइसकेको छ । यसै गरी पर्यटकीय सम्पदाको संरक्षण, नव निर्माण र स्तरोन्नतिमा समेत १३५.११ प्रतिशत भौतिक परिणाम प्रगति हासिल भएको छ । अन्य ५ आयोजना पञ्चवर्षीय लक्ष्यको नजिक रहे पनि ४ आयोजना भने न्यून भौतिक परिणाम प्रगतिमा रहेका छन् ।

*तालिका ३.१२: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| १ | पर्यटन पूर्वाधार (ट्रेकिङ ट्रेल, हिल स्टेसन, थिम पार्क आदि) | सङ्ख्या | १०८ | N/A | २३१ | N/A | २१३.८९ |
| २ | होमस्टे (सामुदायिक, निजी) | सङ्ख्या | १३६ | १३६००० | २९ | २९००० | २१.३२ |
| ३ | दिगो वन व्यवस्थापन | समूह | ७४ | २९६०० | ५५ | २२००० | ७४.३२ |
| ४ | सामुदायिक वन प्रवर्द्धन | सङ्ख्या | ३६७० | ५५०५० | ३५७५ | ५३६२५ | ९७.४१ |
| ५ | काठ उत्पादन र आपूर्ति | करोड घनफिट | ५ | N/A | २.२ | N/A | ४४ |
| ६ | उच्च शिक्षामा विज्ञान प्रयोगशाला | सङ्ख्या | ६० | ६०००० | ५८ | ५८००० | ९६.६७ |
| ७ | उद्यमशील, सीपयुक्त जनशक्ति उत्पादन | सङ्ख्या | ५०००० | N/A | १४५९९ | N/A | २९.२ |
| ८ | औद्योगिक क्षेत्र तथा करिडोर स्थापना (औद्योगिक ग्राम) | सङ्ख्या | ५ | N/A | १ | ५५००० | २० |
| ९ | पर्यटकीय सम्पदाको संरक्षण, नवनिर्माण र स्तरोन्नति | सङ्ख्या | ९४ | N/A | १२७ | N/A | १३५.११ |
| १० | साझेदारी वन प्रवर्द्धन | सङ्ख्या | ५ | ६२५०० | ४ | २०००० | ८० |

### ३.६.५ सुधार गर्नुपर्ने पक्ष

क. उद्योग क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानीको उल्लेखनीय रूपले वृद्धि गर्नु पर्ने ।

ख. आयात प्रतिस्थापक र निकासी मूलक उद्योगको विकास गर्न आर्थिक तथा भौतिक सुविधाको व्यवस्था गर्ने तथा स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्योग स्थापनाका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने ।

ग. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने ।

घ. दिगो वैज्ञानिक वन व्यवस्थापनबाट काठ, दाउराको माग पुरा गरी, रोजगारी सृजना र विदेशबाट आयातित काठको प्रतिस्थापन गर्ने ।

ङ. वन पैदावारको वैज्ञानिक व्यवस्थापन तथा उच्चतम उपयोग गरी गार्हस्थ्य उत्पादनमा टेवा पुऱ्याउन पर्ने ।

च. बहुसीपयुक्त जनशक्तिको विकास गर्ने तथा विषयगत विज्ञ कर्मचारीहरूको तत्काल व्यवस्थापन हुनुपर्ने ।

छ. वाणिज्य, आपूर्ति र खनिज सम्पदातर्फ कार्यक्रम समावेश गर्नु पर्ने ।

ज. वृक्षारोपण गरिएको क्षेत्रको संवर्द्धन तथा त्यसको survival status समेत यकिन गर्नु पर्ने ।

## ३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### *३.७.१ संवैधानिक तथा कानुनी व्यवस्था*


नेपालको संविधानको अनुसूची ६ को दफा १६ ले भूमि व्यवस्थापन र जग्गाको अभिलेखमा प्रदेशको एकल अधिकार लिपिबद्ध गरेको छ भने अनुसूची-९ मा सहकारी, कृषि तथा प्राकृतिक स्रोत सम्बन्धी अधिकारलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा सूचीकृत गरेको छ । मन्त्रालयको अधिकार क्षेत्रलाई कुशलताका साथ अघि बढाउनका निमित्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले निम्न लगायतका ऐन, नियमावली तथा निर्देशिकाहरूको तर्जुमा गरेको छ ।

- प्रदेश सिँचाइ ऐन, २०७५
- प्रदेश सहकारी ऐन, २०७६
- प्रदेश सहकारी नियमावली, २०७६
- कटहरी फलफूल तथा तरकारी बजार सञ्चालन नियमावली, २०७७
- कृषि व्यवसाय राहत कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
- कृषि पशुपन्छी विकास सम्बन्धी निर्देशिका तथा कार्यविधि
- करार सेवामा कृषि सेवामा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७६
- कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६
- सहकारी सङ्घ संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७७

### *३.७.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मध्यावधि समीक्षा अन्तर्गत विगतका ३ आर्थिक वर्षको बजेट विस्तृत तथा वित्तीय र भौतिक उपलब्धिको प्रारूप चित्र ३.७ मा प्रस्तुत गरिएको छ । आ.व. २०७६/७७ वित्तीय उपलब्धिमा कोभिड-१९ को व्यापक प्रभाव रहेको कारणले मन्त्रालयको खर्च केवल ३९.११ प्रतिशत मात्र देखिन्छ भने भौतिक प्रगति केही बढी ५१.६० प्रतिशत भएको देखिन्छ । तथापि पहिलो १०० दिनको वित्तीय र भौतिक उपलब्धि पनि लगभग गत वर्षकै हाराहारीमा न्यून देखिन्छ । आ. व. २०७५/७६ मा भने मन्त्रालयको मध्यावधि ३ आर्थिक वर्षको बजेटमध्ये सबैभन्दा राम्रो उपलब्धि (वित्तीय उपलब्धि ५९.७२ प्रतिशत, भौतिक उपलब्धि ६४.२५ प्रतिशत) देखिए तापनि आशातीत उपलब्धि भने मान्न सकिन्न । मध्यावधि समयको एकमुस्ट बजेट खर्च उपलब्धि ४७.०३ प्रतिशत र भौतिक प्रगति ५५.६७ प्रतिशत भएको देखिन्छ । प्रदेशको अपेक्षित उपलब्धि तथा औसत उपलब्धिभन्दा मन्त्रालयको गणितीय उपलब्धि न्यून रहेको सङ्केत गरेको छ साथै वित्तीय र भौतिक उपलब्धिको उल्लेखनीय फरकले समेत आवश्यक रकम समयमा भुक्तानी हुन नसकेको जसका कारण काममा प्रत्यक्ष प्रभाव पर्न सक्ने प्रस्ट देखिएको छ ।

*चित्र ३.७: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### *३.७.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले विभिन्न ३२ कार्यक्षेत्र उल्लिखित गरेको छ । भूमि व्यवस्थापन अन्तर्गत: भूमि प्रशासन, जग्गा नाप जाँच, भूमि सुधार, भू-उपयोग तथा चकलाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन; निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन आदि रहेका छन् । कृषि मातहतमा कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन; कृषि तथा पशुपन्छीजन्य रोग किरा एवम् महामारी नियन्त्रण; कृषि औद्योगीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन; कृषि तथा पशु यान्त्रीकरण र उन्नत औजार विकास तथा विस्तार आदि पर्दछन् । त्यसैगरी सहकारीमा सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन; सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान आदि मन्त्रालयको कर्यविवरणमा उल्लेख छ ।

उक्त कार्यभार सम्पन्न गर्दा विकास सम्बद्ध विभिन्न सूचकमा सन्तुलित योगदान अत्यावश्यक छ । मन्त्रालयबाट सम्पादित प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य सङ्केत र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.१३ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.१३: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | १८२२ वटा कृषि यन्त्र उपकरण वितरण कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| २ | १६५८ हेक्टर मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| ३ | ३४८३४७२ वटा पशुपन्छीको खोप कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| ४ | १७६७७७ वटा पशु नस्ल सुधार | १.४ | १ | १.३ | १२ | ३ |
| ५ | १५ वटा पशुपन्छी विकास कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| ६ | १० वटा दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| ७ | ११ वटा व्यावसायिक मासु उत्पादन प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम | १.१ | १ | १.३ | ८ | ३ |
| ८ | ४ वटा याक चौंरी भेडा विकास कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| ९ | ३३३ वटा पशुपालनका लागि गोठ तथा खोर निर्माण सुधार | १.४ | १ | १.३ | १२ | ३ |
| १० | २१ वटा ग्रामीण कुखुरा प्रवर्द्धन तथा ह्याचरी स्थापना | १.४ | १ | १.३ | १२ | ३ |
| ११ | २० वटा साइलेज तथा हे प्रविधि अवलम्बनमा सहयोग | १.४ | १ | १.३ | १२ | ३ |
| १२ | २६७ वटा मत्स्य विकास कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| १३ | ३३३ वटा पशुजन्य पदार्थ उत्पादन, विविधीकरण र बजारीकरण | १.१ | १ | १.३ | ८ | ३ |
| १४ | १७ वटा चिया विस्तार एवम् चिया कारखाना उद्योग प्रवर्द्धन कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| १५ | ११९१ वटा चैते धान विकास कार्यक्रम | १.४ | १ | १.३ | १२ | ३ |
| १६ | २४ वटा कृषि तथा पशुपन्छी बजार निर्माणमा सहयोग | १.१ | १ | १.३ | ८ | ३ |
| १७ | ३ वटा टिस्यु कल्चर तथा तेज पत्ता प्रशोधन पूर्वाधार निर्माणमा सहयोग | १.४ | १ | १.३ | १२ | ३ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १८ | २ वटा बङ्गुर तथा बाख्राको दाना उद्योग स्थापनामा सहयोग | १.४ | १ | १.३ | १२ | ३ |
| १९ | २५२ वटा तरकारी फलफूल तथा मसला बाली प्रवर्द्धन | १.१ | १ | १.३ | ८ | ३ |
| २० | ४३ वटा प्रोटेक्टेड हर्टिकल्चर कार्यक्रम | १.१ | १ | १.३ | ८ | ३ |
| २१ | १२ वटा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रममा सहयोग | १.१ | १ | १.३ र १.४ | ८ | ३ |
| २२ | २८ वटा प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम | ३.४ | १ र ४ | १.३ | १२ | १ र ३ |
| २३ | ५५ वटा युवा लक्षित कृषि उत्पादन कार्यक्रम | १.१ | १ | १.२ र १.३ | ८ | ३ |
| २४ | ५१ वटा नमुना कृषि फार्म स्थापना सहयोग | १.४ | १ | १.३ | ८ र १२ | ३ |
| २५ | १६८० वटा कोभिड-१९ प्रभावित राहत सहयोग अनुदान कार्यक्रम | २.२ | १ | २.१ | १ | ३ |

सम्पन्न भएका प्रतिनिधिमूलक २५ मुख्य योजनाका आधारमा साङ्केतीकरण गरी बिम्बात्मक विश्लेषण गरिएको छ । प्रादेशिक सोचको आधार स्तम्भमध्ये समुन्नतितर्फ २३ वटा, २ तर्फ १ वटा र ३ तर्फ १ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको छ । जनजीविकासँग सम्बन्धित मुख्य जिम्मेवारी भएको मन्त्रालयको स्वच्छ, सुखी र समुन्नति जस्ता तीनै मुख्य स्तम्भका सूचकमा सन्तुलित ढङ्गले कार्यक्रम सम्पन्न भएका छन् । प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत आर्थिक वृद्धिमा ९५ प्रतिशत कार्यक्रम केन्द्रित रहेको साथै जलवायु/ वातावरण/ जैविक विविधताको क्षेत्रमा समेत मन्त्रालय मातहतको केही कार्यक्रमले प्रत्यक्ष योगदान दिएको छ । यसैगरी दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गत समृद्धितर्फ २४ र सुखतर्फ १ कार्यक्रमले प्रत्यक्ष योगदान गरेको देखिन्छ । दिगो विकासको लक्ष्यका १६ लक्ष्य मध्ये करिब ६८ प्रतिशत कार्यक्रमले लक्ष्य १२ (दिगो उपभोग तथा उत्पादन) तर्फ प्रत्यक्ष योगदान गरेका छन् भने अन्य ३२ प्रतिशत कार्यक्रम लक्ष्य १ (गरिबीको अन्त्य) र लक्ष्य ८ (समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम) तर्फ लक्षित रहेका छन् । तसर्थ आगामी दिनमा अन्य सूचकमा पनि कार्यक्रमलाई लक्षित न्यायोचित ढङ्गले मन्त्रालयले अघि बढ्नुपर्ने देखिन्छ ।

मानव विकास सूचकाङ्कका ३ आयाममध्ये अधिकांशले आम्दानीमा (९९%) र न्यूनले स्वास्थ्य क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याएका छन् । छनौट भएका प्रतिनिधिमूलक कार्यक्रममा नपरे पनि शिक्षा क्षेत्रमा समेत योगदान पुग्ने मन्त्रालयको प्रशस्त योजना सम्पन्न भएका छन् ।समग्रमा मन्त्रालयको सम्बद्ध कार्यक्रमहरूले विकासको अधिकांश सूचकमा सकारात्मक प्रभाव परे पनि सामाजिक न्याय र दिगो विकास लक्ष्य सङ्केतको सन्तुलित योगदानमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

### *३.७.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

उच्च प्राथमिकता प्राप्त २४ परियोजना तथा प्रगति विवरण तालिका ३.१४ मा प्रस्तुत गरिएको छ । मन्त्रालयको उच्च प्राथमिकता प्राप्त मध्ये अधिकांश कार्यक्रम कृषि तथा पशुपन्छीसँग सम्बन्धित रहेका छन् । केही कार्यक्रमले अप्रत्यक्ष रूपमा योगदान दिन सक्ने भए पनि सहकारी क्षेत्रमा प्राथमिकता प्राप्त कुनै स्पष्ट कार्यक्रम परेका छैनन् । भूमि व्यवस्था सम्बन्धी पनि प्रत्यक्ष-अप्रत्यक्ष कुनै पनि प्राथमिकता प्राप्त कार्यक्रम रहेका छैनन् । मन्त्रालयको कार्यक्षेत्र बमोजिम सन्तुलित कार्यक्रम तय गर्न पर्ने अपरिहार्यता देखिन्छ ।

*तालिका ३.१४: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | सङ्ख्या | N/A | १३८००० | N/A | सालबसाली | १८२२ | १३१२९८ | सालबसाली |
| २ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५२५० | १०५०७५ | २०००० | सालबसाली | १६५८ | ३१८७३ | ९.०० |
| ३ | पशुपन्छीको खोप कार्यक्रम | सङ्ख्या | २५००००० | २१२७० | १०००००० | सालबसाली | ३४८३४७२ | NA | ३५.०० |
| ४ | पशु नस्ल सुधार | सङ्ख्या | १००००० | ७५००० | ४००००० | सालबसाली | १७६७७७ | NA | ४४.२५ |
| ५ | पशुपन्छी विकास कार्यक्रम | सङ्ख्या | | १९६६०० | N/A | सालबसाली | १५ | ५३२२७ | सालबसाली |
| ६ | दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | N/A | ७९००० | N/A | सालबसाली | १० | ८५५८५ | सालबसाली |
| ७ | व्यावसायिक मासु उत्पादन प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम | सङ्ख्या | N/A | १९९१०० | N/A | सालबसाली | ११ | ४१७८४ | सालबसाली |
| ८ | गोठ तथा खोर निर्माण सुधार | सङ्ख्या | N/A | ११११०० | N/A | सालबसाली | ३३३ | ८७१७७ | सालबसाली |
| ९ | मत्स्य विकास कार्यक्रम | सङ्ख्या | N/A | २४३०० | N/A | सालबसाली | २६७ | १०२३९६ | सालबसाली |
| १० | कृषि उपज बैङ्क स्थापना | सङ्ख्या | N/A | ६५००० | N/A | सालबसाली | | | सुरु वर्ष |
| ११ | पशुजन्य पदार्थ उत्पादन, विविधीकरण र बजारीकरण | सङ्ख्या | N/A | २०६००० | N/A | सालबसाली | ३३३ | २९३६२८ | सालबसाली |
| १२ | चिया विस्तार एवं चिया कारखाना उद्योग प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | १० | २०००० | N/A | सालबसाली | १७ | ४८७२१ | सालबसाली |
| १३ | चैते धान विकास कार्यक्रम | सङ्ख्या | १४०० | १५६०० | १५००० | सालबसाली | ११९१ | १५६८६ | ८.०० |

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| १४ | कृषि तथा पशुपन्छी बजार निर्माण निर्माणमा सहयोग | सङ्ख्या | ८ | ८०००० | N/A | सालबसाली | २४ | १००३१८ | सालबसाली |
| १५ | बाली विशेष भण्डार गृह (Mini Cold Store/कोल्ड चेम्बर) निर्माणमा सहयोग | सङ्ख्या | ८ | ८०००० | N/A | सालबसाली | १ | ४३६० | सालबसाली |
| १६ | तरकारी फलफूल तथा मसला बाली प्रवर्द्धन | सङ्ख्या | N/A | १२३७०० | N/A | सालबसाली | २५२ | ७४५२० | सालबसाली |
| १७ | प्रोटेक्टेड हर्टिकल्चर कार्यक्रम | | १० | २४००० | N/A | सालबसाली | ४३ | ६३०५९ | सालबसाली |
| १८ | कृषि पर्यटन प्रवर्द्धन कार्यक्रममा सहयोग | | १० | २०००० | N/A | सालबसाली | १२ | १७५८० | सालबसाली |
| १९ | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | १६ | ८०९०० | N/A | सालबसाली | २८ | १२८२८ | सालबसाली |
| २० | प्रदेश प्रमुख नव प्रवर्तन कृषि कार्यक्रम | सङ्ख्या | ३००० | १२०००० | ३००० | सालबसाली | | | सुरु वर्ष |
| २१ | कृषि कर्जामा ब्याज सहयोग | सङ्ख्या | N/A | ८०००० | N/A | सालबसाली | | | सुरु वर्ष |
| २२ | धूलो दूध कारखाना स्थापना | सङ्ख्या | १ | १३०००० | १ | २८०००० | | | सुरु वर्ष |
| २३ | युवा लक्षित कृषि उत्पादन कार्यक्रम | सङ्ख्या | ३१३ | ६४५०० | N/A | सालबसाली | ५५ | ११२७० | सालबसाली |
| २४ | नमुना कृषि फार्म स्थापना सहयोग | सङ्ख्या | १०९ | ९६३०० | १३७ | सालबसाली | ५१ | ३१७४५ | ३७.०० |

### *३.७.५ सुधार गर्नुपर्ने पक्ष*

क. कृषि उत्पादनको बजारीकरण सुनिश्चित गरी आधुनिक तथा व्यावसायिक उत्पादनमा केन्द्रित हुनुपर्ने । भूमि बैङ्क र चकलाबन्दी प्रणालीको विकास गरी आधुनिक कृषिको सुरुवात गर्नु ।

ख. प्रदेश विशेष उत्पादन उपजहरूको पहिचान गरी विकास गर्नु पर्ने । सामूहिक खेती प्रणालीको विकास गर्नु र जैविक उत्पादनलाई प्रोत्साहित गर्नु पर्ने ।

ग. प्रदेशको समग्र कृषि क्षेत्रको विकासका लागि स्थानीय तह र सङ्घीय सरकारसँग समन्वयको लागि तीनै तहका सरकारबीच समन्वय गरी संविधानको अनुसूचीमा उल्लिखित कार्य विवरण अनुसार काम गर्ने व्यवस्था मिलाउनु पर्ने । कृषि अनुसन्धान परिषदलाई प्रदेश सरकारसँग पनि उत्तिकै उत्तरदायी भई काम गर्ने व्यवस्था गरिनु पर्ने ।

घ. कृषि अनुदानको वस्तुगत उपयोग गरी आयात प्रतिस्थापन योग्य बनाउनु ।

## ३.८ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### *३.८.१ संवैधानिक तथा कानुनी व्यवस्था*


नेपालको संविधानले प्रदेश सरकारलाई एकल तथा साझा अधिकार सूचीमा प्रदेशको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, प्रदेश अनुसन्धान ब्यूरो लगायतका अधिकार प्रदत्त गरेको छ । सो अनुरूप यस मन्त्रालयबाट प्रदान गरिने सेवालाई सरलीकृत गर्नका लागि देहाय बमोजिमका ऐन, नियमावली तथा कार्यविधि बनाई कार्यान्वयनमा आएको छ ।

- प्रदेश प्रहरी ऐन, २०७७
- प्रदेश विपद् व्यवस्थापन ऐन, २०७७
- प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण ऐन, २०७५
- प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण नियमावली, २०७६
- प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७
- सगरमाथा टिन्स क्लब सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५
- मुख्यमन्त्री अत्यावश्यक सेवा सञ्चालन कार्यविधि, २०७७
- विपद्, खोज, उद्धार तथा राहत वितरण मापदण्ड, २०७६

### *३.८.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

यस मन्त्रालयको प्रदेश सरकारको स्थापनाको १०० दिनको अवधिमा ४९.९२ प्रतिशत, आ.व. २०७५/७६ मा ४०.९९ प्रतिशत तथा आ.व. २०७६/७७ मा ४३.३५ प्रतिशत मात्र प्रगति गरेको साथै हालसम्मको मध्यावधि प्रगति ४२.०९ मात्र भई न्यून देखिएकोले उच्च प्रगति हासिल गर्न मन्त्रालयले कार्ययोजना बनाई कार्य गर्नुपर्ने तलको चित्र ३.८ बाट प्रस्ट हुन्छ ।

*चित्र ३.८: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### *३.८.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

यस मन्त्रालयको कार्य जिम्मेवारीमा शान्ति-सुरक्षा तथा सुव्यवस्था, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, कानुन तर्जुमा तथा सहजीकरण, निःशुल्क कानुनी परामर्श, प्रेस सूचना प्रवाह लगायत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ४३ वटा कार्य जिम्मेवारी तोकिएको छ । मन्त्रालयबाट सम्पन्न प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचका आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.१५ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.१५: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्यूरो सम्बन्धी कानुनी प्रबन्ध | २.३ | ५ | २.२ | १६ | २ |
| २ | प्रदेश स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना | २.१ | २ | २.२ | १६ | २ |
| ३ | प्रदेश समाचार समिति गठन/ प्रादेशिक सञ्चार प्रतिष्ठान स्थापना | २.३ | ५ | २.४ | १६ | २ |
| ४ | "म अघि बढ्छु" कार्यक्रम | २.१ | २ | २.१ | ४ | २ |
| ५ | सडक सुशासन, breathalyzer, radar gun, gas, jacket, mask आदि | २.२ | ५ | २.२ | १६ | १ |
| ६ | विपद् व्यवस्थापन कोष स्थापना | २.२ | ५ | २.२ | १६ | ३ |
| ७ | प्रादेशिक गोदामघर स्थापना | १.४ र २.२ | १ | १.३ र २.२ | १२ | ३ |
| ८ | सूचना तथा सञ्चार सम्बन्धी नीति तर्जुमा | २.३ | ५ | २.४ | १६ | २ |
| ९ | विपद् पूर्व सूचना प्रणाली स्थापना तथा सञ्चालन | १.३ र २.२ | २ र ३ | १.१ र २.२ | १६ | ३ |
| १० | कारागार भित्र मानव अधिकार प्रवर्द्धन तथा कानुन सचेतना कार्यक्रम | २.२ | ५ | २.२ | १६ | २ |
| ११ | कारागार सुधार कार्यक्रम १४ जिल्ला | २.२ | ५ | २.२ | १६ | १ |
| १२ | पत्रकार सुरक्षा कोष स्थापना | २.२ | ५ | २.२ | १६ | ३ |
| १३ | विकासको लागि सुरक्षा सचेतना कार्यक्रम | २.१ | ५ | २.१ | १७ | २ |

आम नागरिकको शान्ति सुरक्षा र सुव्यवस्थासँग यस मन्त्रालयको प्रत्यक्ष सरोकार रहन्छ । आ.व. २०८०/८१ सम्म नागरिक सन्तुष्टि अनुभूतिको सूचकाङ्कलाई ४.७ बाट ५.५ पुऱ्याउने, कुल गार्हस्थ्य उत्पादनमा विपतबाट भएको क्षतिको अनुपातलाई ०.८० बाट घटाएर ०.२० पुऱ्याउने, १३७ स्थानमा विपदपूर्व सूचना प्रणालीको स्थापना र जोखिम नक्साङ्कन गर्ने लक्ष्य पुरा गर्ने प्रमुख जिम्मेवारी लगायत मन्त्रालयको कार्य जिम्मेवारीका लक्ष्य प्राप्तिको लागि यस मन्त्रालयबाट सम्पन्न भएका प्रतिनिधिमूलक १३ वटा साङ्केतीकरणबाट प्रादेशिक सोचको आधार स्तम्भको सुखतर्फ अधिकतम (करिब ८५ प्रतिशत) र बाँकी १५ प्रतिशतले समुन्नतितर्फ प्रत्यक्ष योगदान पुऱ्याएको देखिन्छ ।

प्रदेशको समष्टिगत उद्देश्यमा धेरैजसो कार्यक्रम (९ वटा) ले सुशासनतर्फ, ३ वटा कार्यक्रमले सामाजिकतर्फ र १-१ वटा कार्यक्रमले आर्थिक तथा पूर्वाधार तर्फ प्रत्यक्ष योगदान दिएको छ । यसैगरी अधिकतम कार्यक्रमले दीर्घकालीन राष्ट्रिय लक्ष्यको सुखतर्फ र न्यून कार्यक्रमले समृद्धितर्फ प्रत्यक्ष योगदान दिएका छन् । दिगो विकास लक्ष्यका १६ मध्ये लक्ष्य ४, १२ र १७ तर्फ १-१ वटा, लक्ष्य १६ तर्फ १० वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ । लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था तर्फ केन्द्रित छ त्यसतर्फ धेरैजसो कार्यक्रम केन्द्रित रहेको र आगामी दिनमा अन्य सूचकलाई पनि ध्यान दिँदै कार्यक्रम निर्धारण गर्नुपर्ने देखिन्छ । मानव विकास सूचकाङ्कको आयाम अनुसार स्वास्थ्यतर्फ २ वटा मात्र कार्यक्रमले योगदान दिएको देखिन्छ भने शिक्षातर्फ ७ वटा तथा आम्दानीतर्फ ४ वटा कार्यक्रमे प्रत्यक्ष योगदान दिएको देखिन्छ ।

### *३.८.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

यस कार्यालयले उच्च प्राथमिकता प्राप्त १० वटा योजनाहरूमध्ये शान्ति सुरक्षा/ मानव अधिकारको क्षेत्रमा ७ वटा, विपद् न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा २ वटा तथा क्षमता अभिवृद्धिको क्षेत्रमा १ वटा कार्यक्रम रहेको तालिका ३.१६ ले स्पष्ट गरेको छ ।

*तालिका ३.१६: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| १ | प्रहरी चौकी निर्माण | वटा | ४९ | १०५९४८६५३२ | ४९ | ६८३९९१५८० | २०७५ श्रावण | २०७८ आषाढ | ६४.५६ |
| २ | प्रदेश नं. १ प्रहरी हेडक्वाटर निर्माण | वटा | १ | २२०९५२८९७ | १ | १२९८७७६७९ | २०७५ श्रावण | २०७८ आषाढ | ५८.७८ |
| ३ | प्रहरी चौकी निर्माण क्रमागत | वटा | २८ | ६८१५००००० | २८ | १०००००० | २०७७ आषाढ | २०७९ आषाढ | ०.१५ |
| ४ | महिला प्रहरी ब्यारेक, पाँचथर भवन निर्माण | वटा | १ | १३२७७७०२ | १ | ७१९१४३८ | २०७५ श्रावण | २०७८ आषाढ | ५४.१६ |
| ५ | बोर्डर आउट पोस्ट (वि.ओ.पि.) निर्माण | वटा | १३ | २२२६९४३३५ | १३ | २०६१५०१३१ | सम्पन्न | १००.०० | |
| ६ | मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना (वारुणयन्त्र खरीद, पिकअप खरीद) | वटा | २८ | १४८६००००० | २५ | १०९५४७४६० | २०७६ श्रावण | २०७७ आषाढ- भाद्र | २८ |
| ७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (विपद् गोदाम घर निर्माण) | सङ्ख्या | ३ | ५१००००० | | ४८२०८१५ | २०७६ श्रावण | २०७७ आषाढ | ९४.५३ |
| ८ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (विपद् सामाग्री व्यवस्थापन) | पटक | ५ | २५०००००० | २ | ७०००००० | सालबसाली | सालबसाली | ०.२८ |

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| ९ | सुरक्षा निकायको लागि सवारीसाधन व्यवस्थापन (जिप/ पिकअप, मोटरसाइकल) | सङ्ख्या | ५४६ | | | १०९५४७४६० | २०७५ श्रावण | २०७८ आषाढ | १०० |
| १० | "म अघि बढ्छु" कार्यक्रम (ब्याच निर्माण) | सङ्ख्या | ४००००० | १२०००००० | २१५००० | ५७८८९६० | सालबसाली | सालबसाली | ४८.२४ |

### *३.८.५ सुधार गर्नुपर्ने पक्ष*

क. शान्ति सुरक्षा कायम गर्न सङ्घीय निकाय र प्रदेश बीचको समन्वय सहकार्य प्रभावकारी बनाउने ।

ख. कार्यक्रम कार्यान्वयनमा सङ्घीय निकाय र स्थानीय तहबीच समन्वय गरी प्रभावकारी कार्य सम्पादन ।

ग. भौतिक अवस्थिति र उपयुक्त संरचना ।

घ. आम सञ्चार माध्यमसँग सहसम्बन्ध ।

ङ. विपद् प्रतिकार्यमा सहजीकरण ।

## ३.९ भौतिक पूर्वाधार विकास मन्त्रालय

### *३.९.१ संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको संविधान अनुसूची ६ ले प्रदेशस्तरको विद्युत, सिँचाइ, खानेपानी, परिवहन तथा प्रदेश लोकमार्ग प्रदेशको कार्यक्षेत्र भित्र सूचीकृत गरेको छ । साथै, जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा समेत संविधानले निर्देशित गरेको छ । राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा समेत उल्लेख भएको छ । वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने कुरा समेत उल्लेख छ । अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास, पछाडी परेका क्षेत्रको पूर्वाधार विकास र विकास निर्माण प्रक्रियामा स्थानीय सहभागिता वृद्धि गर्ने कुरा राष्ट्रिय शहरी नीति, २०६४ मा उल्लेख छ ।उक्त कार्यक्षेत्रलाई कुशलताका साथ अघि बढाउनका निमित्त भौतिक पूर्वाधार विकास मन्त्रालयले निम्न लगायतका ऐन तथा नियमावलीहरूको तर्जुमा गरेको छ ।


- प्रदेश सिँचाइ ऐन, २०७५
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
- प्रदेश विद्युत ऐन, २०७६
- प्रदेश भवन ऐन, २०७६
- प्रदेश सार्वजनिक सडक ऐन, २०७७
- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०७६
- मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६

### *३.९.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

कोभिड-१९ को व्यापक प्रभावको बावजूद आ.व. २०७६/७७ मा मन्त्रालयको वित्तीय उपलब्धि ७४.७३ प्रतिशत र भौतिक प्रगति ८५.४२ प्रतिशत भएको कुरा चित्र ३.९ ले प्रस्ट पारेको छ । हालसम्म कुल मध्यावधि औसत ६३.४४ प्रतिशत बजेट खर्च उपलब्धि र ७१.९१ प्रतिशत भौतिक उपलब्धि गरी मन्त्रालयको भूमिका सामान्य सन्तोषजनक रहेको छ । तथापि घोषित ८० प्रतिशत बजेट खर्च उपलब्धि गर्नका निमित्त मन्त्रालयको थप मेहनत अत्यावश्यक देखिन्छ भने १०० दिन र आ.व. २०७५/७६ को वित्तीय उपलब्धि क्रमशः ५६.७६ र ४९.७१ लाई उपलब्धिमूलक रूपमा लिन सकिन्न । आ.व. २०७५/७६ मा वित्तीय तथा भौतिक उपलब्धि दुवै सूचकमा अन्य आ.व. भन्दा कमी मात्र नभई समग्रमा

कमजोर कार्यकुशलता भएको प्रस्ट हुन्छ । वित्तीय र भौतिक उपलब्धिको उल्लेखनीय फरकले समेत आवश्यक रकम समयमा भुक्तानी हुन नसकेको प्रस्ट पार्दछ ।

*चित्र ३.९: बजेट खर्च तथा उपलब्धि प्रतिशत / भौतिक पूर्वाधार विकास मन्त्रालय*




### *३.९.३ विभिन्न विकास सम्बद्ध सूचकहरूमा योगदान*

भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप, यातायात, शहरी विकास, भवन निर्माण लगायत २१ कार्यक्षेत्र प्रदेश सरकार नियमावली, २०७४ मा सूचीकृत भएका छन् । उक्त कार्यभार सम्पन्न गर्दा विकास सम्बद्ध विभिन्न सूचकमा योगदान सन्तुलित योगदान अत्यावश्यक छ । मन्त्रालयबाट सम्पादित प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य सङ्केत र मानव विकास सूचकाङ्कका आयामका आधारमा तालिका ३.१७ मा प्रस्तुत गरिएको छ । सम्पन्न भएका प्रतिनिधिमूलक २२ मुख्य योजनाका आधारमा साङ्केतीकरण गरी निम्नानुसार बिम्बात्मक विश्लेषण गरिएको छ ।

*तालिका ३.१७: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | १९६७६ हेक्टरमा सिँचाइ सम्पन्न भएको | १.४ | ३ | १.३ | १२ | ३ |
| २ | ३८ कि.मि. जल उत्पन्न प्रकोप-नदि व्यवस्थापन र १५ पहिरो रोकथाम गरी पञ्चवर्षीय लक्ष्यमा ६०% भौतिक उपलब्धि | ३.१ | ३ र ४ | १.३ | १३ | ३ |
| ३ | जलविद्युत क्षमता १८७.३६ मे.वा. पुऱ्याई पञ्चवर्षीय लक्ष्य (१५०० मे.वा.) मा १२.५० प्रतिशत भौतिक प्रगति | ३.३ | ३ | १.३ | ७ | ३ |
| ४ | बायो ग्याँस ४५५, सुधारिएको चुलो ४४३ निर्माण भएको | ३.३ | ३ | २.३ | ७ | १ |
| ५ | सौर्य ऊर्जा ग्रिड टाइड ४० कार्य सम्पन्न भएको | ३.३ | ३ | २.३ | ७ | ३ |
| ६ | १०५९ वटा खानेपानी आयोजनाहरू मार्फत पर्याप्त, सफा र सुरक्षित खानेपानी सुविधा पुर्याउने कार्य भइरहेको | १.३ | ३ | २.१ | ६ | १ |
| ७ | आधारभूत स्तरको खानेपानी सेवामा ९७.५% र आधारभूत सरसफाइ सेवामा ६२% पहुँच पुगेको छ | ३.२ | ३ | १.१ | ६ | १ |
| ८ | २ वटा शहरीकरण ग्रामीण विकास तथा बस्ती व्यवस्थापन सम्बन्धित नीति कानुन तथा मापदण्ड तर्जुमा भएको | १.३ | ३ | २.२ | ११ | ३ |
| ९ | स्थानीय तहका केन्द्रहरूमा आधारभूत शहरी संरचनाको विकासका लागि १०० भवन निर्माण | १.३ | ३ | १.१ | ११ | ३ |
| १० | २ शहरी विकास तथा भवन कार्यालय, १५४ सार्वजनिक भवन निर्माण कार्यक्रम सम्पन्न भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| ११ | शहरी क्लस्टर र शहरी करिडोर तथा शहर र बजार केन्द्रहरू बीच स्तरोन्नति (कालोपत्रे) ३० कि.मि. सम्पन्न भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| १२ | बहुवर्षीय सडक-६२ वटा (७१७.५१ कि.मि. कालोपत्रे र १६६.७४ कि.मि. ग्राभेल) ५० सम्झौता-कटिङ र ग्राभेल हुँदै | १.३ | ३ | १.१ | ९ | ३ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १३ | प्रादेशिक विशेष सडक आयोजना (७ वटा ) - १०० कि.मि. कालोपत्रे १०% कटिङको कार्य हुँदै | १.३ | ३ | १.१ | ९ | ३ |
| १४ | मुख्यमन्त्री ग्रामीण सडक : ८७ मध्ये ८६ मा ६३.९३% वित्तीय उपलब्धि गरी सालबसाली योजनाको रूपमा कार्य हुँदै | १.३ | ३ | १.१ | ९ | ३ |
| १५ | बहुवर्षीय सडक: प्रदेशबाट छनौट भएको ७७ मा २ वटा र केन्द्रबाट हस्तान्तरित ५१ मा २१ सम्पन्न | १.३ | ३ | १.१ | ९ | ३ |
| १६ | प्रादेशिक निर्वाचन क्षेत्रका आधारमा बहुवर्षीय पुल १३४ निर्माण कार्यको थालनी भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| १७ | झोलुङ्गे पुल निर्माण (जम्मा ११५) मध्ये प्रदेश बाट छनौट भएको ३२ र केन्द्रबाट हस्तान्तरित ४ सम्पन्न | १.३ | ३ | १.१ | ९ | ३ |
| १८ | प्रदेश भौतिक पूर्वाधार विकास सम्बन्धी प्रोफाइलको निर्माण सम्पन्न भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| १९ | प्रदेश सडक यातायात गुरु योजना निर्माण (१० वर्षे) SDC को सहयोगमा निर्माण भएको | १.३ | ३ | १.१ | ९ | ३ |
| २० | सर्वेक्षण को कार्य सम्पन्न भएको (सडक ३५० कि.मि. पुल र झोलुङ्गे पुल २४) | १.३ | ३ | १.१ | ९ | ३ |
| २१ | किमाथान्का नाका खोल्न बाँकी ३५ कि.मि./ सडक विभागसँग समन्वय गरी कार्य तीव्र रूपमा भइरहेको | १.३ | ३ | १.१ | ९ | ३ |
| २२ | जनता आवास कार्यक्रम अन्तर्गत २१५६ वटा घर सम्पन्न भइसकेको | २.२ | ३ | २.२ | १ | ३ |

प्रदेशको कुल बजेटको करिब ५० प्रतिशत विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयमा अन्तर्गतका योजनाको विकास सम्बन्धी विभिन्न सूचकमा योगदानको विशेष महत्त्व रहन्छ । प्रादेशिक सोचको आधार स्तम्भमध्ये करिब ७३ प्रतिशत कार्यक्रम समुन्नतितर्फ, २३ प्रतिशत कार्यक्रम स्वच्छतातर्फ र एकदम न्यून (४ प्रतिशत) कार्यक्रमले सुखतर्फ प्रत्यक्ष योगदान रहेको छ । स्वच्छ, सुखी र समुन्नति जस्ता तीनै मुख्य स्तम्भका सूचकमा सन्तुलित ढङ्गले परियोजना सम्पन्न भएका छन् ।

प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत पूर्वाधारमा ९० प्रतिशत परियोजना केन्द्रित भए पनि जलवायु/ वातावरण/ जैविक विविधताको क्षेत्रमा समेत मन्त्रालय मातहतको परियोजनाले प्रत्यक्ष योगदान दिएको छ । यसैगरी राष्ट्रिय दीर्घकालीन लक्ष्यलाई विश्लेषण गर्दा समृद्धितर्फ ७३ प्रतिशत र सुखतर्फ २७ प्रतिशत कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ ।

मन्त्रालयको मुख्य जिम्मेवारी भौतिक तथा पूर्वाधार निर्माणसँग सम्बद्ध भए पनि दिगो विकासको लक्ष्यका १६ लक्ष्य मध्ये ७ (१, ६, ७, ९, ११, १२ र १३) मा स्पष्ट योगदान रहेको छ । तोकिएको कार्यक्षेत्रको बावजूद मन्त्रालयको योजनामा गरिबीको अन्त्य, वातावरण सरसफाइ तथा जलवायु सम्बन्धी परियोजना पनि रहेका छन् । सम्पन्न भएका प्रतिनिधिमूलक २२ मुख्य योजना अन्तर्गत मानव विकास सूचकाङ्कका ३ आयाममध्ये स्वास्थ्यमा ३ र जीवनस्तरमा १९ कार्यक्रमले प्रत्यक्ष योगदान दिएको छ ।

छनौट भएका योजना प्रतिनिधिमूलक कार्यक्रममा नपरे पनि शिक्षा क्षेत्रमा योगदान पुग्ने प्रशस्त योजना सम्पन्न भएका छन् । समग्रमा मन्त्रालयको परियोजनाले विकासको अधिकांश सूचकमा सकारात्मक प्रभाव परे पनि सामाजिक न्याय र प्रकृति अनुकूलन विकास निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

### *३.९.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

उच्च प्राथमिकता प्राप्त १० वटा परियोजना तथा प्रगति विवरण तालिका ३.१८ मा प्रस्तुत गरिएको छ । मन्त्रालयको उच्च प्राथमिकता प्राप्त १० आयोजनामध्ये बहुवर्षीय सडक निर्माण १२८, बहुवर्षीय सडक योजना ६२, झोलुङ्गे पुल निर्माण ११५, मुख्यमन्त्री ग्रामीण सडक ८७, आवास व्यवस्था (जनता आवास कार्यक्रम) ५९७४ वटा, कोशी रिफ्रेस्मेन्ट परियोजना आदि उच्च प्राथमिकतामा रहेका छन् । विद्युत, सिँचाइ र जल उत्पन्न प्रकोप जस्ता अन्य महत्त्वपूर्ण कार्यक्षेत्रमा भने मन्त्रालयको १० उच्च प्राथमिकतामा नरहनुलाई सन्तुलित दृष्टिकोण मान्न सकिन्न ।

*तालिका ३.१८: उच्च प्राथमिकता प्राप्त कामको प्रगति विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| १ | कोशी रिफ्रेस्मेन्ट परियोजना | चरण | २ | २२०००० | २०.०० | १०००० | २०.०० |
| | जग्गा खरिद | बिघा | २० | ५४३०० | १००.०० | ५४३०० | १००.०० |
| | डि पी आर तयारी | वटा | ३ | ७५०० | ७५.०० | ५००० | ७५.०० |

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| २ | आवास व्यवस्था (जनता आवास कार्यक्रम) | वटा | ५९७४ | २०९०९०० | १६४४ | ५७५४०० | २७.५ |
| ३ | आधारभूत सरसफाइ सेवामा पहुँच | प्रतिशत | ७३ | ३६०००० | ६२ | ५०३१३३ | ८४.९३ |
| बहुवर्षीय सडक निर्माण | | | | | | | |
| ४ | प्रदेशबाट छनौट भएको | गोटा | ७७ | ५८८०००० | सम्झौता ५५ सम्पन्न २ | ९६६२०० | २.५९ |
| ५ | केन्द्रबाट हस्तान्तरित | गोटा | ५१ | ३५७०००० | सम्पन्न २१ | २१५८०० | ४१.१७ |
| झोलुङ्गे पुल निर्माण | | | | | | | |
| ६ | प्रदेशबाट छनौट भएको | गोटा | १०८ | ६४८००० | ३२ | २९४८०० | २९.६२ |
| ७ | केन्द्रबाट हस्तान्तरित | गोटा | ७ | १४०००० | ४ | ३२९०० | ५७.१४ |
| ८ | बहुवर्षीय सडक योजना (६२) | कि.मि. | ८८४.२५ | ३५३६०००० | सम्झौता ५० | ७०००००० | २५.८६ |
| ९ | मुख्यमन्त्री ग्रामीण सडक | गोटा | ८७ | ५०००००० | ८६ | २८१६०० | ६३.९३ |
| १० | आधारभूत स्तरको खानेपानी सेवामा पहुँच | प्रतिशत | ९९ | १४५००००० | ९७.५ | ४५८१९७ | ९८.४८ |

### *३.९.५ सुधार गर्नुपर्ने पक्ष*

- वर्तमान कोभिड-१९ महामारीको सङ्कट र प्रभावलाई मध्यनजर गरी प्रकृति, वातावरण र निर्माणलाई सन्तुलित ढङ्गले विकास गर्नु पर्ने ।
- आवधिक योजनाले लिएको लक्ष्य र सूचक प्राथमिकताका आधारमा स्रोत-साधन तथा जनशक्तिको महत्तम परिचालन गरी भौतिक निर्माणका क्रियाकलाप अघि बढाउनु पर्ने ।
- गरिबी र पछौटेपनलाई न्यूनीकरण गर्दै समाजमा स्वच्छता, सुख र समृद्धि हासिल गर्न गरिबी र पछौटेपन क्षेत्रको पहिचान गरी लक्षित समुदायलाई सम्बोधन हुने समग्र विकास निर्माणको कार्यक्रमहरू सञ्चालन गरी दिगो सामाजिक स्वच्छता, सुख र समृद्धि हासिल गर्ने ।

- समग्र विकास निर्माणका कार्यक्रमहरू लक्षित समुदायलाई सम्बोधन हुने गरी परिचालन गरी दिगो सामाजिक स्वच्छता, सुख र समृद्धि हासिल गर्नु पर्ने ।
- सङ्घ र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीलाई अझ प्रभावकारी बनाउन विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार सङ्घ र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी कायम गरी अगाडी बढ्दा सबै निकायले लिएको लक्ष्य हासिल गर्न सकिने ।

## ३.१० सामाजिक विकास मन्त्रालय

### *३.१०.१ संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको संविधानले शिक्षा सम्बन्धी हक (धारा ३१), स्वास्थ्य सम्बन्धी हक (धारा ३५) समानताको हक (धारा १८), छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४), धार्मिक स्वतन्त्रताको हक (धारा २६), भाषा तथा संस्कृतिको हक (धारा ३२), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र शोषण विरुद्धको हक (धारा २९) लाई मौलिक हक र कर्तव्य अन्तर्गत समावेश गरेको छ । औषधी, जनसङ्ख्या व्यवस्थापन; सामाजिक सुरक्षा र रोजगारी; खानेपानी सरसफाइ; खेलकुदलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ भने शिक्षा, खेलकुद, स्वास्थ्य; सामाजिक सुरक्षा; पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय; खानेपानीलाई सङ्घ, प्रदेश र स्थानीय गरी तीन वटै तहको अधिकार सूचीमा समेटिएको छ । प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय, स्वास्थ्य सेवा, प्रदेशस्तरको खानेपानी सेवा; भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग; गुठी व्यवस्थापनलाई प्रदेशको एकल अधिकारमा राखेको छ भने मन्त्रालयले संवैधानिक जिम्मेवारीलाई  पुरा गर्न हालसम्म निम्न ऐन तथा कानुनहरूको तर्जुमा गरेको छ ।


- प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५
- सामाजिक विकास संस्था ऐन, २०७५
- मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६
- प्रदेश खेलकुद ऐन, २०७६
- प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७७
- बालबालिका संरक्षण ऐन, २०७७

### *३.१०.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

सामाजिक विकास मन्त्रालयको गत ३ वर्षको क्षेत्रगत बजेट, बजेट खर्च र वित्तीय उपलब्धिलाई चित्र ३.१० मा प्रस्तुत गरिएको छ । विश्वलाई नै आक्रान्त पारेको महामारी कोभिड-१९ र बन्दाबन्दीका कारण प्रदेशको कामकारबाहीमा प्रतिकूल असर परेको छ । यीनै असहज परिस्थितिका कारण  आ.व. २०७६/७७ मा मन्त्रालयको बजेट खर्च ६०.९९ प्रतिशत मात्र भएको कुरा चित्र ३.१० मा प्रस्तुत गरिएको छ । तथापि आ.व. २०७५/७६ मा मन्त्रालयको  बजेट खर्च ३ आर्थिक वर्ष मध्ये उच्च उपलब्धि ८२.८६ प्रतिशत रहेको र आ.व २०७४/७५ (१०० दिन) मा मन्त्रालयको ६३.६३ प्रतिशत बजेट खर्च रहेको छ । सामाजिक विकास मन्त्रालयले मध्यावधिसम्म औसत ७१.७७ प्रतिशत बजेट खर्च

गरी राम्रो उपलब्धि हासिल गरेको छ । यद्यपि मन्त्रालयले अझै प्रभावकारी ढङ्गले बजेट खर्चलाई व्यवस्थापन गर्दै उच्च उपलब्धि हासिल गर्न सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन ।

*चित्र ३.१०: बजेट खर्च तथा उपलब्धि प्रतिशत/ सामाजिक विकास मन्त्रालय*




### *३.१०.३ विभिन्न विकास सम्बद्ध सूचकमा योगदान*

प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयलाई ५८ वटा कार्य जिम्मेवारी तोकिएको छ । मुख्य जिम्मेवारीमा शिक्षा, स्वास्थ्य तथा पोषण, सामाजिक विकास (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, युवा तथा खेलकुद, सामाजिक सुरक्षा, सामाजिक समावेशीकरण), खानेपानी तथा सरसफाइ, गुठी व्यवस्थापन लगायतका क्षेत्र समेटिएका छन् ।

प्रदेश सरकार गठन भई अढाई वर्ष कार्यकाल भई रहँदा सामाजिक विकास मन्त्रालय मातहत सम्पन्न भएका योजनाबाट ४१ प्रतिनिधिमूलक योजनालाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत, मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.१९ साङ्केतीकरण तथा संक्षिप्त विश्लेषण गरिएको छ ।

*तालिका ३.१९: सम्पन्न प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण/ सामाजिक विकास मन्त्रालय*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | १३१६ विद्यालयमा कम्प्युटर प्रविधिमा आधारित शिक्षा सञ्चालन (५१७ सूचना प्रविधि प्रयोगशालाको र ७९९ कम्प्युटर, इन्टरनेट तथा ICT ल्याब स्थापना) | १.२ | २ र ३ | १.२ | ४ | २ |
| २ | १३७ सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना | १.२ | ३ | १.२ | ४ र ९ | २ |
| ३ | २४९ सामुदायिक विद्यालयमा फिल्टर प्लान्ट जडान तथा पानी ट्याङ्की निर्माण गरी स्वच्छ पिउने पानीको प्रबन्ध; १३७ विद्यालयमा छात्रा शौचालय निर्माण | २.१ र ३.२ | ३ | २.१ | ६ | १ |
| ४ | ३३४ विद्यालयहरूको भवन निर्माण, रङ रोगन, छाना छाउने तथा घेराबारा निर्माण | १.३ र २.२ | ३ | २.१ | ९ र १६ | २ |
| ५ | उत्कृष्ट २८ वटा सामुदायिक तथा ११ संस्थागत विद्यालय र १४ सामुदायिक सिकाई केन्द्रलाई प्रोत्साहन, ३१७६ जना शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम | १.२ | २ | १.२ | ४ | २ |
| ६ | ६५ धार्मिक प्रकृतिका विद्यालयको गुणस्तर सुधार र ५ विशेष विद्यालयहरूको क्षमता विकास | १.२ | २ | १.२ | ४ | २ |
| ७ | ६९ वटा स्रोत कक्षाहरूको व्यवस्थापकीय सुधार तथा ६७ वटा विशेष शिक्षा स्रोत केन्द्रमा शैक्षिक/ खेलकुद सामग्री व्यवस्थापन | १.२ | २ | १.२ | ४ | २ |
| ८ | वैकल्पिक प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण | १.२ | २ | १.२ | ४ | २ |
| ९ | ८४ सामुदायिक क्याम्पसमा सूचना प्रविधि प्रयोगशाला स्थापना, ९० सामुदायिक क्याम्पसहरूको व्यवस्थापकीय सुधार र स्नातकोत्तर क्याम्पसलाई बोटानिकल गार्डेन निर्माणमा सहयोग | १.२ | ३ | १.२ | ४ | २ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १० | ८३ वटा प्राविधिक धारका सामुदायिक विद्यालयहरूमा प्राविधिक विषय पठनपाठनको लागि विषयगत ल्याबको व्यवस्थापन | १.२ | ३ | १.२ | ४ | २ |
| ११ | सीपयुक्त जनशक्ति निर्माण गरी रोजगारी तथा स्वरोजगार उन्मुख बनाउन ९१०० जनालाई ३९० घण्टे सीपमूलक तालिम प्रदान | १.२ र २.१ | २ | १.२ | ८ | ३ |
| १२ | १६ जना युवा वैज्ञानिक र ३४६ जना खेलाडी/ सम्बद्ध प्रशिक्षक तथा व्यवस्थापकलाई नगद पुरस्कार सहित सम्मान | १.३ र २.१ | २ | २.१ | ९ र १६ | ३ |
| १३ | ९० वर्ष माथिका २७७० जना ज्येष्ठ नागरिकहरूलाई प्रदेश सरकार गठन भई एक वर्ष पूरा भएको उपलक्ष्यमा सम्मान स्वरूप रु. ५,००० को दरले प्रदान | २.२ | २ | २.१ | १६ | ३ |
| १४ | मन्त्रालय परिसरमा अपाङ्गता कक्ष र स्वास्थ्य सहायता कक्ष निर्माण तथा सञ्चालन; नेपाल टेलिभिजन इटहरीबाट साङ्केतिक भाषामा समाचार प्रसारण सुरु | २.१ र २.२ | २ र ३ | २.१ | १० | १ र २ |
| १५ | भद्रपुरमा अपाङ्गता ग्रामको स्थापना, बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाहरूको लागि संस्थागत अनुदान | २.१ र २.२ | ३ | २.२ | १० र १६ | १ र २ |
| १६ | १ राष्ट्रियस्तरको र १४ वटा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता तथा मुख्यमन्त्री कप प्रदेश लिग फुटबल प्रतियोगिता सञ्चालन | २.४ | २ | २.१ | ३ | १ र ३ |
| १७ | १३ जिल्लास्तरीय र १३० पालिकास्तरीय खेलमैदानको स्तरोन्नति | १.३ र २.४ | ३ | १.१ | ३ | १ |
| १८ | कला साहित्य क्षेत्रका विभिन्न विधामा प्रदेशका २६ विशिष्ट व्यक्तिहरूलाई प्रोत्साहन तथा सम्मान, ६ वटा पुरातात्त्विक सम्पदाको खोजीका लागि गुरुयोजना निर्माणका लागि वृत्तचित्र निर्माण | २.२ | २ | २.१ | १६ | ३ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १९ | ५०० भन्दा बढी विभिन्न क्षेत्रका महिला जनप्रतिनिधिको सहभागितामा प्रदेशस्तरीय पहिलो महिला सम्मेलन आयोजना | २.१ | २ | २.१ | ५ | ३ |
| २० | १२ बालगृहको व्यवस्थापन र शैक्षिक सहयोग, मस्तिष्क पक्षाघात शिशु स्याहार केन्द्रलाई शैक्षिक सहायता, ५० दिवा सेवा केन्द्र सञ्चालन, १७ वृद्धाश्रमको स्तरोन्नति तथा व्यवस्थापकीय सुधार, ११ सुस्त मनस्थिति तथा सुस्त श्रवण स्रोत कक्षाको लागि शैक्षिक सहयोग | २.१ र २.२ | २ र ३ | २.२ | १० र १६ | २ |
| २१ | मानसिक रोगीको उद्धार, उपचार तथा पुनर्स्थापनको लागि पुनर्स्थापन केन्द्रलाई सहयोग प्रदान, ९३ जना हेमोफिलियाका बिरामीलाई एन्टिहेमोफिलिक फ्याक्टर व्यवस्थापन | २.१ | २ र ३ | २.२ | ३ | १ |
| २२ | ६० जना क्षमताको दीर्घकालीन पुनर्स्थापना गृह स्थापना गरी सञ्चालन, दमकमा ३० जना क्षमताको अपाङ्गता पुनर्स्थापना केन्द्र स्थापना | २.१ र २.२ | २ र ३ | २.२ | ३ र ५ | १ |
| २३ | सन् २०२५ सम्म प्रदेशलाई बालविवाहमुक्त बनाउन बालविवाह सम्बन्धी प्रादेशिक नीति तयारीका लागि समिति गठन, बालविवाह अन्त्य गर्ने अभियानका साथ बालिका सम्मेलन तथा ५ वटा स्थानीय तहहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न | १.२ र २.२ | २ | २.२ | ३ र ४ | १ र २ |
| २४ | ३४ जना राजनीतिक आन्दोलनका घाइतेहरूका ५२ जना सन्ततिहरूलाई शैक्षिक सहयोग, ११५ जना घरबार विहीन सहयोगापेक्षा सडक मानवहरूको उद्धार तथा व्यवस्थापन | २.२ | २ | २.१ | १० | १ र २ |
| २५ | हिमाली तथा पहाडी ८ जिल्लाका ८ स्थानीय तहमा दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई शैक्षिक सामाग्री, निःशुल्क स्यानिटरी प्याड र पोषणको लागि अनुदान | १.२ र २.१ | २ | २.१ | ३ र १० | १ र २ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| २६ | १५० महिलालाई होमस्टे सम्बन्धी तालिम, ३०० जना महिला तथा लैङ्गिक हिंसा पीडितलाई सीप विकास तालिम | २.१ र २.४ | २ | १.२ | ५ र ८ | ३ |
| २७ | १२ जिल्लाका ३०० जना एकल महिलालाई सीप विकास तालिम प्रदान र सो पश्चात् १२ समूह निर्माण गरी प्रत्येक समूहलाई १० लाखका दरले बिउँ पुँजी अनुदान उपलब्ध गराई व्यवसाय सञ्चालन | १.१ र २.४ | २ | १.२ र २.१ | ५ र ९ | ३ |
| २८ | १५ वटा रोजगारदाता संस्था, २८०० भन्दा बढी बेरोजगार जनशक्तिको सहभागितामा रोजगार मेलाको आयोजना | २.२ | २ | २.१ | ८ | ३ |
| २९ | पिउने पानीको शुद्धीकरणका लागि पानी उत्पादन गर्ने उद्योगहरूको नियमन; झापा, मोरङ, सुनसरीका १०० भन्दा बढी सार्वजनिक शौचालयमा सफाइ अभियान सञ्चालन र मोरङ र सुनसरीमा ३ वटा सार्वजनिक शौचालय निर्माण | ३.२ | ३ | २.२ | ३ | १ |
| ३० | महिला स्वास्थ्य स्वयंसेविकाको लागि प्रत्येक जिल्लास्तरीय महिला स्वास्थ्य स्वयंसेविका कोषको स्थापना | २.१ | २ | २.१ | ३ | ३ |
| ३१ | याङसिला, उदयपुर र विराटनगरमा सर्पदंश केन्द्र स्थापना, इटहरी उ.म.न.पा, बेलका न.पा., थलाहा ब्यारेक, चारआलीमा सर्पदंश केन्द्रको स्तरोन्नति | १.३ | ३ | २.२ | ३ | १ |
| ३२ | प्रदेशका १४ जिल्लामा लागू औषध विरुद्ध सचेतना कार्यक्रम सञ्चालन | २.१ | २ | २.२ | ३ | १ |
| ३३ | आपत्कालिन अवस्थामा स्वास्थ्य सेवा व्यवस्थापनका लागि ४ वटा हब र १२ वटा जिल्ला अस्पताललाई स्याटलाइट अस्पताल तोकी क्षमता अभिवृद्धि; महामारी व्यवस्थापनको लागि प्रदेश, जिल्ला र स्थानीय तहमा द्रुत प्रतिकार्य | १.३ र २.१ | २ र ३ | २.२ | ३ | १ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| | टोली गठन गरिएको र सबै स्वास्थ्य कार्यालयलाई RRT Kit प्रदान | | | | | |
| ३४ | मेची अञ्चल अस्पतालमा भेन्टिलेटर सहित आइ.सी.यु. सेवा, डायलाइसिस युनिट र उदयपुर अस्पतालमा भेन्टिलेटर सहित आइ.सी.यू. सेवा स्थापना गरी सञ्चालन | १.३ | ३ | २.२ | ३ | १ |
| ३५ | प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको स्थापना; कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र विराटनगर, अन्य ४ वटा स्थानमा उपचार केन्द्र, प्रदेश आपत्कालिन स्वास्थ्य तथा महामारी व्यवस्थापन केन्द्र र ४ वटा PCR परीक्षण प्रयोगशाला स्थापना गरी सञ्चालन; १ लाख जनाको PCR र १८,४४० को RDT परीक्षण गरिएको; कोभिड-१९ सम्बन्धी सचेतनामूलक सन्देश सञ्चार माध्यमबाट प्रचार-प्रसार | १.३ र २.२ | २ र ३ | २.२ | ३ र ९ | १ |
| ३६ | स्वस्थ जीवन प्रवर्द्धन अभियान अन्तर्गत २००० जनालाई स्वस्थ जीवन सम्बन्धी अभिमुखीकरण, २५०० भन्दा बढीलाई योगसम्बन्धी तालिम, ५००० जनाको सहभागितामा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अभियान सञ्चालन, सिङ्गीया नदी सरसफाइ अभियान सञ्चालन र मोरङ जिल्लाका सार्वजनिक कार्यालयको वरीपरी सुर्तीजन्य पदार्थको निषेध गर्ने घोषण, ४ वटा आयुर्वेद स्वास्थ्य कार्यालयहरूमा पञ्चकर्म, क्षारसुत्र सेवा सुरु | २.१ | २ | २.२ | ३ | १ |
| ३७ | दुर्गम जिल्लाका ७ वटा स्थानीय तहमा ज्येष्ठ नागरिक दन्त उपचार कार्यक्रम मार्फत ५,००० भन्दा बढीले सेवा लिएको, ज्येष्ठ नागरिक स्वास्थ्य संरक्षण तथा संवर्द्धनका लागि ५,००० जना ज्येष्ठ नागरिकहरूलाई रसायन औषधी तेल वितरण | २.१ | २ | २.१ | ३ | १ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ३८ | नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क खोप, खोप जन्य सामग्री तथा औषधी वितरण | २.१ | २ | २.२ | ३ | १ |
| ३९ | ४ जिल्लामा एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको जसबाट करिब ५,००० सेवाग्राही लाभान्वित | २.१ | २ | २.२ | ३ | १ |
| ४० | इनरुवा अस्पतालमा शल्यक्रियासहितको आकस्मिक प्रसूति सेवा सञ्चालन, ४ जना प्रसूति जटिलता भएका महिलालाई हेलिकोप्टरबाट उद्धार, ३ अस्पतालमा Maternity Waiting Home स्थापना तथा सञ्चालन, ६ वटा अस्पतालमा पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार सेवा सुरु | २.१ | ३ | २.२ | ३ | १ |
| ४१ | सबै जिल्ला अस्पतालमा अत्याधुनिक ल्याब तथा एक्स-रे सेवा सुरु गरिएको, खोटाङ र ओखलढुङ्गा अस्पतालमा पोषण पुनर्स्थापना केन्द्र स्थापना, जिल्ला अस्पताल धनकुटामा अक्सिजन प्लान्ट निर्माण, जिल्ला अस्पताल पाँचथर र संखुवासभामा एस.एन.सी.यु. कक्ष स्थापना; रंगेली, कटारी र दमक अस्पतालमा ल्याब सेवाको स्तरोन्नति; १०० स्वास्थ्य संस्थालाई निर्माण तथा उपकरण खरिदमा सहयोग | २.१ | ३ | २.२ | ३ र ९ | १ |

प्रादेशिक सोचका आधार स्तम्भ मध्ये करिब ७३ प्रतिशत कार्यक्रमले सुखतर्फ तथा २७ प्रतिशत कार्यक्रमले समुन्नति र स्वच्छतातर्फ प्रत्यक्ष योगदान दिएका छन् । प्रदेशको समष्टिगत उद्देश्य अन्तर्गत सामाजिक क्षेत्रमा ७० प्रतिशत र पूर्वाधार क्षेत्रमा ३० प्रतिशत केन्द्रित भएको देखिन्छ । दीर्घकालीन राष्ट्रिय लक्ष्य अनुसार विश्लेषण गर्दा प्रादेशिक आधार स्तम्भ अनुरूप नै ७३ प्रतिशत कार्यक्रम सुखमा र बाँकी समृद्धितर्फ केन्द्रित रहेका छन् । दिगो विकास लक्ष्यका प्रमुख ४ वटा लक्ष्य (३-स्वस्थ जीवन, ४-गुणस्तरीय शिक्षा, ५-लैङ्गिक समानता र १०-असमानता न्यूनीकरण) सामाजिक विकास मन्त्रालयसँग प्रत्यक्ष सम्बन्ध तथा सरोकार राख्ने लक्ष्य हुन् । सामाजिक विकास मन्त्रालयको कार्य सम्बद्धता पनि विशेषतः शिक्षा र स्वास्थ्य क्षेत्र नै रहेको छ । सन् २०३० सम्म प्रदेशका सबैले गुणस्तरीय शिक्षा र

स्वास्थ्य जीवन प्राप्त गर्न सकुन भन्ने अभियानमा सामाजिक विकास मन्त्रालय निरन्तर प्रयासरत देखिन्छ । प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले यस अभियानमा मार्गनिर्देशन गर्दै आ.व. २०८०/८१ मा कुल साक्षरता दर ९९ प्रतिशत र अपेक्षित आयु (जन्म हुँदाको बखत) ७३.१० पुऱ्याउने लक्ष्य लिएको छ । सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक ४१ योजनाको साङ्केतीकरणबाट दिगो विकास लक्ष्यका १६ मध्ये ८ वटा लक्ष्यमा योगदान पुऱ्याएको छ । लक्ष्य ३ स्वस्थ जीवनमा सबैभन्दा धेरै (१९ वटा) र शिक्षामा ९ वटा कार्यक्रम केन्द्रित रहेका छन् ।

आ.व. २०८०/८१ सम्ममा ०.६०० पुऱ्याउने लक्ष्य लिइएको मानव विकास सूचकाङ्कका ३ आयाममध्ये स्वास्थ्यमा २२, शिक्षामा १५ र जीवनस्तरमा १० कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएका छन् । समग्रमा यी प्रतिनिधिमूलक योजनालाई विश्लेषण गर्दा सामाजिक मन्त्रालयसँग प्रत्यक्ष सरोकार राख्ने दिगो विकास लक्ष्यका सूचक, मानव विकास सूचकाङ्कको आयाम (स्वास्थ्य र शिक्षा), प्रादेशिक सोचका आधार स्तम्भ र प्रदेशको समष्टिगत उद्देश्य राम्रोसँग समेटिएको देखिन्छ ।

### *३.१०.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

सामाजिक विकास मन्त्रालयको उच्च प्राथमिकता प्राप्त १९ आयोजना मध्ये शिक्षा क्षेत्रमा ६, स्वास्थ्य क्षेत्रमा ७, सामाजिक विकास तर्फ ५ र खेलकुदतर्फ १ रहेको तथ्य तालिका ३.२० ले स्पष्ट पारेको छ । शिक्षातर्फ प्रादेशिक विश्वविद्यालय २ वटा स्थापना गर्ने लक्ष्यमा १ वटा स्थापना भई ५० प्रतिशत, १४ वटा प्राविधिक शिक्षालय विस्तार गर्ने लक्ष्य रहेकोमा १२ वटा विस्तार भई ८५.७१ प्रतिशत भौतिक प्रगति हासिल भइसकेको छ । यसैगरी स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रममा ५१.०९ प्रतिशत, आयुर्वेदिक औषधी उत्पादन तथा प्रशोधन केन्द्र निर्माणमा ३३.३३ प्रतिशत, अस्पताल सेवा सुदृढीकरण तथा विस्तारमा ३० प्रतिशत, सीप विकास तालिम (रोजगारमूलक तथा स्वरोजगार) मा ३०.३३ प्रतिशत, ज्येष्ठ नागरिक ग्राम स्थापना तथा सञ्चालनमा २५ प्रतिशत, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा १९.७१ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । अन्य केही आयोजनाको न्यून प्रगति रहेको र सालबसाली रूपमा निरन्तर रहेका कार्यक्रमको प्रगति शत प्रतिशत देखिएको छ ।

*तालिका ३.२०: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| १ | विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार अभियान (स्मार्ट कक्षा व्यवस्थापन, सूचना सञ्चार प्रविधि प्रयोगशाला निर्माण) | विद्यालय सङ्ख्या | ५०० | ७५०००० | २१२ | २५०००० | ३३ |
| २ | प्राविधिक शिक्षालय विस्तार | वटा | १४ | N/A | १२ | ४०००० | ८५.७१ |
| ३ | प्रादेशिक विश्वविद्यालय स्थापना | वटा | २ | N/A | १ | १२५०० | ५० |
| ४ | खेलकुद पूर्वाधार विकास | वटा | १३७ | N/A | १३७ निरन्तर | ६००००० | १०० |
| ५ | विशेष बालबालिकाका लागि अध्ययन गर्न पूर्वाधारयुक्त आवासीय विद्यालय निर्माण | वटा | ३ | ६०००० | ० | १०००० | १६.६७ |
| ६ | प्रदेशस्तरीय आवासीय विद्यालय स्थापना | वटा | १ | १००००० | N/A | ० | ०.०० |
| ७ | ज्येष्ठ नागरिक ग्राम स्थापना तथा सञ्चालन | वटा | १ | १००००० | 0 | २५००० | २५ |
| ८ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | स्थानीय तह | १३७ | ६१८०९५ | 27 | १०००० | १९.७१ |
| ९ | बाल विवाह विरुद्ध अभियान कार्यक्रम | स्थानीय तह | १३७ | ५००० | ५ | १००० | ३.६५ |
| १० | एकल महिलाको लागि सीप विकास तालिम तथा व्यवसाय (उद्यम) सञ्चालन अनुदान | समूह सङ्ख्या | ७० | १०५००० | १२ | १८००० | १७.१४ |
| ११ | सीप विकास तालिम (रोजगारमूलक तथा स्वरोजगार) | जना | ३०००० | N/A | ९१०० | १४०००० | ३०.३३ |

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| १२ | अस्पताल सेवा सुदृढीकरण तथा बिस्तार | सङ्ख्या | १३ | १०००००००० | १३ | ३००००००० | ३० |
| १३ | आयुर्वेद स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण | सङ्ख्या | १४ | १०००००० | ४ | १००००० | २८.५७ |
| १४ | आयुर्वेदिक औषधि उत्पादन तथा प्रशोधन केन्द्र निर्माण | वटा | ३ | ५००००० | १ | २०००० | ३३.३३ |
| १५ | विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन | विद्यालय सङ्ख्या | १३७ | १००००० | ७० | ५०००० | ५१.०९ |
| १६ | स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम | स्थानीय तह | १३७ | १०००००० | ५० | १७२०० | ३६.५० |
| १७ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्थापना, सञ्चालन तथा सेवा विस्तार | सङ्ख्या | १ | ४००००० | १ | ८०००० | १०० |
| १८ | महामारीजन्य तथा सरुवा रोग नियन्त्रण, खोजपडताल र उपचार | सङ्ख्या | | १५००००० | | १००००० | ६.६७ |
| १९ | परिवार कल्याण सेवाको निरन्तरता | जिल्ला | १४ | ३०००००० | १४ | १५००००० | १०० |
| २० | पथरी-शनिश्चरेमा बहुसांस्कृतिक ग्राम निर्माण | वटा | १ | १००००० | | | |

### ३.१०.५ सुधार गर्नुपर्ने पक्ष

क. शिक्षालाई समय सापेक्ष, जीवनोपयोगी, सीपमूलक र रोजगारमूलक बनाउन प्राविधिक शिक्षा केन्द्रको स्थापना तथा विस्तार गर्नुपर्ने र माध्यमिक तहबाट नै अनुसन्धान तथा प्रयोगात्मक शिक्षामा विद्यार्थीलाई संलग्न गराउनु पर्ने ।

ख. प्रदेशका सबै क्षेत्रमा प्रविधिको प्रयोगबाट पठनपाठन हुने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्दै डिजिटल साक्षरता कक्षा सञ्चालन गर्नुपर्ने ।

ग. विद्यालय नर्सिङ सेवालाई प्रदेशका सबै माध्यमिक विद्यालयमा सञ्चालन गर्नुपर्ने ।

घ. निरोधात्मक उपचारलाई प्रोत्साहन गर्नुपर्ने ।

ङ. वैकल्पिक उपचार पद्धतिलाई आधुनिक उपचार केन्द्रमा नै एकीकृत गरिनु पर्ने ।

च. रणनीतिक ठाउँमा अत्याधुनिक प्रविधि, उपकरण तथा दक्ष जनशक्ति सहितको विशिष्टिकृत अस्पतालको निर्माण गरिनु पर्ने ।

छ. बहुक्षेत्रीय पोषणको कार्यक्रमलाई थप प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनु पर्ने ।

ज. लैङ्गिक उत्तरदायी बजेट विनियोजनको वृद्धि गरिनु पर्ने, मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित आवश्यक क्षेत्रका जिल्ला स्थित कार्यालयको स्थापना गरी कार्यक्रम कार्यान्वयन द्रुतगतिमा गर्नु पर्ने ।

झ. लैङ्गिक हिंसा सम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्नुपर्ने।

ञ. वञ्चितीकरणमा परेका समुदाय/ वर्गलाई समावेशीकरणको माध्यमबाट स्रोत, साधन, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गरिनु पर्ने ।

ट. आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक ऐन, कानुनको तर्जुमा गरी वार्षिक बजेटलाई तोकिएको समयमा नियमसङ्गत तरिकाले कार्यान्वयन गर्नुपर्ने ।

## ३.११ प्रदेश योजना आयोग


### *३.११.१ संवैधानिक तथा कानुनी व्यवस्था*

सङ्घीयता कार्यान्वयन भए पश्चात् हरेक प्रदेशमा प्रदेश योजना आयोगको व्यवस्था हुनुपर्ने अपरिहार्यता भएकोले प्रदेश नं. १ को समग्र विकासका लागि योजना तथा नीति तर्जुमामा प्रदेश सरकारलाई सुझाव सल्लाह दिने निकायका रूपमा गठन तथा कार्य सञ्चालन आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको स्थापना भएको हो । स्थापना भएसँगै आयोगले प्रदेशको योजनाबद्ध विकासका लागि प्रथम आवधिक योजना, मध्यमकालीन खर्च संरचना, प्रदेश पार्श्वचित्र, वार्षिक विकास कार्यक्रम तथा परियोजना बैङ्क जस्ता महत्त्वपूर्ण दस्तावेजहरू तयार गर्न सफल भएको छ ।

### *३.११.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

कोभिड-१९ को व्यापक प्रभावको कारण आ.व. २०७६/७७ मा आयोगको ३२.६६ प्रतिशत मात्र बजेट खर्च भएको कुरा चित्र ३.११ मा प्रस्तुत छ भने आ.व. २०७५/७६ मा ५५.०३ प्रतिशत बजेट खर्च भएको थियो । स्थापना भएपछि आयोगको लागि हालसम्म रु. १३ करोड ३८ लाख बजेट विनियोजन भएकोमा कुल मध्यावधि औसत खर्च भने ४२.८७ प्रतिशत रहेको छ ।

*चित्र ३.११: बजेट खर्च तथा उपलब्धि प्रतिशत*



### ३.११.३ विभिन्न विकास सम्बद्ध सूचकहरूमा योगदान

प्रदेश योजना आयोगको प्रमुख जिम्मेवारी प्रदेशको समग्र विकासका लागि योजना तर्जुमा, आयोजनाको अनुगमन तथा मूल्याङ्कन र विकास सम्बद्ध अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्नु रहेको छ । यसैको आधारमा आयोगबाट सम्पादित प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यका सङ्केत, मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.२१ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.२१: सम्पन्न प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ को प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा भएको | २.३ | ५ | २.४ | १६ | २ |
| २ | प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९) र (२०७७/७८-२०७९/८०) तर्जुमा भएको | २.३ | ५ | २.४ | १६ | २ |
| ३ | प्रदेश नं. १ को समग्र वस्तुस्थिति समेट्ने गरी प्रदेश पार्श्वचित्र तयार भएको | २.१ | ५ | २.१ | १६ | २ |
| ४ | वार्षिक विकास कार्यक्रम (२०७७/७८) तर्जुमा गरिएको | १.४ | ५ | १.३ | १६ | २ |
| ५ | पाँचथर र ताप्लेजुङ जिल्लामा बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन भएको | २.१ | २ | २.१ | ३ | १ |
| ६ | प्रदेशका विभिन्न स्थानहरूमा अवलोकन भ्रमण भएको | २.१ | ५ | २.१ | १६ | २ |
| ७ | सम्बद्ध पक्षहरूसँग विकास सम्बन्धमा छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको | २.१ | ५ | २.१ | १६ | २ |
| ८ | कर्मचारी सीप विकास तालिम सञ्चालन भएको | १.२ | ५ | १.२ | १६ | २ |

यस आयोगबाट सम्पन्न ८ वटा प्रतिनिधिमूलक कार्यक्रमको साङ्केतीकरणबाट प्रादेशिक सोचका आधार स्तम्भमध्ये समुन्नतितर्फ २ वटा तथा सुखतर्फ ६ वटा कार्यक्रम लक्षित रहेका छन् । प्रदेशको समष्टिगत उद्देश्यको आधारमा सामाजिक क्षेत्रतर्फ १ वटा र ७ वटा कार्यक्रमले सुशासन क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याएको देखिन्छ । यसैगरी दीर्घकालीन राष्ट्रिय लक्ष्य अनुरूप विश्लेषण गर्दा ६ वटा कार्यक्रम सुखतर्फ

र २ वटा कार्यक्रम समृद्धितर्फ लक्षित रहेका छन् । दिगो विकास लक्ष्यका १६ लक्ष्यमध्ये अधिकतम कार्यक्रम (६ वटा) लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था) र लक्ष्य ३ (स्वस्थ जीवन) तर्फ १ वटा कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएको देखिन्छ । मानव विकास सूचकाङ्कको आयामको आधारमा अधिकतम (७ वटा) शिक्षातर्फ र स्वास्थ्यतर्फ १ वटा कार्यक्रमले प्रत्यक्ष योगदान दिएको देखिन्छ ।

### *३.११.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

प्रदेश योजना आयोगको प्रमुख जिम्मेवारीका रूपमा रहेका प्रदेश पार्श्वचित्र (Profile) तयारी, आवधिक योजना तर्जुमा, मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा तथा वार्षिक विकास कार्यक्रम तर्जुमा कार्य आयोगले सम्पन्न गरेको छ । यसका साथै आयोगको प्रमुख प्राथमिकताकै रूपमा रहेको दिगो विकास लक्ष्य २०३० को स्थानीयकरण गर्ने तथा परियोजना बैङ्क तर्जुमा गर्ने कार्य पनि अगाडि बढाई सकेको छ । प्रदेश योजना आयोगको उच्च प्राथमिकता प्राप्त कामहरूको प्रगति विवरण तल तालिका ३.२२ मा दिइएको छ ।

*तालिका ३.२२: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | |
| १ | दिगो विकास लक्ष्य स्थानीयकरण | सङ्ख्या | १ | २४०० | - | - | - |
| २ | परियोजना बैङ्क स्थापना | सङ्ख्या | १ | ३०० | - | - | - |
| ३ | वार्षिक विकास कार्यक्रम तर्जुमा | सङ्ख्या | ५ | ३०० | १ | - | - |
| ४ | आवधिक योजना परिमार्जन | सङ्ख्या | १ | ३०० | - | - | - |
| ५ | योजना, बजेट तथा कार्यक्रम तर्जुमा र मध्यमकालीन खर्च संरचना (MTEF) सम्बन्धी कार्यशाला | सङ्ख्या | २ | ६०० | - | - | - |
| ६ | बहुक्षेत्रीय पोषण | सङ्ख्या | ३ | ७०० | १ | ५०० | - |

### *३.११.५ सुधार गर्नुपर्ने पक्ष*

क. प्रदेशको तथ्याङ्कलाई आधुनिक सूचना प्रविधिको उपयोग मार्फत व्यवस्थित गर्नुपर्ने ।

ख. विकासका विविध क्षेत्रहरूमा अध्ययन, अनुसन्धान तथा अन्वेषणका कामहरू अगाडी बढाउनुपर्ने।

ग. प्रदेश सरकारद्वारा सञ्चालित महत्त्वपूर्ण आयोजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन प्रणाली विकास गरी सोको कार्यान्वयन गर्नुपर्ने ।

घ. योजनाबद्ध विकासका लागि तत्कालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनाहरू तर्जुमा गर्नुपर्ने।

ङ. दिगो विकास लक्ष्यलाई प्रदेशको वस्तुस्थिति सुहाउँदो बनाउन अध्ययन अनुसन्धान कार्य अगाडी बढाउनुपर्ने ।

च. आवधिक योजना तर्जुमाका लागि स्थानीय तहलाई आवश्यक सहजीकरण गर्नुपर्ने ।

छ. आयोजनाको व्यवस्थित तथा प्रभावकारिताका लागि आयोजना बैङ्कको स्थापना गर्नुपर्ने ।

ज. बहुसीपयुक्त जनशक्तिको विकास गर्ने तथा विषयगत विज्ञ कर्मचारीहरूको तत्काल व्यवस्थापन हुनुपर्ने ।

## ३.१२ प्रदेश लेखा नियन्त्रक कार्यालय

### *३.१२.१ संवैधानिक तथा कानुनी व्यवस्था*


नेपालको संविधान, २०७२ ले विभिन्न क्षेत्र समेटी केही क्षेत्र प्रदेशको एकल अधिकार तथा केही क्षेत्र सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ भने केही क्षेत्र सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको साझा अधिकार सूचीमा समेटिएको छ । प्रदेश सरकारको सञ्चित कोष सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकायको रूपमा रहेको यस कार्यालयले प्रदेश सरकार मातहतका सबै सरकारी कारोबारको एकीकृत वित्तीय विवरण तयारीका साथै वित्तीय अनुशासनका लागि आन्तरिक लेखा परीक्षण गर्ने जिम्मेवारी पाएको छ ।सो अनुरूप प्रदेशमा वित्तीय अनुशासन कायम गर्नका लागि देहाय बमोजिमका निर्देशिका, मार्गदर्शन/ जर्नल प्रकाशन गरेको छ ।

- आन्तरिक लेखा परीक्षण निर्देशिका, २०७६
- आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन, २०७६
- वित्तीय उत्तरदायित्व र सुशासन सम्बन्धी जर्नल
- वित्तीय उत्तरदायित्व दर्पण
- आर्थिक प्रशासनमा काम गर्ने प्रत्येक पदको कार्य विवरण, २०७६

### *३.१२.२ बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति*

मिति २०७५ साल वैशाख ९ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ श्रावण १२ गतेबाट छुट्टै कार्यालयको रूपमा स्थापना भएको यस कार्यालयबाट आ.व. २०७५/७६ मा ७२.३१ प्रतिशत वित्तीय प्रगति हासिल भएको र आ.व. २०७६/७७ मा ६८.०८ प्रगति हासिल गरी हालसम्म कुल मध्यावधि औसत ७०.१७ प्रतिशत बजेट खर्च गरी मन्त्रालयले सन्तोषजनक उपलब्धि हासिल गरेको छ।

*चित्र ३.१२: बजेट खर्च तथा उपलब्धि प्रतिशत*




### *३.१२.३ विभिन्न विकास सम्बद्ध सूचकहरूमा योगदान*

आर्थिक प्रशासन सम्बन्धमा आवश्यकता अनुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने र वार्षिक वित्तीय विवरण तयार गर्ने यस कार्यालयबाट सम्पादित प्रतिनिधिमूलक कार्यक्रमलाई प्रादेशिक सोचको आधार स्तम्भ, प्रदेशको समष्टिगत उद्देश्य, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य सङ्केत र मानव विकास सूचकाङ्क (आयाम) का आधारमा तालिका ३.२३ मा साङ्केतीकरण गरिएको छ ।

*तालिका ३.२३: सम्पन्न भएका प्रतिनिधिमूलक योजना तथा साङ्केतीकरण*

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय अनुशासनका लगि निर्देशिका, मार्गदर्शन, दर्पण प्रकाशन | २.३ | १ | २.४ | १६ | २ |
| २ | आ.व. २०७५/ ७६ को आन्तरिक लेखा परीक्षण गरी एकीकृत प्रतिवेदन तयार | २.३ | १ | २.४ | १६ | २ |

| क्र.सं. | सम्पन्न भएका मुख्य प्रतिनिधिमूलक योजना/ कार्यक्रम | प्रादेशिक सोचको आधार स्तम्भ | प्रदेशको समष्टिगत उद्देश्य | दीर्घकालीन राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्य | मानव विकास सूचकाङ्क-आयाम |
|---|---|---|---|---|---|---|
| ३ | ५ जिल्लामा प्रदेश लेखा इकाइ कार्यालय स्थापना | १.३ | १ | १.३ | १६ | ३ |
| ४ | प्रदेश सरकारको सञ्चित कोषको अद्यावधिक अवस्था सार्वजनिक | २.३ | १ | २.४ | १६ | ३ |
| ५ | प्रदेश सरकारबाट अन्तर्गतका स्थानीय निकायहरूमा वित्त हस्तान्तरण आवधिक रूपमा गरी प्रदेश र स्थानीय तहका बीचमा वित्तीय सम्बन्ध कायम | १.३ | १ | १.१ | १७ | ३ |

यस कार्यालयबाट सम्पन्न भएका ५ प्रतिनिधिमूलक योजनाको साङ्केतीकरणबाट प्रादेशिक सोचको आधार स्तम्भमध्ये समुन्नतितर्फ २ वटा र सुखतर्फ ३ वटा कार्यक्रमले योगदान दिएको देखिन्छ । प्रदेशको समष्टिगत उद्देश्य अनुसार ५ वटै कार्यक्रम आर्थिक क्षेत्रतर्फ लक्षित रहेका छन् । दीर्घकालीन राष्ट्रिय लक्ष्य अनुसार विश्लेषण गर्दा समृद्धितर्फ २ वटा र सुखतर्फ ३ वटा कार्यक्रमले प्रत्यक्ष योगदान पुऱ्याएका छन् । दिगो विकासका १६ लक्ष्य मध्ये २ लक्ष्य (लक्ष्य १६-शान्ति, न्याय र सबल संस्था; लक्ष्य १७-दिगो विकासका लागि साझेदारी) तथा मानव विकास सूचकाङ्कका ३ आयाममध्ये शिक्षामा २ र आम्दानीमा ३ कार्यक्रमले प्रत्यक्ष  योगदान दिएको छ ।

### *३.१२.४ उच्च प्राथमिकता प्राप्त आयोजना*

प्रदेश सरकारको मध्यावधिसम्म यस कार्यालयको कुनै पनि उच्च प्राथमिकता प्राप्त आयोजना सम्पन्न नभएको अवस्था छ ।

*तालिका ३.२४: उच्च प्राथमिकता प्राप्त आयोजनाको विवरण*

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | एकाइ | ५ वर्षे लक्ष्य | | हालसम्मको प्रगति | | सुरुवात मिति | सम्पन्न हुने मिति | गत २८ महिनाको उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | बजेट | भौतिक परिमाण | बजेट खर्च | | | |
| | नभएको | | | | | | | | |

### *३.१२.५ सुधार गर्नु पर्ने पक्ष*

क. सङ्घको समन्वयमा PFM (Public Financial Management) सँग सम्बन्धित सूचना प्रणाली पहुँच, क्षमता अभिवृद्धि गर्ने ।

ख. लेखा समूहको जनशक्ति पदपूर्ति तथा क्षमता विकास गर्ने ।

ग. प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन/ नियम सङ्घीय कानुन अनुसार संशोधन गर्ने ।

घ. उत्तरदायी तथा प्रतिबद्ध लेखा प्रणालीको कार्यान्वयन गर्ने ।

***

प्रदेश सरकार

# मध्यावधि समीक्षा

(२०७४/७५ - २०७६/७७)

प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश योजना आयोग, विराटनगर, नेपाल
फोन नम्बर : ०२१-४७०३७६
इमेल ठेगाना : ppc.prov1@gmail.com
वेव साइट : http://ppc.p1.gov.np